# नेपाल धितोपत्र बोर्ड

# आर्थिक वर्ष २०७५।७६ को वार्षिक प्रतिवेदन

२०७६

# नेपाल धितोपत्र बोर्ड

## आर्थिक वर्ष २०७५।७६ को
## वार्षिक प्रतिवेदन

२०७६

# नेपाल धितोपत्र बोर्ड

## सञ्चालक बोर्ड

(२०७६ माघ १० गतेसम्म)



**श्री भिष्मराज ढुङ्गाना**
अध्यक्ष
नेपाल धितोपत्र बोर्ड



**श्री यज्ञ प्रसाद ढुंगेल**
सदस्य
सह–सचिव
नेपाल सरकार
अर्थ मन्त्रालय



**श्री निर्मला अधिकारी भट्टराई**
सदस्य
सह–सचिव
नेपाल सरकार
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय



**डा. गुणाकर भट्ट**
सदस्य
कार्यकारी निर्देशक
नेपाल राष्ट्र बैंक



**श्री मदन कृष्ण शर्मा**
सदस्य
उपाध्यक्ष
नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्था



**श्री शेखर गोल्छा**
सदस्य
वरिष्ठ उपाध्यक्ष
नेपाल उद्योग बाणिज्य महासंघ



**श्री अशोक कुमार पौडेल**
विज्ञ सदस्य
नेपाल सरकारबाट मनोनित

# नेपाल धितोपत्र बोर्ड

## सञ्चालक बोर्ड

## (२०७५ असार मसान्तसम्म)



**डा. रेवत बहादुर कार्की**
अध्यक्ष
नेपाल धितोपत्र बोर्ड



**श्री हरि शरण पुडासैनी**
सदस्य
सह–सचिव
नेपाल सरकार
अर्थ मन्त्रालय



**श्री निर्मला अधिकारी भट्टराई**
सदस्य
सह–सचिव
नेपाल सरकार
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय



**डा. गुणाकर भट्ट**
सदस्य
कार्यकारी निर्देशक
नेपाल राष्ट्र बैंक



**श्री कृष्ण प्रसाद आचार्य**
सदस्य
उपाध्यक्ष
नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्था



**श्री शेखर गोल्छा**
सदस्य
वरिष्ठ उपाध्यक्ष
नेपाल उद्योग बाणिज्य महासंघ

**श्री**
विज्ञ सदस्य

# नेपाल धितोपत्र बोर्ड

## उच्च व्यवस्थापन समूह



**श्री भिष्मराज ढुङ्गाना**
अध्यक्ष



**श्री परीष्टनाथ पौड्याल**
कार्यकारी निर्देशक



**श्री निरज गिरी**
कार्यकारी निर्देशक



**श्री मुक्तिनाथ श्रेष्ठ**
उप कार्यकारी निर्देशक



**श्री विनयदेव आचार्य**
उप कार्यकारी निर्देशक



**डा.नवराज अधिकारी**
उप कार्यकारी निर्देशक



**श्री कृष्ण राज पोखरेल**
उप कार्यकारी निर्देशक



**श्री रुपेश के.सी**
उप कार्यकारी निर्देशक



**श्री दीपा दाहाल**
उप कार्यकारी निर्देशक

# नेपाल धितोपत्र बोर्ड

## अध्यक्षको मन्तव्य

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २६ मा भएको व्यवस्था अनुसार आर्थिक वर्ष २०७५।७६ को नेपाल धितोपत्र बोर्डको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ। यस वार्षिक प्रतिवेदनमा विश्व तथा नेपालको आर्थिक स्थिति र धितोपत्र बजारको स्थिति, धितोपत्र व्यवसायी तथा सूचीकृत संगठित संस्थाहरुको गतिविधिहरु र बोर्डको धितोपत्र बजार विकास तथा सुधारका पहल, कामकारवाहीहरु तथा वित्तीय स्थितिको समीक्षा गरिएको छ।

मुलुकको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार विकासका अधिकांश परिसूचकहरु सन्तोषजनक रहेका छन्। साथै राजनीतिक स्थायित्व कायम भएसँगै लगानीको वातावरणमा आएको सुधार, विद्युतको नियमित उपलब्धता तथा प्रदेश र स्थानीय तहबाट पनि विकासका गतिविधिहरु सक्रियतापूर्वक अगाडि बढाइएका कारणले समेत देश आर्थिक वृद्धिको मार्गमा अघि बढेको देखिन्छ। उच्च आर्थिक वृद्धिको लागि अर्थतन्त्रका सबै क्षेत्रमा बचत अभिवृद्धि गरी बढ्दो लगानीको माग पुरा गर्नुपर्ने आवश्यकता देखिएको छ। आर्थिक वर्ष २०७५।७६ मा धितोपत्रको प्राथमिक बजारतर्फ ऋणपत्र तथा सामूहिक लगानी योजना निष्काशनमा उल्लेखनीय वृद्धि भएको छ भने हकप्रद सेयर निष्काशनमा कमी आएको छ। धितोपत्रको दोस्रो बजारमा सूचीकृत कम्पनीको संख्या, बजार पुँजीकरण, नेप्से सूचकांक आदिमा भने वृद्धि आएको देखिन्छ।

समीक्षा वर्ष २०७५।७६ मा प्राइभेट इक्वीटी फण्ड, भेन्चर क्यापिटल फण्ड, हेज फण्ड जस्ता वैकल्पिक लगानी कोषलाई प्रोत्साहन गर्न विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ लागू गरिएको, जनताको जलविद्युत कार्यक्रमको लागि बिशेष कानुनी व्यवस्था, एक नेपाली एक डिम्याट खाता अभियानको शुरुवात, आयोजना प्रभावित स्थानीय व्यक्तिलाई पनि आस्वा प्रणालीमार्फत् आवेदन दिने व्यवस्था, नियमित लगानीकर्ता प्रशिक्षण कार्यक्रम तथा लगानीकर्ता सचेतना सम्बन्धी रेडियो कार्यक्रमहरुको आरम्भ, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी गतिविधिमा वित्तीय लगानी निवारणसम्बन्धी निर्देशन, २०७६ जारी, धितोपत्रको मार्जिन कारोबारसम्बन्धी व्यवस्था, खुलामुखी सामूहिक लगानी योजनाको शुरुवात, Organisation for Economic Co-operation and Development (OECD) सँगको सहकार्यमा वित्तीय साक्षरता सम्बन्धी प्रथम अन्तर्राष्ट्रिय सम्मेलन, प्रदेश नं. १ मा प्रथम प्रादेशिक पुँजी बजार प्रदर्शनी लगायतका महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् भने वस्तु विनिमय बजार सञ्चालनका लागि अनुमति दिने क्रममा रहेको छ। नेपालको धितोपत्र बजार हालका वर्षहरुमा संरचनात्मक परिवर्तनका कारण आधुनिक हुँदै गइरहेको छ। यद्यपि बजारलाई अझ स्वस्थ, पारदर्शी, भरपर्दो, प्रतिस्पर्धी एवं लगानीकर्तामैत्री बनाई स्थिरता प्रदान गर्नुपर्ने अवस्था रहेको छ।

अन्त्यमा, नेपाल सरकार, अर्थ मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका साथै अन्य सरोकारवाला निकाय तथा सम्पूर्ण बजार सहभागीहरुलाई धितोपत्र बजार विकासका लागि आ-आफ्नो क्षेत्रबाट पुर्‍याउनु भएको योगदान तथा सहयोगको लागि धन्यवाद दिन चाहन्छु। यसैबीच नेपाल सरकारले मिति २०७६।०९।२१ को निर्णयानुसार मलाई यस बोर्डको अध्यक्षमा नियुक्त गरेकोमा नेपाल सरकारप्रति कृतज्ञता प्रकट गर्दछु।

यस्तै, नेपालको धितोपत्र बजारलाई अन्तर्राष्ट्रिय मान्यता प्रदान गरी अन्तर्राष्ट्रिय मापदण्डको धितोपत्र बजार बनाउन सहयोग गरिरहेको International Organisation of Secarities Commissions (IOSCO) तथा बोर्डका अन्य अन्तर्राष्ट्रिय सम्बन्ध भएका संस्थाहरुबाट बोर्डलाई प्राप्त सहयोगका लागि समेत कृतज्ञता व्यक्त गर्दछु। साथै, बजार सुधार तथा विकास कार्यलाई अगाडि बढाउनमा संचालक समितिका सदस्यज्यूहरुले पुर्‍याउनु भएको रचनात्मक योगदानप्रति आभार व्यक्त गर्दै बजार विकास तथा सुधारमा प्रतिबद्ध बोर्डका सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

माघ १०, २०७६

**श्री भिष्मराज ढुंगाना**
अध्यक्ष

# विषय-सूची

## भाग १
## संक्षिप्त आर्थिक अवस्था


१.१ विश्व आर्थिक स्थिति १

१.२ नेपालको समष्टिगत आर्थिक अवस्था २


## भाग २
## धितोपत्र बजारको स्थिति


२.१ विश्व धितोपत्र बजार ६

२.२ नेपालको धितोपत्र बजार ८

२.२.१ प्राथमिक बजार ९

प्राथमिक बजारमार्फत् क्षेत्रगत पुँजी परिचालन १०

धितोपत्र दर्ता तथा विवरणपत्र स्वीकृति १२

साधारण सेयर निष्काशन अनुमति १२

हकप्रद सेयर दर्ता तथा निष्काशन १२

ऋणपत्र दर्ता तथा निष्काशन १३

बोनस सेयर दर्ता १३

सामूहिक लगानी योजना दर्ता तथा निष्काशन १३

२.२.२ धितोपत्रको दोस्रो बजार १४

२.२.२.१ धितोपत्रको दोस्रो बजारका परिसूचकहरु १५

धितोपत्रको कारोबार १५

बजार पुँजीकरण १६

नेप्से सूचकांक १७

फ्लोट सूचकांक १७

सूचीकृत संगठित संस्था १८

धितोपत्र सूचीकरण १८

सूचीकृत धितोपत्रको चुक्ता मूल्य १८

२.२.२.२ ऋणपत्र बजार १९

२.२.२.३ ओटिसी बजार १९

२.२.३ धितोपत्र बजार विकास तथा सुधारका पहलहरु १९

कानुनी संरचनाको विकास तथा सुदृढीकरण २०

बजार पूर्वाधारहरुमा सुधार तथा विकास २०

बजार सुपरिवेक्षण व्यवस्थामा सुधार २२

बजार सहभागीहरुको व्यवसायिकता तथा स्तर अभिवृद्धि २३

अध्ययन तथा अनुसन्धान २३

प्रशिक्षण तथा जनचेतना अभिवृद्धि २४

छलफल, अन्तरक्रिया तथा सम्मेलन २५

२.२.४ धितोपत्रको केन्द्रीय निक्षेप सेवा २६

२.२.५ क्रेडिट रेटिङ्ग सेवा २७

२.३ धितोपत्र बजार सम्बन्धी नीति तथा कार्यक्रम २७

२.४ वस्तु विनिमय बजार २८

## भाग ३

## बोर्डको प्रशासनिक तथा वित्तीय अवस्था


३.१ बोर्डको स्थापना २९

३.२ बोर्डको काम, कर्तव्य र अधिकारहरु २९

३.३ सञ्चालक बोर्ड ३०

३.४ संगठन संरचना तथा जनशक्ति व्यवस्थापन ३१

३.५ समितिहरु ३२

३.५.१ कानुन तथा प्रवलीकरण समिति ३२

३.५.२ वित्तीय प्रशासन तथा सूचना विश्लेषण समिति ३२

३.५.३ लेखापरीक्षण समिति ३२

३.६ बोर्डको वित्तीय अवस्था ३३

३.७ अन्तर्राष्ट्रिय सम्बन्ध ३३


## भाग ४

## बोर्डका कामकारवाहीहरु


४.१ अनुमतिपत्र प्रदान तथा नवीकरण ३५

४.१.१ नेपाल स्टक एक्सचेन्ज लिमिटेडको अनुमतिपत्र नवीकरण ३५

४.१.२ केन्द्रीय निक्षेप कम्पनीको अनुमतिपत्र नवीकरण ३५

४.१.३ मर्चेन्ट बैंकरको अनुमतिपत्र प्रदान र नवीकरण ३५

४.१.४ धितोपत्र दलाल व्यवसायीहरुको अनुमतिपत्र नवीकरण ३५

४.१.५ निक्षेप सदस्य दर्ता तथा प्रमाणपत्र नवीकरण ३६

४.१.६ क्रेडिट रेटिङ्ग कम्पनीको अनुमतिपत्र प्रदान तथा नवीकरण ३६

४.१.७ योजना व्यवस्थापक तथा डिपोजिटरीको अनुमतिपत्र नवीकरण ३६

४.१.८ आस्वा सदस्यको अनुमतिपत्र नवीकरण ३६

४.२ कानुनी व्यवस्था, कानुन प्रवलीकरण तथा राय सुझाव ३६

४.२.१ कानुनी व्यवस्था ३७

४.२.२ कानुन प्रवलीकरण ३७

४.२.३ राय सुझाव ३८

४.३ सुपरिवेक्षण तथा अनुगमन ३८

४.३.१ धितोपत्र बजारको सुपरिवेक्षण ३८

४.३.२ प्राथमिक निष्काशनको अनुगमन ३८

४.३.३ धितोपत्रको दोस्रो बजार कारोवारको अनुगमन ३९

४.३.४ धितोपत्र बजार सहभागीहरुको विवरण प्रवाहको अनुगमन ३९

४.४ लगानीकर्ता प्रशिक्षण तथा तालिम कार्यक्रम ४१

४.५ छलफल तथा अन्तरक्रिया कार्यक्रम ४२

४.६ तालिम तथा सेमिनार ४२

४.७ प्रकाशन तथा जानकारी प्रवाह ४३

४.८ अध्ययन तथा अनुसन्धान ४४

## भाग ५
## धितोपत्रबजार तथा वस्तु विनिमय बजार विकास तथा सुधारसम्बन्धी समस्या तथा चुनौतीहरु

समस्या तथा चुनौतीहरु ४५

## तालिकाहरू

तालिका-१.१ विश्वको आर्थिक वृद्धि दर १
तालिका-१.२ नेपालको समष्टिगत आर्थिक अवस्था ४
तालिका-२.१ विश्व धितोपत्र बजार ६
तालिका-२.२ विश्वका केही प्रमुख धितोपत्र बजारको सूचकांक ७
तालिका-२.३ सन २०१८ मा सार्क क्षेत्रको धितोपत्र बजार ८
तालिका-२.४ धितोपत्रको बजारको संक्षिप्त झलक ८
तालिका-२.५ धितोपत्रको प्राथमिक बजार ९
तालिका-२.६ प्राथमिक बजारमा क्षेत्रगत पुँजी परिचालन ११
तालिका-२.७ धितोपत्रको दोस्रो बजार १४
तालिका-२.८ धितोपत्रको दोस्रो बजारको कारोबार स्थिति १५
तालिका-२.९ सूचीकृत संगठित संस्थाको क्षेत्रगत अवस्था १८
तालिका-२.१० ओटिसी बजार १९
तालिका-२.११ धितोपत्र अभौतिकरण २६
तालिका-३.१ आ.व. २०७५।७६ मा बोर्डको सञ्चालन बोर्डका सदस्यहरु ३०
तालिका-३.२ कर्मचारी संख्याको विवरण ३१
तालिका-४.१ योजना व्यवस्थापक तथा डिपोजिटरी ३६
तालिका-४.२ सूचीकृत संगठित संस्थाहरुको विवरण प्रवाह ४१
तालिका-४.३ सूचीकृत संगठित संस्थाहरुको वार्षिक साधारसभा सम्बन्धी विवरण ४१
तालिका-४.४ धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी अन्तरक्रिया कार्यक्रम ४१
तालिका-४.५ लगानीकर्ता सचेतना तथा पुँजीबजार सम्बन्धी प्रशिक्षण कार्यक्रम ४२

## चार्टहरु

चार्ट २.१ धितोपत्रको प्राथमिक निष्काशन (रकमको आधारमा) १०
चार्ट २.२ धितोपत्रको प्राथमिक निष्काशन (संख्याको आधारमा) १०
चार्ट-२.३ साधारण सेयर निष्काशन अनुमति १२
चार्ट २.४ हकप्रद सेयर निष्काशन १३
चार्ट २.५ ऋणपत्र निष्काशन १३
चार्ट २.६ सामूहिक लगानी योजना दर्ता तथा निष्काशन १४
चार्ट २.७ धितोपत्रको वार्षिक कारोबार १६
चार्ट २.८ कुल बजार पुँजीकरण र फ्लोट बजार पुँजीकरण १७
चार्ट २.९ बजार पुँजीकरण र बजार पुँजीकरणमा क्षेत्रगत प्रतिशत १७
चार्ट २.१० नेप्से र नेप्से फ्लोट सूचकांक १८

अनुसूचीहरु ४८-६८

# भाग-एक
# संक्षिप्त आर्थिक अवस्था

## १.१ विश्व आर्थिक स्थिति

सन् २०१७ तथा २०१८ को पूर्वाद्धमा तीव्र वृद्धि देखिएको विश्व अर्थतन्त्रमा सन् २०१८ को उत्तरार्द्धमा भने आर्थिक क्रियाकलापमा सुस्तता आएको देखिन्छ। सन् २०१९ अप्रिलमा अन्तर्राष्ट्रिय मुद्रा कोषले प्रकाशित गरेको विश्व आर्थिक परिदृष्य (World Economic Outlook) अनुसार सन् २०१८ मा ३.६ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०१९ मा ३.३ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ।

चीन र अमेरिका वीचको व्यापार असहजता, यूरोपेली अर्थतन्त्रमा आएको शिथिलता तथा ब्रेजिक्टको प्रभाव नयाँ उत्सर्जन मापदण्ड अवलम्बनको कारण जर्मनीको व्यवसायिक, औद्यागिक र खासगरी अटोमोबाइल उत्पादन क्षेत्रमा देखिएको व्यवधान, इटालीको लगानीमा आएको कमी र जापानको अर्थतन्त्रमा प्राकृतिक प्रकोपबाट परेको असर जस्ता कारणहरुले समिक्षा वर्षमा विश्व अर्थतन्त्रको विस्तार केही कमजोर रहने प्रक्षेपण रहेको छ। विश्वको आर्थिक स्थितिको समिक्षा आर्थिक वृद्धि र मूल्य स्थितिको आधारमा देहाय अनुसार गरिएको छ :

### क) आर्थिक वृद्धि

सन् २०१९ मा विश्वको आर्थिक वृद्धिदरमा केही संकुचन आएको छ। सन् २०१८ मा २.२ प्रतिशतले वृद्धि भएको विकसित मुलुकको अर्थतन्त्र सन् २०१९ मा १.८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण कोषले गरेको छ। विकसित अर्थतन्त्रको समूहमा प्रमुख विकसित मुलुकहरु संयुक्त राज्य अमेरिका, क्यानडा, जापान, फ्रान्स, बेलायत, जर्मनी, इटाली जस्ता मुलुकहरु रहेका छन्। जसमा अमेरिकी अर्थतन्त्रको उत्पादन सन् २०१८ मा २.९ प्रतिशतले बढेकोमा सन् २०१९ मा २.३ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। सन् २०१८ मा १.८ प्रतिशतले वृद्धि भएको युरो क्षेत्रको उत्पादन सन् २०१९ मा १.३ प्रतिशतले बढ्ने अनुमान कोषले गरेको छ।

विश्व अर्थतन्त्रको उत्पादनमा बढी हिस्सा ओगट्ने उदीयमान तथा विकासशील देशको अर्थतन्त्रको वृद्धिदर सन् २०१८ मा ४.५ प्रतिशत रहेकोमा उक्त वृद्धिदर सन् २०१९ मा ४.४ प्रतिशत रहने प्रक्षेपण रहेको छ। भारतीय अर्थतन्त्रमा निजी उपभोगमा आएको वृद्धि, निजी लगानी प्रोत्साहन, विस्तारकारी मौद्रिक नीति तथा वित्तीय नीतिमार्फत् भएको सुधारात्मक प्रयासहरुका कारण सन् २०१८ मा ७.१ प्रतिशतले वृद्धि भएकोमा सन् २०१९ मा ७.३ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ।

यस्तै सन् २०१८ मा ६.६ प्रतिशतले वृद्धि भएको चिनीयाँ अर्थतन्त्रमा भने पछिल्लो समय घट्दो औद्योगिक उत्पादन, अनिश्चित व्यापार सम्बन्धजस्ता कारणहरुले सन् २०१९ मा ६.३ प्रतिशतले मात्र वृद्धि हुने अनुमान गरिएको छ। सन् २०१८ को तुलनामा सन् २०१९ मा सार्क क्षेत्रका नेपाल, भारत, श्रीलङ्का र अफगानिस्तान बाहेक अन्य सबै दक्षिण एशियाली मुलुकहरु र चीनको आर्थिक वृद्धिदर घट्न सक्ने प्रक्षेपण कोषको रहेको छ। विश्वको आर्थिक वृद्धि दर तालिका १.१ मा प्रस्तुत गरिएको छ।

**तालिका १.१**
**विश्वको आर्थिक वृद्धिदर (वार्षिक परिवर्तन प्रतिशत)**

| क्र.सं. | विवरण | विश्वको आर्थिक वृद्धिदर (वार्षिक प्रतिशत परिवर्तन) | | | |
|---|---|---|---|---|---|
| | | २०१६ | २०१७ | २०१८ | २०१९ प्रक्षेपित |
| १ | विश्व अर्थतन्त्र | ३.४ | ३.८ | ३.६ | ३.३ |
| २ | विकसित अर्थतन्त्र | १.७ | २.४ | २.२ | १.८ |
| ३ | उदीयमान तथा विकासशील अर्थतन्त्र | ४.६ | ४.८ | ४.५ | ४.४ |
| ४ | उदीयमान तथा विकासशील एशियाली मुलुकहरु | ६.७ | ६.६ | ६.४ | ६.३ |
| ५ | मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुकहरु | ५.३ | १.८ | १.४ | १.३ |
| ६ | उदीयमान तथा विकासशील युरोपेली मुलुकहरु | ३.३ | ६.० | ३.६ | ०.८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | युरोपियन युनियनका मुलुकहरु | २.० | २.४ | १.८ | १.३ |
| ८ | न्यून आय भएका विकासशील अर्थतन्त्र | ३.६ | ४.९ | ४.६ | ५.० |
| ९ | अमेरिका | १.५ | २.२ | २.९ | २.३ |
| १० | जापान | ०.९ | १.९ | ०.८ | १.० |
| ११ | चीन | ६.७ | ६.८ | ६.६ | ६.३ |
| १२ | दक्षिण एसियाली राष्ट्रहरु | | | | |
| | बंगलादेश | ७.२ | ७.६ | ७.७ | ७.३ |
| | भुटान | ७.३ | ७.४ | ५.८ | ४.८ |
| | भारत | ८.२ | ७.२ | ७.१ | ७.३ |
| | माल्दिभ्स | ७.३ | ६.९ | ७.० | ६.३ |
| | नेपाल | ०.६ | ७.९ | ६.३ | ६.५ |
| | श्रीलंका | ४.५ | ३.३ | ३.० | ३.५ |
| | पाकिस्तान | ४.६ | ५.४ | ५.२ | २.९ |
| | अफगानिस्तान | २.२ | २.७ | २.३ | ३.० |

स्रोतः वर्ल्ड इकोनोमिक आउटलुक, अक्टोबर २०१९ आइएमएफ र आर्थिक सर्वेक्षण, २०७५।७६, नेपाल सरकार।

### ख) मूल्य स्थिति

मूल्य स्थितिको सम्बन्धमा विकसित देश र उदीयमान एवं विकासशील देशहरुको स्थिति फरक रहेको देखिन्छ। विकसित अर्थतन्त्रको मूल्य वृद्धिदर सन् २०१८ को तुलनामा सन् २०१९ मा ०.४ प्रतिशतले कमी आई १.६ प्रतिशत हुने प्रक्षेपण छ। विश्व उर्जा मूल्य तथा तेलको मूल्य घटेका कारण विकसित अर्थतन्त्रको मुद्रास्फीति कम हुन गएको हो। उदीयमान तथा विकासशील अर्थतन्त्रको मूल्य वृद्धिदर सन् २०१८ मा ४.८ प्रतिशत रहेकोमा सन् २०१९ मा सिमान्त वृद्धि भई ४.९ प्रतिशत रहने प्रक्षेपण छ। सन् २०१८ मा २.६ प्रतिशत मूल्य वृद्धि दर रहेको उदीयमान तथा विकासशील एशियाली मुलुकमा सन् २०१९ मा २.८ प्रतिशत बढ्ने प्रक्षेपण छ। विश्वको दोस्रो ठुलो अर्थतन्त्र चीनको मूल्य वृद्धि दर सन् २०१८ मा २.१ प्रतिशत रहेकोमा सन् २०१९ मा २.३ प्रतिशत पुग्ने प्रक्षेपण छ। सन् २०१९ मा भारतको मूल्य वृद्धि दर ३.९ प्रतिशत रहने अनुमान गरिएको छ, यस्तो मूल्य वृद्धिदर सन् २०१८ मा ३.५ प्रतिशत मात्र रहेको थियो।

## १.२ नेपालको समष्टिगत आर्थिक अवस्था

आर्थिक वर्ष २०७५।७६ मा देशको समग्र आर्थिक स्थिति सन्तोषजनक रहेको देखिन्छ। राजनैतिक स्थायित्व कायम भएसँगै लगानीको वातावरणमा आएको सुधार, विद्युतको नियमित उपलब्धता तथा स्थानीय तहबाट समेत विकासका गतिविधिहरुको शुरुवात भएको कारण अर्थतन्त्र उच्च आर्थिक वृद्धिको मार्गमा अघि बढेको छ। समीक्षा वर्षमा औषत मुद्रास्फीति वाञ्छित सीमामा रहेको, मौद्रिक तथा सरकारी वित्त क्षेत्रको स्थिति सामान्य रहेको छ भने भुक्तानी सन्तुलन निरन्तर नकारात्मक हुन जाँदा बाह्य क्षेत्र व्यवस्थापनमा चाप परेको देखिन्छ।

### क) वास्तविक क्षेत्र र मूल्य

केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित राष्ट्रिय लेखा तथ्याङ्क (National Accounts Statistics) अनुसार आर्थिक वर्ष २०७५।७६ मा नेपालको अर्थतन्त्र ६.८ प्रतिशतले बढेको अनुमान छ। गत आर्थिक वर्षमा उक्त वृद्धिदर ६.३ प्रतिशत रहेको थियो। मुलुकको आर्थिक वृद्धिमा कृषि क्षेत्रको तुलनामा गैर कृषि क्षेत्रको वृद्धिदर उच्च रहने गरेको छ। समीक्षा वर्षमा कृषि क्षेत्रको वृद्धिदर उत्साहजनक रहने अनुमान गरिएको छ भने गैर कृषि क्षेत्रको वृद्धिदर भने सीमान्त दरले नकारात्मक रहने अनुमान छ। आर्थिक वर्ष २०७५।७६ मा अनुकुल मौसमका साथै सिँचाई सुविधामा भएको वृद्धि र रासायनिक मल, बीउ बीजनको सहज उपलब्धताले कृषि क्षेत्रको उत्पादन गत वर्षको २.८ प्रतिशतको तुलनामा ५ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। यस अवधिमा गैर कृषि क्षेत्रतर्फको वृद्धिदरमा भने सीमान्त दरले कमी आई ७.५ प्रतिशत रहने अनुमान छ। उक्त क्षेत्रको वृद्धिदर गत वर्ष ७.७ प्रतिशत रहेको थियो। गैर कृषि क्षेत्रतर्फ

उर्जा क्षेत्रको विस्तार एवं विद्युतको नियमित उपलब्धता, पुनर्निर्माण तथा भौतिक पूर्वाधार निर्माण कार्यमा भएको तीव्रता, औद्योगिक क्षेत्रमा भएको उत्पादन वृद्धि, पर्यटकको आगमनमा उत्साहजनक वृद्धिलगायतका कारणहरुले समीक्षा वर्षको आर्थिक वृद्धिदर उच्च हुने अनुमान रहेको छ। समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्र र गैर कृषि क्षेत्रको योगदान क्रमशः २७ प्रतिशत र ७३ प्रतिशत रहेको छ।

समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनको योगदानमा सीमान्त वृद्धि ल्याएको उत्पादनमुलक उद्योगको उत्पादन ५.८ प्रतिशतले वृद्धि हुने अनुमान छ जुन गत वर्ष ८ प्रतिशत रहेको थियो। यस्तै, होटल तथा रेष्टुरेन्ट क्षेत्रको वृद्धिदर समीक्षा वर्षमा ८.३ प्रतिशत रहने अनुमान छ जुन गत वर्ष ९.८ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा विदेशी पर्यटक आगमनमा वृद्धि तथा आन्तरिक पर्यटनमा वृद्धि, उर्जा उपलब्धता, बन्द हड्तालजस्ता गतिविधिहरुमा कमी आएका कारण उद्योग तथा होटल रेष्टुरेन्ट क्षेत्रहरुमा वृद्धि देखिएको हो। त्यस्तै, गत वर्ष ६.४ प्रतिशतले वृद्धि भएको वित्तीय मध्यस्थता क्षेत्र समीक्षा वर्षमा ६.२ प्रतिशत मात्र वृद्धि हुने अनुमान छ।

उक्त अवधिमा जनसंख्या वृद्धिदरको तुलनामा कूल गाहस्थ उत्पादन(जिडिपि) को वृद्धिदर उच्च भएसँगै प्रति व्यक्ति आयमा ३.६ प्रतिशतले वृद्धि आई १०३४ अमेरिकी डलर पुगेको अनुमान छ, जुन गत वर्ष ९९८ अमेरिकी डलर रहेको थियो। आर्थिक वर्ष २०७५।७६ मा जिडिपिमा उपभोगको अनुपातमा कमी आएको छ भने सोही जिडिपिमा बचत तथा लगानीको अनुपातमा भने वृद्धि आएको छ। पछिल्लो समय कुल गार्हस्थ्य बचतको वृद्धि कुल पुँजी निर्माणको तुलनामा उच्च रहेता पनि कुल गार्हस्थ्य बचतको आधार न्यून रहेको र कुल पुँजी निर्माणको आधार उच्च रहेका कारण बचत र लगानीको अन्तर बढ्दै गएको छ। यस्तै समीक्षा वर्षमा विप्रेषण आयको वृद्धिदर उच्च भएका कारण कुल राष्ट्रिय बचत वृद्धि भएको छ।

समीक्षा वर्षमा मूल्य स्थिति नियन्त्रित अवस्थामा नै रहेको देखिन्छ। वार्षिक औषतको आधारमा आर्थिक वर्ष २०७५।७६ उपभोक्ता मुद्रास्फीति दर ४.६ प्रतिशत रहेको छ जुन गत वर्ष ४.२ प्रतिशत रहेको थियो। आपूर्ति व्यवस्थामा भएको सुधार र छिमेकी देश भारतमा मूल्यमा कमी आएको कारणले समष्टिगत मुद्रास्फितिमा स्थायित्व आएको हो।

## ख) मौद्रिक तथा वित्तीय क्षेत्र

आर्थिक वर्ष २०७५।७६ मा वित्तीय क्षेत्र स्थायित्वका सूचकहरु सबल रहेका छन्। पछिल्ला वर्षहरुमा कुल गार्हस्थ्य उत्पादनमा विस्तृत मुद्राप्रदाय, निजी क्षेत्रतर्फ प्रवाहित कर्जा तथा कुल निक्षेपको अनुपात लगायतका वित्तीय प्रगाढता सूचकमा सुधार आएको छ। समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा विस्तृत मुद्राप्रदायको अनुपात १०३.४ प्रतिशत, निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको अनुपात ८४ प्रतिशत र कुल निक्षेपको अनुपात ९३.४ प्रतिशत रहेको छ जुन गत वर्ष क्रमशः १०२.१ प्रतिशत, ८०.६ प्रतिशत र ९०.५ प्रतिशत रहेको थियो।

समीक्षा वर्षमा संकुचित मुद्राप्रदाय र विस्तृत मुद्राप्रदायको वृद्धि क्रमशः ८.६ प्रतिशत र १५.८ प्रतिशत रहेको अनुमान छ जुन गत वर्ष १७.६ प्रतिशत र १९.४ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा खुद वैदेशिक सम्पति घटेका कारण मुद्राप्रदायको विस्तारमा संकुचन आएको हो। यस्तै, सोही अवधिमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा वृद्धिदर १९.१ प्रतिशत रहेकोमा निक्षेप वृद्धि दर भने १८.० प्रतिशतमात्र रहेको छ। निक्षेप वृद्धिको तुलनामा कर्जाको विस्तार उच्च रहेका कारण बैंक तथा वित्तीय संस्थाको लगानीयोग्य पुँजीमा चाप परेको देखिएको छ।

आर्थिक वर्ष २०७५।७६ मा धितोपत्र बजार सामान्य रहेको देखिन्छ। गत वर्षको तुलनामा धितोपत्रको प्राथमिक बजारमार्फत् हुने पुँजी परिचालनमा सामान्य गिरावट आएको छ। साधारण सेयरको आपूर्तिमा वृद्धि, बैकिङ्ग तरलतामा कमी तथा ब्याजदरको तिव्र उत्तारचढाव, उच्च चालु खाता घाटा लगायतका विविध कारणले लगानीकर्ताको मनोबल कमजोर हुन गई समीक्षा अवधिको धितोपत्रको दोस्रो बजारमा उत्तारचढाव देखिएतापनि वर्षको अन्त्यमा उक्त बजार सकारात्मक बनेको देखिन्छ।

समीक्षा वर्षमा प्राथमिक बजारमार्फत् कुल रु.४९.७६ अर्व बराबरको पुँजी परिचालन भएको छ जबकि गत वर्ष रु.५३.३ अर्ब बराबरको पुँजी परिचालन भएको थियो। गत वर्ष १२१.३९ अर्ब बराबरको धितोपत्र कारोबार भएकोमा समीक्षा अवधिमा कुल रु. ११०.०७ अर्ब बराबरको धितोपत्र कारोबार भएको छ। यस्तै, गत वर्ष १२१२.३६ बिन्दु रहेको नेप्से सूचकांकमा ३.८५ प्रतिशतले वृद्धि आई आर्थिक वर्ष २०७५।७६ को अन्त्यमा १२५९.०२ बिन्दु कायम भएको छ।

## ग) सरकारी वित्त क्षेत्र

संघीयता व्यवस्थाको कार्यान्वयनसँगै आर्थिक वर्ष २०७५।७६ बाट नेपालको सार्वजनिक वित्त संरचनामा परिवर्तन आएको छ। समीक्षा वर्षमा सरकारी वित्त क्षेत्रको स्थिति सामान्य रहेको छ। समीक्षा वर्षमा राजस्व १८.३ प्रतिशतले वृद्धि भएको अनुमान गरिएको छ भने सरकारी खर्चमा ११.१ प्रतिशतले वृद्धि भएको अनुमान छ। गत वर्ष उक्त वृद्धि दर क्रमशः १८.६ प्रतिशत र २९.९ प्रतिशत रहेको

थियो । आर्थिक वर्ष २०७५।७६ मा सरकारको चालु खर्च र पुँजीगत खर्चको वृद्धि दर क्रमशः १२.३ प्रतिशत र ०.८ प्रतिशत रहेको छ। प्रदेश तथा स्थानीय तहमा आयोजना कार्यान्वयन क्षमताको कमी, कर्मचारी समायोजन, कानुनी पूर्वाधारहरुको विकास लगायतका विषयहरुले अपेक्षाकृत बढी समय लिएका कारण पुँजीगत खर्चको वृद्धिमा कमी आएको देखिन्छ । गत आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा बजेट घाटा १२.१ प्रतिशतले वृद्धि भएको छ भने राजस्व भने ६.६ प्रतिशतले वृद्धि भएको छ।

## घ) बाह्य क्षेत्र

नेपाल सरकारको आयात प्रतिस्थापन र निर्यात अभिवृद्धिको दुई धारको रणनीति अनुरुप समीक्षा वर्षमा आयातको वद्धिदर कम हुँदै गएको छ भने निर्यातमा सुधार आएको देखिन्छ। समीक्षा वर्षमा कुल वस्तु निर्यात १९.४ प्रतिशतले वृद्धि हुँदा आयात भने १३.९ प्रतिशतले वृद्धि भएको छ। उक्त वृद्धि दर गत वर्ष क्रमशः ११.४ र २५.८ प्रतिशत रहेको थियो। निर्यातको तुलनामा आयातको वृद्धिदर उच्च हुँदा समीक्षा वर्षमा व्यापार घाटा १३.५ प्रतिशतले वृद्धि भई जिडिपिको ३८.१ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७५।७६ मा कुल वैदेशिक व्यापारमा १४.३ प्रतिशतको वृद्धि आएको छ।

पछिल्लो समय घट्दो दरमा वृद्धि भइरहेको विप्रेषण आप्रवाहमा समीक्षा वर्षमा भने १६.४ प्रतिशतले वृद्धि आएको छ। उक्त वृद्धिदर गत वर्ष ८.६ प्रतिशत रहेको थियो । मुलुकको सोधानान्तर स्थिति रु. ६७.४ अर्बले ऋणात्मक रहेको छ भने चालु खाता रु.२६५.४ अर्बले घाटामा रहेको छ। यसबाट विदेशी मुद्राको संचितिमा समेत ह्रास आई करिब ७.७ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने क्षमता रहेको छ, उक्त क्षमता गत वर्ष करिब ९.४ महिनाको लागि रहेको थियो । नेपालको समष्टिगत आर्थिक अवस्थाको संक्षिप्त स्वरुप तालिका १.२ मा प्रस्तुत गरिएको छ।

**तालिका १.२**
**नेपालको समष्टिगत आर्थिक अवस्था**

| क्र.सं. | विवरण | इकाई | आर्थिक वर्ष | | |
|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६* |
| १ | **यथार्थ क्षेत्र र मूल्य** | | | | |
| | क) यथार्थ आर्थिक वृद्धि (आधारभूत मूल्यमा) | प्रतिशत | ७.७ | ६.३ | ६.८ |
| | कृषि | प्रतिशत | ५.२ | २.८ | ५.० |
| | गैर कृषि | प्रतिशत | ९.० | ७.७ | ७.५ |
| | उद्योग | प्रतिशत | १२.४ | ९.६ | ८.१ |
| | सेवा | प्रतिशत | ८.१ | ७.२ | ७.३ |
| | ख) प्रति व्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | ८७७ | ९९८ | १०३४ |
| | ग) कुल उपभोग/ जिडिपी अनुपात | प्रतिशत | ८६.६ | ८२.२ | ७९.५ |
| | घ) कुल गार्हस्थ्य वचत/जिडिपी अनुपात | प्रतिशत | १३.४ | १७.८ | २०.५ |
| | ङ) कुल राष्ट्रिय वचत/जिडिपी अनुपात | प्रतिशत | ४६.४ | ४७.१ | ५२.४ |
| | च) कुल स्थिर पुँजी लगानी/जिडिपी अनुपात | प्रतिशत | ३१.४ | ३४.७ | ३६.९ |
| | छ) मूल्य वृद्धि (मुद्रा स्फीति) औषत वार्षिक | प्रतिशत | ४.५ | ४.२ | ४.६ |
| २ | मौद्रिक एवं वित्तीय क्षेत्र | | | | |
| | क) संकुचित मुद्रा प्रदाय (M1) | प्रतिशत | १३.१ | १७.६ | ८.६ |
| | ख) विस्तृत मुद्रा प्रदाय (M2) | प्रतिशत | १५.५ | १९.४ | १५.८ |
| | ग) निजी क्षेत्रको कर्जा वृद्धि | प्रतिशत | १८.० | २२.३ | १९.१ |
| | घ) कुल निक्षेप वृद्धि | प्रतिशत | १४.० | १९.२ | १८.० |
| | ङ) पुँजी बजारः नेप्से सूचकांक | विन्दु | १५८२.७ | १२१२.४ | १२५९.० |
| ३ | सरकारी वित्त क्षेत्र | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क) राजस्व वृद्धि | प्रतिशत | २६.२ | १८.६ | १८.३ |
| | ख) सरकारी खर्च वृद्धि | प्रतिशत | ३९.३ | २९.९ | ११.१ |
| | ग) बजेट घाटा | रु. अर्बमा | ३३.५ | ७६.९ | ८६.३ |
| | घ) कुल तिर्न बाँकी ऋण | रु. अर्ब | ६९७.७ | ८४३.९ | १०४१.१ |
| ४ | वाह्य क्षेत्र (वैदेशिक व्यापार र भुक्तानी) | | | | |
| | क) निर्यात वृद्धि | प्रतिशत | ४.२ | ११.४ | १९.४ |
| | निर्यात/जिडिपी अनुपात | प्रतिशत | २.८ | २.७ | २.८ |
| | ख) आयात वृद्धि | प्रतिशत | २८.० | २५.८ | १३.९ |
| | आयात/जिडिपी अनुपात | प्रतिशत | ३८.१ | ४१.१ | ४०.९ |
| | ग) निर्यात/आयात अनुपात | प्रतिशत | ७.४ | ६.५ | ६.८ |
| | घ) व्यापार घाटा वृद्धि | प्रतिशत | ३०.४ | २६.९ | १३.५ |
| | व्यापार घाटा/जिडिपी अनुपात | प्रतिशत | –३५.३ | –३८.४ | –३८.१ |
| | ङ) चालु खाता सन्तुलन | रु. अर्ब | –१०.१ | –२४७.६ | –२६५.४ |
| | च) शोधनान्तर वचत | रु. अर्ब | ८२.१ | ०.९६ | –६७.४ |
| | छ) विप्रेषण आय | रु. अर्ब | ६९५.५ | ७५५.१ | ८७९.३ |
| | ज) विदेशी मुद्रा संचिति (वस्तु तथा सेवा आयात धान्न पुग्ने) क्षमता | महिना | ११.४ | ९.४ | ७.७ |

स्रोतः आर्थिक सर्वेक्षण, २०७५।७६, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकको तथ्याङ्कमा आधारित।
* प्रारम्भिक अनुमान/अपरिष्कृत

समग्रमा मुलुकका अधिकांश आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार विकासका परिसूचकहरु सन्तोषजनक रहेका छन्। साथै राजनीतिक स्थायित्व कायम भएसँगै लगानीको वातावरणमा आएको सुधार, विद्युतको नियमित उपलब्धता तथा स्थानीय तहबाट पनि विकासका गतिविधिहरु बढेका कारण समेत अर्थतन्त्र वृद्धिको मार्गमा अघि बढेको देखिन्छ। यद्यपि देशमा उच्च, दिगो, फराकिलो र समावेशी आर्थिक वृद्धिमार्फत् गरिबी, असमानता, बेरोजगारी तथा परनिर्भरताको अन्त्य गरी दिगो विकास लक्ष्य हासिल गर्दै सन् २०३० सम्म मध्यम आय मुलुकको स्तरमा पुग्ने कार्य भने चुनौतीपूर्ण रहेको छ। त्यसैगरी आगामी दिनमा संघीयता व्यवस्थापन तथा पूर्वाधार विकासमा उल्लेख्य खर्च गर्नु पर्ने देखिएकोले राजस्व परिचालन तथा सार्वजनिक वित्त परिचालन र धितोपत्र बजारका साथै अन्य वित्तीय सेवाको पहुँच स्थानीय तहसम्म पुऱ्याउनु र बाह्य क्षेत्रमा परेको चापलाई व्यवस्थापन गर्दै अन्य गतिविधिहरुलाई प्रभावकारी बनाउनुपर्ने चुनौती समेत रहेको छ।

❀❀❀

# भाग-दुई
# धितोपत्र बजारको स्थिति

## २.१ विश्व धितोपत्र बजार

सन् २०१८ मा विश्व धितोपत्र बजारका अधिकांश सूचकहरुमा गिरावट आएको छ। धितोपत्र बजारको विश्व संगठन (World Federation of Exchanges-WFE) ले प्रकाशन गरेको प्रतिवेदन अनुसार अन्तर्राष्ट्रिय धितोपत्र बजारका प्रमुख सूचकांकहरुमा सुस्तता आएको देखिएको छ। धितोपत्र बजार पुँजीकरणमा ठूलो कमी आएको भएता पनि धितोपत्रको दोस्रो बजारमा भएको कारोबार रकममा उल्लेख्य वृद्धि भएको छ। यस्तै कुल सूचीकृत कम्पनीको संख्यामा सामान्य वृद्धि भएको देखिन्छ भने प्राथमिक निष्काशन रकममा समेत संकुचन आएको छ।

सन् २०१८ मा अमेरिकी क्षेत्रको धितोपत्र बजारको पुँजीकरण करिब ६ प्रतिशतले घटेकोमा एसिया प्यासिफिक क्षेत्रमा २३.७ प्रतिशतले र युरोप, मध्य पूर्व र अफ्रिकी क्षेत्रमा १५.६६ प्रतिशतले घटेको छ। यसरी समग्र विश्वको धितोपत्र बजारको बजार पुँजीकरण १४.६२ प्रतिशतले घटेको छ। गत बर्ष समग्र विश्वको धितोपत्र बजारको बजार पुँजीकरणमा २२.७१ प्रतिशतको उल्लेख्य वृद्धि भएको थियो। समीक्षा बर्षमा अमेरिकी क्षेत्रको धितोपत्रको दोस्रो बजार कारोबार रकममा ३०.३१ प्रतिशको वृद्धि आएको छ। यस्तो कारोबार रकममा एशिया प्यासिफिक क्षेत्रमा भने ३.३१ प्रतिशतले कमी आएको छ। यस्तै युरोप, मध्यपूर्व तथा अफ्रिकी क्षेत्रको धितोपत्रको दोस्रो बजार कारोबार रकममा ११.४६ प्रतिशतको वृद्धि भएको छ। यसरी समग्र विश्वमा धितोपत्रको दोस्रो बजार कारोबार रकममा १५.५५ प्रतिशतको वृद्धि भएको छ। गत बर्ष यस्तो कारोबार रकममा करिब तीन प्रतिशतले वृद्धि भएको देखिन्छ।

समीक्षा बर्षमा पनि सूचीकृत कम्पनीको संख्यामा सामान्य वृद्धि भएको छ। समग्र विश्वमा कुल सूचीकृत कम्पनीको संख्यामा २.७१ प्रतिशतले वृद्धि आएको छ। सन् २०१७ मा यस्तो वृद्धि २.५४ प्रतिशत रहेको थियो। कुल सूचीकृत संगठित संस्थाको करिब ५३ प्रतिशत ओगट्ने एशिया प्यासिफिक क्षेत्रमा सूचीकृत संगठित संस्थाको संख्यामा २.५७ प्रतिशतको वृद्धि भएको छ। गत बर्ष यस क्षेत्रमा उक्त वृद्धि ५ प्रतिशतको हाराहारीमा रहेको थियो। यस क्षेत्रमा २०१८ को अन्तसम्ममा २७,३४७ सूचीकृत संगठित संस्थाहरु रहेका थिए। यो बर्ष विश्व बजारमा कुल १८२ ट्रिलियन डलरको प्राथमिक निष्काशन भएको छ, जुन गत बर्षको तुलनामा करिब ११ प्रतिशतले कमी आएको हो।

यो बर्ष अमेरिकी धितोपत्र बजारमा प्राथमिक निष्काशनमा ६.७२ प्रतिशतको वृद्धि आएको छ। गत बर्ष उक्त क्षेत्रमा प्राथमिक निष्काशन रकम करिब १४०.६९ प्रतिशतले वृद्धि भएको थियो। एसिया प्यासिफिक क्षेत्रमा ९२.४४ ट्रिलियन डलरको प्राथमिक निष्काशन भएको छ, जुन गत बर्षको तुलनामा १०.६७ प्रतिशतले कम हो। यस्तै युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्रमा प्राथमिक निष्काशन रकममा करिब २९ प्रतिशतले कमी आएको छ। विश्व धितोपत्र बजारको पछिल्लो तीन वर्षको अवस्थालाई तालिका २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१**
**विश्व धितोपत्र बजार (रकम अमेरिकी डलर ट्रिलियनमा)**

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | परिवर्तन प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | २०१६ | २०१७ | २०१८ | २०१७ | २०१८ |
| १. | बजार पुँजीकरण | | | | | |
| | अमेरिका | ३१.० | ३६.५ | ३४.२ | १७.७ | -६.३ |
| | एशिया प्यासिफिक | २४.४ | ३१.३ | २३.९ | २८.३ | -२३.६ |
| | युरोप, मध्य पूर्व र अफ्रिकी क्षेत्र | १५.६ | १९.४ | १६.४ | २४.४ | -१५.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कुल बजार पुँजीकरण | ७१.० | ८७.२ | ७४.५ | २२.८ | -१४.६ |
| २. | कारोबार रकम | | | | | |
| | अमेरिका | ४३.९ | ४१.९ | ५४.६ | -४.६ | ३०.३ |
| | एशिया प्यासिफिक | ३०.८ | ३०.२ | २९.२ | -१.९ | -३.३ |
| | युरोप, मध्य पूर्व र अफ्रिकी क्षेत्र | ११.८ | १२.१ | १३.५ | २.५ | ११.६ |
| | कुल कारोबार रकम | ८६.५ | ८४.२ | ९७.३ | -२.७ | १५.६ |
| ३. | कारोबार संख्या | | | | | |
| | अमेरिका | ६.८ | ५.७ | ६.८ | -१६.२ | १९.३ |
| | एशिया प्यासिफिक | ११.९ | १२.० | १२.९ | ०.८ | ७.५ |
| | युरोप, मध्य पूर्व र अफ्रिकी क्षेत्र | १.९ | १.९ | २.१ | ०.० | १०.५ |
| | कुल कारोबार संख्या | २०.६ | १९.६ | २१.८ | -४.९ | ११.२ |
| ४. | सूचीकृत कम्पनीको संख्या | | | | | |
| | अमेरिका | ९,९७१ | ९,८३२ | १०,०७५ | -१.४ | २.५ |
| | एशिया प्यासिफिक | २५,३९० | २६,६६१ | २७,३४७ | ५.० | २.६ |
| | युरोप, मध्य पूर्व र अफ्रिकी क्षेत्र | १३,६१५ | १३,७२७ | १४,१६० | ०.८ | ३.२ |
| | कुल सूचीकृत कम्पनीको संख्या | ४८,९७६ | ५०,२२० | ५१,५८२ | २.५ | २.७ |
| ५ | सार्वजनिक निष्काशन (अमेरिकी डलर विलियनमा) | | | | | |
| | अमेरिका | २०.४ | ४९.१ | ५२.४ | १४०.७ | ६.७ |
| | एशिया प्यासिफिक | ७२.८ | १०३.५ | ९२.४ | ४२.२ | -१०.७ |
| | युरोप, मध्य पूर्व र अफ्रिकी क्षेत्र | ३४.३ | ५२.३ | ३७.२ | ५२.५ | -२८.९ |
| | कुल सार्वजनिक निष्काशन रकम | १२७.५ | २०४.९ | १८२.० | ६०.७ | -११.२ |

स्रोतः वर्ल्ड फेडेरेशन अफ एक्सचेञ्ज

विश्व बजारमा देखिएको आर्थिक सुस्तता तथा राजनैतिक उतार चढाव, कच्चा तेलको मूल्यमा आएको परिवर्तन, ठूला देशहरुको वीचमा देखिएको व्यापार तनाव, संकुचित मौद्रिक नीतिमा जोड लगायतका बिषयले गर्दा लगानीकर्ताको मनोबलमा कमी आई विश्व धितोपत्र बजारमा संकुचन आएको देखिन्छ। विश्वका केही प्रमुख धितोपत्र बजारका सूचकांक तालिका २.२ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२**
**विश्वका केही प्रमुख धितोपत्र बजारको सूचकांक**

| क्र.स. | सूचकांक | आधार विन्दु | सन् २०१८ जुलाई | सन् २०१९ जुलाई | परिवर्तन प्रतिशत |
|---|---|---|---|---|---|
| १ | S& P BSE Sensex | १,००० | ३६,५४१.६३ | ३७,३९७.२४ | २.३४ |
| २ | Nikkei225 | २२५ | २२,५९७.३५ | २१,५४०.९९ | -(४.६७) |
| ३ | NYSE Composite Index | ५,००० | १२,७६९.५० | १३,०६६.६० | २.३३ |
| ४ | FTSE 100 | १,००० | ७,६५१.३३ | ७,५८६.७८ | -(०.८४) |
| ५ | Shanghai Composite Index | १०० | २,८३१.१८ | २,९३२.५१ | ३.५८ |

स्रोतः ब्लुमबर्ग।

त्यसैगरी, सन् २०१८ मा सार्क क्षेत्रको धितोपत्र बजार सूचकांक तल तालिका २.३ मा प्रस्तुत गरिएको छ।

**तालिका २.३**
**सन् २०१८ मा सार्क क्षेत्रको धितोपत्र बजारको अवस्था**

| परिसुचकहरु | एकाई | भारत | नेपाल | भुटान | पाकिस्तान | श्रीलंका | बंगलादेश | माल्दिभ्स |
|---|---|---|---|---|---|---|---|---|
| प्राथमिक निष्काशन रकम | अमेरिकी डलर, दश लाखमा | १४,७२४.१३ | ४५४.०१ | ० | ४८.६७ | ११.३४ | ६५.६९ | ० |
| सूचीकृत कम्पनी | संख्या | ७१५६ | २१५ | २१ | ५५८ | २९७ | ५६१ | १० |
| स्टक एक्सचेञ्ज | संख्या | ५ | १ | १ | १ | १ | २ | १ |
| बार्षिक कारोबार रकम | अमेरिकी डलर, दश लाखमा | १,२४९,४४६.०० | ११०७.५७ | ५.३६ | * | १११.६२ | १९,३०६.४६ | ०.४ |
| बजार पुँजीकरण रकम | अमेरिकी डलर, दश लाखमा | ४,१४४,७६८.७० | १३०९४.३४ | ४९१.४ | ६५,०८२.२१ | १६,०७१.३३ | ४६,६९१.१२ | ८९४ |
| कारोबार/बजार पुँजीकरण | प्रतिशत | ३०.८६ | ८.४६ | १.०९ | * | ६.९२ | ४१.३५ | ०.०४५ |
| बजार पुँजीकरण/कूल गाहर्स्थ उत्पादन | प्रतिशत | १५२.०२ | ४७.३५ | १९.०३ | २०.८२ | २१.४ | १७.१९ | १६.९६ |
| विनिमय दर | एक अमेरिकी डलरबराबर | ७४.८९ | १०९.६ | ७१.७ | १३३.१४ | १७२.२२ | ८२.४ | १५.२१ |

स्रोतः सम्बन्धित नियमन निकाय तथा स्टक एक्चेञ्जको वार्षिक प्रतिवेदनहरुबाट लिइएको ।
*तथ्यांक उपलब्ध नभएको ।

## २.२ नेपालको धितोपत्र बजार

नेपालको धितोपत्र बजार हालका वर्षहरुमा संरचनात्मक परिवर्तनका कारण आधुनिक हुँदै गएको छ। पछिल्लो समयमा धितोपत्रको पूर्ण अभौतिक कारोबार, प्राथमिक बजारमा आस्वा तथा सि-आस्वा प्रणाली लागू भई हाल ७७ जिल्लामा नै बैंक तथा वित्तीय संस्थाका २५०० भन्दा बढी शाखाहरूबाट प्राथमिक बजारको सेवा उपलब्ध भएको, दोस्रो बजारमा अनलाइन कारोबार प्रणाली कार्यान्वयनमा आएको, प्राइभेट इक्विटी, भेञ्चर क्यापिटल तथा हेज फण्डजस्ता लगानीका वैकल्पिक साधनहरु प्रवेशका लागि आधार तयार भएको, मर्चेन्ट बैंकर तथा धितोपत्र दलाल व्यवसायीको उपत्यका बाहिर शाखा विस्तार हुने क्रम बढेकोले नेपालको धितोपत्र बजारको क्षेत्र तथा दायरा फराकिलो हुँदै गएको छ। आर्थिक वर्ष २०७५।७६ मा धितोपत्र बजार सामान्य रहेको छ। प्राथमिक बजारतर्फ ऋणपत्र तथा सामूहिक लगानी योजना निष्काशनमा उल्लेखनीय वृद्धि भएको छ भने हकप्रद सेयर निष्काशनमा कमी आएको छ। धितोपत्रको दोस्रो बजारको विभिन्न परिसूचकहरु जस्तै सूचीकृत कम्पनीको संख्या, बजार पुँजीकरण, नेप्से सूचकांक आदिमा भने सुधार आएको देखिन्छ। विगत तीन आर्थिक वर्षको धितोपत्र बजारको संक्षिप्त झलक तालिका-२.४ मा प्रस्तुत गरिएको छ।

**तालिका २.४**
**धितोपत्रको बजारको संक्षिप्त झलक**

| क्रस | विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७४/७५ | २०७५/७६ |
| १ | कुल सार्वजनिक निष्काशन संख्या | १०१ | ८७ | ६५ | -१३.९ | -२५.३ |
| २ | कुल सार्वजनिक निष्काशन रकम (रु. अर्बमा) | ५९.३९ | ५३.३ | ४९.७६ | -१०.३ | -६.६ |
| ३ | बोनस सेयर सहित धितोपत्र बजार मार्फत् कुल पुँजी परिचालन (रु. अर्बमा) | ९४.१९ | ८६.४ | ७६.४६ | -८.३ | -११.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | सूचीकृत कम्पनीको संख्या | २०८ | १९६ | २१५ | -५.८ | ९.७ |
| ५ | सूचीकत कम्पनीको चुक्ता पुँजी | २८९.६ | ३५२.१ | ४१२.२८ | २१.६ | १७.१ |
| ६ | वार्षिक कारोबार रकम (रु.अर्बमा) | २०५.०२ | १२१.४ | ११०.०७ | -४०.८ | -९.३ |
| ७ | कारोबार दिन | २३० | २३३ | २४६ | १.३ | ५.६ |
| ८ | बजार पुँजीकरण (रु.अर्बमा) | १८५६.८२ | १४३५.१४ | १५६७.५ | -२२.७ | ९.२ |
| ९ | फ्लोट बजार पुँजीकरण (रु.अर्बमा) | ६४१.६९ | ४८३.९ | ५५८.२५ | -२४.६ | १५.४ |
| १० | नेप्से सूचकांक (विन्दुमा) | १५८२.६७ | १२१२.३६ | १२५९.०२ | -२३.४ | ३.८ |
| ११ | नेप्से फ्लोट सूचकांक (विन्दुमा) | ११६.१४ | ८७.१५ | ९२.४३ | -२५.० | ६.१ |
| | | | | | | स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि. |

आ.व. २०७५।७६ मा धितोपत्रको प्राथमिक तथा दोस्रो बजारको विस्तृत विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

## २.२.१ प्राथमिक बजार

विगत तीन आर्थिक वर्षको प्राथमिक बजारमा संगठित संस्थाहरुले साधारण सेयरको सार्वजनिक निष्काशन, हकप्रद निष्काशन, थप निष्काशन र ऋणपत्र निष्काशन विधि प्रयोग गरी पुँजी परिचालन गरेका छन् भने सामूहिक लगानी कोषतर्फ खुलामुखी योजना समेत अभ्यासमा आएको छ। आ.व. २०७५।७६ मा साधारण सेयरको प्राथमिक निष्काशनमार्फत् रु.७ अर्ब ३५ करोड, हकप्रद सेयर निष्काशनमार्फत् रु.५ अर्ब ८८ करोड, ऋणपत्र निष्काशनतर्फ रु.२९ अर्ब ९८ करोड र म्युचुअल फण्डतर्फ रु.६ अर्ब ५५ करोड गरी कुल रु.४९ अर्व ७६ करोड रुपैयाँ बराबरको पुँजी परिचालन भएको छ जुन गत वर्षको रु.५३ अर्व ३० करोडको तुलनामा ६.६ प्रतिशतले कम हो। समीक्षा वर्षमा ऋणपत्रको निष्काशन तथा म्युचुअल फण्डको निष्काशनमा उल्लेख्य वृद्धि आएको छ। तथापि साधारण सेयरको प्राथमिक निष्काशन तथा हकप्रद निष्काशनमा कमी आएका कारण प्राथमिक बजारमार्फत् हुने कुल पुँजी परिचालनमा केही कमी आएको छ। पछिल्लो समय धितोपत्रको प्राथमिक बजारमा जलविद्युत क्षेत्रका कम्पनीहरुको सहभागिता बढ्दै गएको छ भने समीक्षा अवधिमा लघुवित्त कम्पनीहरुको प्राथमिक निष्काशनमा समेत बढोत्तरी आएको छ।

आ.व. २०७५।७६ मा १२ वाणिज्य बैंकहरुले रु.२९.९८ अर्ब बराबरको ऋणपत्र निष्काशन गरेका छन् जसमा कुल निष्काशनको ६० प्रतिशत निजी हस्तान्तरण र बाँकी सार्वजनिक निष्काशन भएको छ। गत वर्ष एक बैंकले रु. ३ अर्ब बराबरको ऋणपत्र निष्काशन गरेको थियो। यस अघि आ.व. २०७१।७२ मा पाँच सूचीकृत कम्पनीले रु.२ अर्ब ९० करोड बराबरको ऋणपत्र जारी गरेका थिए। यस्तै, आ.व. २०६३।६४ मा एक सूचीकृत कम्पनीले रु.४० करोड बराबरको अग्राधिकार सेयर निष्काशन गरेयता अग्राधिकार सेयर निष्काशनको अवस्था भने शून्यप्राय रहेको छ। विगत तीन आर्थिक वर्षको प्राथमिक बजार तालिका-२.५ तथा चार्ट २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.५**
**धितोपत्रको प्राथमिक बजार (वार्षिक तथ्याङ्कमा आधारित)**

| क्रस | विवरण | आर्थिक वर्ष (रकम रु. अर्बमा) | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७३/७४ | | २०७४/७५ | | २०७५/७६ | | संख्याको आधारमा | | रकमको आधारमा | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | २०७४/७५ | २०७५/७६ | २०७४/७५ | २०७५/७६ |
| १ | प्राथमिक निष्काशन | १७ | १.५१ | २१ | ८.३० | २८ | ७.३५ | २३.५ | ३३.३ | ४४९.७ | -११.४ |
| २ | हकप्रद निष्काशन | ७६ | ४५.६४ | ५५ | २५.७० | १९ | ५.८८ | -२७.६ | -६५.५ | -४३.७ | -७७.१ |
| ३ | थप निष्काशन | ४ | ७.९९ | ६ | ११.५ | - | - | ५०.० | - | ४३.९ | - |
| ४ | ऋणपत्र निष्काशन | - | - | १ | ३ | १२ | २९.९८ | - | ११००.० | - | ८९९.३ |
| ५ | म्युचुअल फण्ड | ४ | ४.२५ | ४ | ४.८ | ६ | ६.५५ | - | ५०.० | १२.९ | ३६.५ |
| **जम्मा** | | १०१ | ५९.३९ | ८७ | ५३.३ | ६५ | ४९.७६ | -१३.९ | -२५.३ | -१०.३ | -६.६ |
| ६ | बोनस सेयर | १६४ | ३४.८ | ११२ | ३३.१ | ९४ | २६.७ | -३१.७ | -४.९ | -१६.१ | -१९.३ |

**चार्ट २.१ धितोपत्रको प्राथमिक निष्काशन (रकमको आधारमा)**




विगत तीन आर्थिक वर्षमा धितोपत्रको प्राथमिक बजारबाट पुँजी परिचालन गर्ने संगठित संस्थाको संख्या चार्ट २.२ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.२ धितोपत्रको प्राथमिक निष्काशन (संख्याको आधारमा)**




**क) प्राथमिक बजारमार्फत क्षेत्रगत पुँजी परिचालनः** प्राथमिक बजारमार्फत भएको पुँजी परिचालनलाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा आ.व. २०७५।७६ मा १२ लघुवित्त कम्पनी, १६ जलविद्युत र छ सामूहिक लगानी कोषले धितोपत्रको सार्वजनिक निष्काशन गरेका छन्। विगत तीन वर्षमा सार्वजनिक निष्काशनमार्फत् पुँजी परिचालन गर्ने कम्पनीमा जलविद्युत् कम्पनीको संख्यामा वृद्धि हुँदै गइरहेको छ। समीक्षा वर्षमा खुलामुखी सामूहिक लगानी योजना समेत सञ्चालनमा आएको छ। हकप्रद सेयर निष्काशनमा कमी आएको यस वर्ष लघुवित्त कम्पनीको बाहुल्यता रहेको छ भने वाणिज्य बैकमार्फत् हकप्रद सेयर निष्काशन भएको छैन।

बोनस सेयरको हकमा बैंक, विकास बैंक र लघुवित्त समूह कै बाहुल्यता रहेको छ। विगत केही वर्ष ऋणपत्र निष्काशनको अवस्था शून्य रहेकोमा यस वर्ष बोर्डको स्वीकृतिमा १२ वाणिज्य बैंकले विभिन्न अवधिका ऋणपत्र निष्काशन गरेका छन्। विगत तीन आर्थिक वर्षमा धितोपत्रको प्राथमिक बजारमा विभिन्न विधिमार्फत् भएको क्षेत्रगत पुँजी परिचालन तालिका २.६ मा प्रस्तुत गरिएको छ।

## तालिका २.६
## प्राथमिक बजारमा क्षेत्रगत पुँजी परिचालन

| क्रस | विवरण | २०७३/७४ | | २०७४/७५ | | २०७५/७६ | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७४/७५ | | २०७५/७६ | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | **प्राथमिक निष्काशन** | | | | | | | | | | |
| | बैंक | – | – | – | – | – | – | – | – | – | – |
| | विकास बैंक* | ४ | ०.११ | – | – | – | – | – | – | – | – |
| | वित्त कम्पनी | – | – | – | – | – | – | – | – | – | – |
| | लघुवित्त कम्पनी | – | – | ६ | ०.१६ | १२ | ०.४७ | – | – | १००.० | १९३.८ |
| | जलविद्युत् | १३ | १.४ | १४ | ६.११ | १६ | ६.८८ | ७.७ | ३३६.४ | १४.३ | १२.६ |
| | म्युचुअल फण्ड | ४ | ४.२५ | ४ | ४.८ | ६ | ६.५५ | ०.० | १२.९ | ५०.० | ३६.५ |
| | उत्पादनमूलक कम्पनी | – | – | १ | २.०२ | – | – | – | – | – | – |
| २ | थप निष्काशन | | | | | | | | | | |
| | बैंक | २ | ३.३७ | ३ | ८.८५ | – | – | ५०.० | १६२.६ | – | – |
| | विकास बैंक* | – | – | १ | ०.१ | – | – | – | – | – | – |
| | वित्त कम्पनी | १ | ०.२२ | – | – | – | – | – | – | – | – |
| | बीमा | १ | ४.४१ | १ | ०.५२ | – | – | ०.० | –८८.२ | – | – |
| | जलविद्युत् | - | - | १ | २.०४ | – | – | – | – | – | – |
| ३ | हकप्रद निष्काशन | | | | | | | | | | |
| | बैंक | २० | ३०.९२ | ६ | ११.६२ | – | – | –७०.० | –६२.४ | – | – |
| | विकास बैंक* | ३९ | ९.७१ | १७ | ५.७६ | १ | ०.६१ | –५६.४ | –४०.७ | –९४.१ | –८९.४ |
| | वित्त कम्पनी | १० | २.०५ | १२ | २.७५ | १ | ०.३६ | २०.० | ३४.१ | –९१.७ | –८६.९ |
| | लघुवित्त कम्पनी | – | – | ९ | ०.८२ | ११ | १.२७ | – | – | २२.२ | ५४.९ |
| | जलविद्युत् | १ | १.०५ | – | – | – | – | – | – | – | – |
| | बीमा कम्पनी | ६ | १.९ | ११ | ४.७५ | ६ | ३.६४ | ८३.३ | १५०.० | –४५.५ | –२३.४ |
| ४ | ऋणपत्र | | | | | | | | | | |
| | बैंक | – | – | १ | ३ | १२ | २९.९८ | – | – | ११००.० | ८९९.३ |
| | जम्मा | १०१ | ५९.३९ | ८७ | ५३.३ | ६५ | ४९.७६ | –१३.८६ | –१०.२५ | –२५.२९ | –६.६४२ |
| ५ | बोनस सेयर | | | | | | | | | | |
| | बैंक | २६ | २२.७६ | १७ | २३.३३ | २३ | १८.६९ | –३४.६ | २.५ | ३५.३ | –१९.९ |
| | विकास बैंक* | ८२ | ६.८७ | २३ | ३.०२ | २२ | २.६९ | –७२.० | –५६.० | –४.३ | –१०.९ |
| | वित्त कम्पनी | २८ | १.५९ | १० | ०.४७ | ९ | ०.६२ | –६४.३ | –७०.४ | –१०.० | ३१.९ |
| | लघुवित्त कम्पनी | ० | ० | २९ | १.४६ | २६ | १.२४ | – | – | –१०.३ | –१५.१ |
| | बीमा | २० | २.८ | २० | ३.४४ | ५ | ०.७४ | ०.० | २२.९ | –७५.० | –७८.५ |
| | जलविद्युत् | ५ | ०.५९ | ६ | ०.७८ | ५ | १.३ | २०.० | ३२.२ | –१६.७ | ६६.७ |
| | होटल | २ | ०.१८ | २ | ०.२३ | २ | ०.२१ | ०.० | २७.८ | ०.० | –८.७ |
| | अन्य | ० | ० | ४ | ०.३४ | २ | १.२ | – | – | –५०.० | २५२.९ |
| | व्यापार | १ | ०.०१ | ० | ० | १ | ०.०३ | –१००.० | –१००.० | – | – |
| | जम्मा (बोनस सेयर सहित) | २६५ | ९४.१९ | १९८ | ८६.३७ | १६० | ७६.४८ | –२५.२८ | –८.३०२ | –१९.१९ | –११.४५ |

* आ.व. २०७४।७५ देखि लघुवित्त कम्पनी नराखिएको।

**ख) धितोपत्र दर्ता तथा विवरणपत्र स्वीकृति**: धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २७ को उपदफा १ मा संगठित संस्थाले आफूले निष्काशन गर्ने धितोपत्र निष्काशन गर्नु अघि बोर्डमा दर्ता गराउनुपर्ने व्यवस्था भए अनुसार समीक्षा वर्षमा साधारण सेयरको प्राथमिक निष्काशन, हकप्रद निष्काशन, ऋणपत्र निष्काशन र सामूहिक लगानी योजना गरी कुल ६५ संगठित संस्थाले कुल रु.६१ अर्ब ६ करोड ५६ लाख ७१ हजार २२५ मुल्य बराबरको धितोपत्र बोर्डमा दर्ता गराएका छन् जसमा उक्त संस्थाहरुले कुल रु.४९ अर्ब ७५ करोड ३७ लाख ८५ हजार २२५ मुल्य बराबरको धितोपत्रको सार्वजनिक निष्काशन अनुमति पाएका छन् । गत वर्ष कुल रु.६५ अर्ब ८० करोड ३४ लाख १० हजार ८३० मुल्य बराबरको धितोपत्र बोर्डमा दर्ता भएकोमा ८७ संगठित संस्थाले रु.५३ अर्ब ३२ करोड ११ लाख ३५ हजार ८२९ मुल्य बराबरको धितोपत्रको सार्वजनिक निष्काशन अनुमति प्राप्त गरेका थिए । समीक्षा वर्षमा धितोपत्र दर्ता गराउने संगठित संस्थाको संख्यामा करिब २५.३ प्रतिशत र सार्वजनिक निष्काशन अनुमतिप्राप्त रकममा ६.६ प्रतिशतले कमी आएको छ । सार्वजनिक निष्काशन अनुमति पाएको धितोपत्रमा ऋणपत्रको अंश करिब ६० प्रतिशत रहेको छ ।

**ग) साधारण सेयर निष्काशन अनुमति**: समीक्षा वर्षमा बोर्डले १६ जलविद्युत कम्पनी र १२ लघुवित्त कम्पनी गरी कुल २८ संगठित संस्थालाई रु.७ अर्ब ३४ करोड ६६ लाख ७६ हजार ८ सय बराबरको साधारण सेयर निष्काशन अनुमति प्रदान गरेको छ जसमा तीन जलविद्युत कम्पनीले स्थानीयवासी र सर्वसाधारणलाई निष्काशन गरेका छन् भने चार जलविद्युत कम्पनीले स्थानीयवासीलाई निष्काशन गरेका छन् । गत वर्ष बोर्डले कुल २१ संगठित संस्थालाई रु.८ अर्ब ३० करोड २० लाख ९९ हजार बराबरको साधारण सेयर निष्काशन अनुमति प्रदान गरेको थियो । यसरी समीक्षा वर्षमा साधारण सेयर निष्काशन गर्ने संगठित संस्थाको संख्यामा करिब ३३.३ प्रतिशतले वृद्धि आएतापनि साधारण सेयरको प्राथमिक निष्काशनमार्फत् हुने पुँजी परिचालनमा भने ११.४ प्रतिशतले कमी आएको छ । आ.व. २०७५।७६ मा भएको साधारण सेयर दर्ता तथा विवरणपत्र स्वीकृति सम्बन्धी विवरण अनुसूची-१ मा प्रस्तुत गरिएको छ । साथै विगत १० वर्षको साधारण सेयर निष्काशन अनुमति चार्ट २.३ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.३: साधारण सेयर निष्काशन अनुमति रकम (रु. अर्बमा)**




**घ) हकप्रद सेयर दर्ता तथा निष्काशन**: सूचीकृत संगठित संस्थाले सामान्यतया आफ्नो व्यवसाय विस्तार गर्न तथा सम्बन्धित नियमन निकायले तोके बमोजिमको चुक्ता पुँजी पुऱ्याउन हकप्रद सेयर जारी गर्ने कार्यमा समीक्षा वर्षमा ठूलो गिरावट आएको छ । समीक्षा वर्षमा बोर्डले १९ सूचीकृत संगठित संस्थाहरुको कुल रु.५ अर्ब ८७ करोड ७१ लाख ८ हजार ४ सय २५ बराबरको हकप्रद सेयर दर्ता गरेको छ । जसमा एक विकास बैंक, एक वित्त कम्पनी, ११ लघुवित्त कम्पनी र छ बीमा कम्पनी रहेका छन् । गत वर्ष बोर्डले ५५ सूचीकृत संगठित संस्थाहरुको कुल रु.२५ अर्ब ७० करोड ४१ लाख ८८ हजार ६ सय ७५ बराबरको हकप्रद सेयर दर्ता गरेको थियो जसमा छ वाणिज्य बैंक, १७ विकास बैंक, १२ वित्त कम्पनी, नौं लघुवित्त कम्पनी र ११ बीमा कम्पनी रहेका थिए । यसरी समीक्षा वर्षमा हकप्रद सेयर निष्काशन संख्यामा ४३.७ प्रतिशत र हकप्रद सेयर निष्काशनमार्फत् भएको पुँजी परिचालनमा ७७.१ प्रतिशतले कमी आएको छ । आ.व. २०७३।७४ को हकप्रद सेयर निष्काशन विगत २५ वर्षकै सबैभन्दा ठूलो रकम निष्काशन हो जुन ४५.६४ अर्बको हकप्रद सेयरको निष्काशन भएको थियो । यसअघि आ.व. २०६५।६६ मा रु.११ अर्ब ६१ करोड मुल्य बराबरको हकप्रद सेयर मुल्य वरावर निष्काशन भएको थियो । विगत १० वर्षको हकप्रद सेयर निष्काशन चार्ट २.४ मा प्रस्तुत गरिएको छ । साथै, आ.व. २०७५।७६ मा भएको हकप्रद सेयरको दर्ता तथा निष्काशन अनुसूची-२ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.४ हकप्रद शेयर निष्काशन रकम (रु. अर्बमा)**




**ङ) ऋणपत्र दर्ता तथा निष्काशन**: सूचीकृत कम्पनीले दीर्घकालीन ऋण पुँजी संकलन गर्नका लागि सर्वसाधारणलाई ऋणपत्र निष्काशन गर्ने क्रममा समीक्षा वर्षमा उल्लेखनीय वृद्धि आएको छ जुन हालसम्मकै उच्च निष्काशन रहेको छ। यस वर्ष १२ वाणिज्य बैंकले कुल रु.२९ अर्ब ९८ करोड बराबरको ऋणपत्र निष्काशन गरेका छन् जुन गत वर्षको तुलनामा करिब नौं गुणाले बढेरहेको छ। गत वर्ष एक बैंकले तीन अर्ब बराबरको ऋणपत्र निष्काशन गरेको थियो। यस अघि आ.व. २०६९।७० मा सात बैंकले रु. ३ अर्ब ५५ करोड बराबरको ऋणपत्र निष्काशन गरेका थिए। समीक्षा वर्षमा ऋणपत्र निष्काशनको अवस्थालाई अनुसूची-३ मा प्रस्तुत गरिएको छ। साथै, विगतका वर्षहरुमा ऋणपत्र निष्काशनको अवस्थालाई चार्ट २.५ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.५ ऋणपत्र निष्काशन (रकम रु. करोडमा)**




**च) बोनस सेयर दर्ता**: सूचीकृत संगठित संस्थाले आफ्नो व्यवसाय विस्तार गर्न, चुक्ता पुँजी वृद्धि गर्न तथा सेयरधनीलाई प्रतिफल वितरण गर्ने उद्देश्यले वितरण गरिने बोनस सेयरमा समीक्षा वर्षमा वृद्धि आएको छ। समीक्षा वर्षमा ९४ सूचीकृत संगठित संस्थाबाट रु.२६ अर्ब ७० करोड २९ लाख ६८ हजार ४ सय ६९ मूल्य बराबरको बोनस सेयर दर्ता भएको छ जुन गत वर्षको तुलनामा रकमका आधारमा १९.३ प्रतिशतले कम हो। गत वर्ष ११२ सूचीकृत कम्पनीबाट रु.३३ अर्ब ८ करोड ६९ लाख ३९ हजार ९ सय ९९ मुल्य बराबरको बोनस सेयर दर्ता भएको थियो। समीक्षा वर्षमा २२ वाणिज्य बैंकले रु. १८ अर्व ६९ करोड, २२ विकास बैंकले रु.२ अर्व ६८ करोड, नौं वित्त कम्पनीले रु.६२ करोड, पाँच बीमा कम्पनीले रु. ७३ करोड, पाँच जलविद्युत कम्पनीले रु.१ अर्ब २९ करोड, दुई होटलले रु.२१ करोड, २६ लघुवित्त कम्पनीले रु.१ अर्ब २४ करोड र अन्य समूहका दुई कम्पनीले रु.१ अर्ब २० करोड मुल्य बराबरको बोनस सेयर दर्ता गराएका छन्। आ.व. २०७५।७६ मा भएको बोनस सेयरको दर्ता सम्बन्धी विवरण अनुसूची-३ मा प्रस्तुत गरिएको छ।

**छ) सामूहिक लगानी योजना दर्ता तथा निष्काशन**: सामूहिक लगानी योजनाको दर्ताको संख्या तथा रकमको हिसाबबाट आ.व. २०७५।७६ सबैभन्दा बढी पुँजी परिचालन भएको वर्षको रुपमा रहेको छ। साथै, यस अघि नेपालमा बन्दमुखी प्रकृतिका सामूहिक लगानी योजनाहरु मात्रै सञ्चालन हुँदै आएकोमा समीक्षा वर्षमा एक योजना व्यवस्थापकले खुलामुखी सामूहिक लगानी योजना बोर्डमा दर्ता गरी निष्काशन समेत गरेको छ। यस वर्ष छ संगठित संस्थाले रु.६ अर्ब ५५ करोड मुल्य बराबरको सामूहिक लगानी योजना बोर्डमा दर्ता गरेका छन् जुन गत वर्षको तुलनामा ३६.५ प्रतिशतको वृद्धि हो। जसमा खुलामुखी योजना मार्फत् प्रथम पटक रु.५०

करोड मुल्य बराबरको योजना दर्ता तथा निष्काशन भएको छ। यससँगै सामूहिक लगानी योजनाको संख्या हालसम्म १६ पुगेको छ। गत वर्ष चार संगठित संस्थाले रु.४ अर्ब ८० करोड मुल्य बराबरको सामूहिक लगानी योजना दर्ता गरेका थिए। आ.व. २०७५।७६ मा भएको सामूहिक लगानी योजना दर्ता तथा निष्काशन अनुमति सम्बन्धी विवरण अनुसूची-५ मा प्रस्तुत गरिएको छ। साथै विगत पाँच वर्षमा सामूहिक लगानी योजनाको दर्ता तथा निष्काशन चार्ट २.६ मा प्रस्तुत गरिएको छ।




## २.२.२ धितोपत्रको दोस्रो बजार

आ.व. २०७५।७६ मा धितोपत्रको दोस्रो बजारको स्थितिमा सुधार आएको देखिन्छ। समीक्षा वर्षमा धितोपत्रको सूचीकरण गर्ने क्रममा लघुवित्त कम्पनी र जलविद्युत् कम्पनीको संख्यामा उल्लेख्य वृद्धि भएका कारण नेप्सेमा सूचीकृत कम्पनीको संख्यामा बढोत्तरी आएको छ। यस वर्ष धितोपत्रको वार्षिक कारोबार रकममा केही गिरावट आएतापनि कारोबार भएको धितोपत्रको संख्यामा भने वृद्धि भएको देखिन्छ। विगत केही वर्षहरुमा निरन्तर गिरावट आइरहेको नेप्से तथा नेप्से फ्लोट सूचकांकमा समीक्षा वर्षमा सुधार आएको छ। यस्तै, कुल बजार पुँजीकरण र फ्लोट बजार पुँजीकरणमा समेत वृद्धि आएको छ भने अर्कोतर्फ सूचीकृत धितोपत्रको संख्या र सूचीकृत कम्पनीको चुक्ता पुँजीमा पनि उल्लेख्य वृद्धि आएको छ। विगत तीन आर्थिक वर्षको दोस्रो बजार तालिका २.७ मा प्रस्तुत गरिएको छ।

**तालिका २.७**
**धितोपत्रको दोस्रो बजार**

| क्र.स. | विवरण | यूनिट | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७४/७५ | २०७५/७६ |
| १ | सूचीकृत संगठित संस्था | संख्या | २०८ | १९६ | २१५ | -५.८ | ९.७ |
| २ | धितोपत्रको वार्षिक कारोबार | रु. अर्बमा | २०५.०२ | १२१.४ | ११०.०७ | -४०.८ | -९.३ |
| ३ | औसत दैनिक कारोबार रकम | रु. करोडमा | ८९.१४ | ५२.१ | ४ ४.७५ | -४१.६ | -१४.१ |
| ४ | कारोबार भएको कूल सेयर संख्या | करोडमा | ३९.२९ | २९.४ | ३८.७५ | -२५.२ | ३१.८ |
| ५ | कारोबार संख्या | लाखमा | १३.५७ | १३.११ | १४.२३ | -३.४ | ८.५ |
| ६ | सूचीकृत धितोपत्रको संख्या | करोडमा | २९६.५९ | ३५९.८७ | ४२०.६६ | २१.३ | १६.९ |
| ७ | सूचीकृत धितोपत्रको बजार पुँजीकरण | रु. अर्बमा | १८५६.८२ | १४३५.१४ | १५६७.५० | -२२.७ | ९.२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | फ्लोट बजार पुँजीकरण | रु. अर्बमा | ६४१.६९ | ४८३.९ | ५५८.२५ | -२४.६ | १५.४ |
| ९ | बजार पुँजीकरणमा कारोबारको अनुपात | प्रतिशत | ११.०४ | ८.५ | ७.० | -२३.४ | -१७.० |
| १० | कुल गार्हस्थ्य उत्पादनमा बजार पुँजीकरणको अनुपात | प्रतिशत | ७१.४४ | ४७.७ | ४५.२५ | -३३.२ | -५.१ |
| ११ | कुल गार्हस्थ्य उत्पादनमा फ्लोट पुँजीकरणको अनुपात | प्रतिशत | २४.६९ | १६.१० | १६.११ | -३४.८ | ०.१ |
| १२ | नेप्से सूचकांक | विन्दुमा | १५८२.६७ | १२१२.३६ | १२५९.०२ | -२३.४ | ३.८ |
| १३ | नेप्से फ्लोट सूचकांक | विन्दुमा | ११६.१४ | ८७.१५ | ९२.४३ | -२५.० | ६.१ |
| स्रोत : नेपाल स्टक एक्सचेञ्ज लि. | | | | | | | |

### २.२.२.१ धितोपत्रको दोस्रो बजारका परिसूचकहरु

धितोपत्रको कारोबार, बजार पुँजीकरण, नेप्से सूचकांक, फ्लोट सूचकांक, सूचीकृत संगठित संस्थाहरु जस्ता प्रमुख परिसूचकहरुको आधारमा समीक्षा वर्षको धितोपत्रको दोस्रो बजारको देहाय बमोजिम समिक्षा गरिएको छ।

**क) धितोपत्रको कारोबार**: आर्थिक वर्ष २०७४।७५ मा रु.१ खर्ब २१ अर्ब बराबरको धितोपत्रको कारोबार भएकोमा समीक्षा वर्षमा ९.३ प्रतिशतले ह्रास आई रु.१ खर्ब १० अर्ब बराबरको धितोपत्र कारोबार भएको छ। यस्तै समीक्षा वर्षमा २४६ दिन कारोबार भएबाट दैनिक औसत कारोबार रु.४४.७५ करोड कायम भएको छ जुन गत वर्षको तुलनामा करिब १४.१ प्रतिशतले कम हो। गत वर्षमा कारोबार भएको धितोपत्रको औसत दैनिक रकम रु.५२.१ करोड रहेको थियो। समूहगत कारोबारमा सबैभन्दा बढी वृद्धि उत्पादन तथा प्रशोधन समूहमा (करिब सात गुणा बढी) देखिएको छ भने बैंक समूहमा पनि करिब २९ प्रतिशतको वृद्धि देखिएको छ। यस्तै, कारोबारमा सबैभन्दा उच्च गिरावट विकास बैंक समूहमा देखिएको छ। आ.व.२०७४।७५ मा विकास बैंक समूहबाट लघुवित्त कम्पनी झिकिएकाले पनि यस समूहको कारोबार रकममा कमी देखिएको हो। यस्तै, वित्त कम्पनी र बीमा समूहमा पनि क्रमशः ५४ प्रतिशत र ४४ प्रतिशतले कमी आएको छ। समीक्षा वर्षमा प्रमोटर सेयरको कारोबारमा समेत उल्लेख्य कमी आएको छ। विगत तीन आर्थिक वर्षमा दोस्रो बजारमा भएको धितोपत्र कारोबार सम्बन्धी विवरण तालिका २.८ मा प्रस्तुत गरिएको छ।

**तालिका २.८**
**धितोपत्रको दोस्रो बजारको कारोबार स्थिति**

| क्र.स. | विवरण | आर्थिक वर्ष (रकम रु. दश लाखमा) | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७४/७५ | २०७५/७६ |
| १ | बैंक | ९५,२२०.३० | ४१,८००.२८ | ५३,९३८.५७ | -५६.१ | २९.० |
| २ | विकास बैंक | २८,१२५.३० | १४१२३.८७* | ५,६५१.६३ | -४९.८ | -६०.० |
| ३ | वित्त कम्पनी | ५,५९५.१० | २,२२०.९५ | १,०११.६५ | -६०.३ | -५४.४ |
| ४ | लघुवित्त | - | १०,११४.३४ | ८,४६५.०३ | - | -१६.३ |
| ५ | बीमा | ५०,८१७.०० | २७,५०४.८५ | १५,३५१.४६ | -४५.९ | -४४.२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | जलविद्युत | ७,६९७.८० | ८,३९५.०३ | ६,७८७.१५ | ९.१ | -१९.२ |
| ७ | उत्पादन तथा प्रशोधन | ३९६.३ | ५५८.४ | ४३२०.९८ | ४०.९ | ६७३.८ |
| ८ | व्यापार | ४.९ | ११९.९२ | ७६.३५ | २३४७.३ | -३६.३ |
| ९ | होटल | १,५९२.५० | १,४०८.३२ | १,२४३.८८ | -११.६ | -११.७ |
| १० | अन्य | २,७१७.८० | ३,३१८.०५ | ३,२६४.७५ | २२.१ | -१.६ |
| ११ | म्युचुअल फण्ड | १,८८६.९० | ९४२.६२ | ३८७.७२ | -५०.० | -५८.९ |
| १२ | पूर्वाधिकार सेयर | ५२.२ | २७.६५ | ०.९३ | -४७.० | -९६.६ |
| १३ | प्रमोटर सेयर | १०,६८०.९० | १०,७६५.२२ | ९,५६६.९९ | ०.८ | -११.१ |
| **जम्मा** | | २०४,७८७.०० | १२१,२९९.०० | ११०,०६७.०९ | -४०.८ | -९.३ |

* विकास बैक मात्र समावेश गरिएको,
स्रोतः नेपाल स्टक एक्सचेन्ज लि. ।

विगत १० वर्षमा धितोपत्रको दोस्रो बजारमा भएको धितोपत्रको कारोबार प्रवृति चार्ट २.७ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.७ धितोपत्रको वार्षिक कारोबार** (रकम रु. अर्बमा)




**ख) बजार पुँजीकरणः** गत वर्षको तुलनामा बजार पुँजीकरणमा सुधार आएको छ। गत आर्थिक वर्षको अन्तमा रु.१४ खर्ब ३५ अर्ब रहेको बजार पुँजीकरण यस वर्षको अन्त्यमा ९.२ प्रतिशतले वृद्धि भई रु.१५ खर्ब ६७ अर्ब कायम भएको छ। यस्तै, सर्वसाधारणलाई जारी गरिएको धितोपत्रको आधारमा गणना गरिने फ्लोट बजार पुँजीकरणमा भने गत वर्षको तुलनामा २४.६ प्रतिशतले ह्रास भई रु.४ खर्ब ८३ अर्ब कायम भएको छ जुन गत वर्ष रु.६ खर्ब ४१ अर्ब रहेको थियो। बजार पुँजीकरणमा कुल कारोबार रकमको अनुपात अघिल्लो वर्षको तुलनामा करिब १७ प्रतिशतले गिरावट आई उक्त अनुपात ७ प्रतिशतमा झरेको छ जुन गत वर्ष ८.५ प्रतिशत रहेको थियो। यस्तै फ्लोट बजार पुँजीकरणमा कुल कारोवारको अनुपातमा समीक्षा वर्षमा करिब २१.४ प्रतिशतले गिरावट आई १९.७२ प्रतिशत कायम भएको छ। उक्त अनुपात गत आर्थिक वर्षमा २५.०९ प्रतिशत रहेको थियो। विगत १० वर्षको कुल बजार पुँजीकरण र फ्लोट बजार पुँजीकरणको प्रवृत्ति चार्ट २.८ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.८ कुल बजार पूँजीकरण र फ्लोट बजार पूँजीकरण**
(रकम रु. अर्बमा)




कुल बजार पुँजीकरणमा सवैभन्दा बढी हिस्सा वाणिज्य बैंकको (करिब ५३ प्रतिशत) रहेको छ भने सवैभन्दा कम हिस्सा व्यापार समूह (१ प्रतिशतभन्दा कम) रहेको छ। आ.व. २०७५।७६ को क्षेत्रगत बजार पुँजीकरण चार्ट २.९ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.९**
**बजार पूँजीकरण र बजार पूँजीकरणमा क्षेत्रगत प्रतिशत**




**ग) नेप्से सूचकांक**: समीक्षा वर्षमा नेप्से सूचकांकमा सुधार आएको छ। आर्थिक वर्ष २०७४।७५ को अन्त्यमा १२१२.३६ विन्दु रहेको नेप्से सूचकांकमा ३.८ प्रतिशतको वृद्धि भई आर्थिक वर्ष २०७५।७६ आषाढ मसान्तमा १२५९.०२ विन्दु कायम भएको छ। आर्थिक वर्ष २०७४।७५ मा २०७४ साउन २३ गतेका दिन नेप्से सूचकांक सबैभन्दा उच्च १६६७.९४ बिन्दुमा पुगेको र सोही वर्षमा सबैभन्दा न्यून २०७४ चैत १२ मा ११६८.५५ बिन्दु कायम भएको थियो।

**घ) फ्लोट सूचकांक**: त्यस्तै समीक्षा अवधिमा फ्लोट सूचकांकमा सुधार आएको छ। उक्त सूचकांकमा करिब ६.१ प्रतिशतले वृद्धि भई ९२.४३ बिन्दु पुगेको छ। उक्त सुचकांक गत वर्षको अन्त्यमा ८७.१५ बिन्दुमा रहेको थियो। नेप्से सूचकांक र नेप्से फ्लोट सूचकांकको विगत १० वर्षको प्रवृत्ति चार्ट २.१० मा प्रस्तुत गरिएको छ।




**ङ) सूचीकृत संगठित संस्था**: समीक्षा वर्षमा सूचीकृत संगठित संस्थाको संख्यामा समेत वृद्धि आएको छ। यस अवधिमा नेप्सेमा सूचीकृत कम्पनीको संख्यामा करिब ९.७ प्रतिशतले वृद्धि आई २१५ पुगेको छ। यस वर्ष उत्पादन तथा प्रशोधन समूहमा एक सिमेन्ट कम्पनी थप सूचीकृत भएको छ। गत वर्ष सूचीकृत कम्पनीको संख्या १९६ रहेको थियो। यस अवधिमा मर्जर तथा प्राप्तिले तीन कम्पनी सूचीकरणबाट हटेतापनि थप २२ संगठित संस्था (१० लघुवित्त, ११ जलविद्युत् कम्पनी र एक उत्पादन तथा प्रशोधन कम्पनी) नेप्सेमा सूचीकृत भएका कारण सूचीकृत कम्पनीको संख्यामा वृद्धि भएको हो। नेप्सेले सूचीकृत कम्पनीलाई विभिन्न ११ क्षेत्रहरुमा विभाजन गरेको छ। समीक्षा वर्षमा नेप्सेमा सूचीकृत कुल २१५ कम्पनीहरुमध्ये २७ वाणिज्य बैंक, ३२ विकास बैंक, ४७ लघुवित्त कम्पनी, २६ वित्त कम्पनी, २२ बीमा कम्पनी, ३० जलविद्युत, चार होटल, १९ उत्पादन तथा प्रशोधन कम्पनी, चार व्यापार कम्पनी र चार अन्य कम्पनीहरु रहेका छन्। सूचीकृत कम्पनीहरुको क्षेत्रगत विवरण तालिका २.९ मा प्रस्तुत गरिएको छ।

**तालिका २.९**
**सूचीकृत संगठित संस्थाको क्षेत्रगत अवस्था**

| क्र. सं. | क्षेत्र | सूचीकृत संगठित संस्थाको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वाणिज्य बैंक | २७ | १२.५६ |
| २ | विकास बैंक | ३२ | १४.८८ |
| ३ | वित्त कम्पनी | २६ | १२.०९ |
| ४ | लघुवित्त | ४७ | २१.८६ |
| ५ | जीवन बीमा कम्पनी | ७ | ३.२६ |
| ६ | गैर जीवन बीमा कम्पनी | १५ | ६.९८ |
| ७ | उत्पादन तथा प्रशोधन | १९ | ८.८४ |
| ८ | होटल | ४ | १.८६ |
| ९ | व्यापार कम्पनी | ४ | १.८६ |
| १० | जलविद्युत | ३० | १३.९५ |
| ११ | अन्य | ४ | १.८६ |
| **जम्मा** | | २१५ | १०० |

**च) धितोपत्र सूचीकरण**: आ.व. २०७५।७६ मा धितोपत्रको दोस्रो बजारमा २५ करोड ७० लाख ६ हजार कित्ता बराबरको प्राथमिक निष्काशनको साधारण सेयर, २ करोड ९५ लाख ६३ हजार कित्ता बराबरको थप निष्काशित सेयर, ११ करोड २ लाख २६ हजार कित्ता बराबरको हकप्रद सेयर, २५ करोड १ लाख ४८ हजार कित्ता बराबरको बोनस सेयर र ८७ लाख ९१ हजारको संस्थागत ऋणपत्र सूचीकृत भएको छ।

**छ) सूचीकृत धितोपत्रको चुक्ता मूल्य**: गत वर्ष सूचीकृत धितोपत्रको चुक्ता मूल्य रु.३५२ अर्ब ९ करोडबाट करिब १७.०९ प्रतिशतले वृद्धि भई समीक्षा वर्षमा उक्त मूल्य रु.४१२ अर्ब २८ करोड पुगेको छ।

### २.२.२.२ ऋणपत्र बजार

नेपालमा ऋणपत्रको निष्काशन सरकारी क्षेत्र र संस्थागत क्षेत्रबाट हुने गरेको छ। संस्थागत ऋणपत्र निष्काशनको शुरुवात आ.व. २०५४।५५ बाट भएको हो। सरकारी ऋणपत्रमध्ये विकास ऋणपत्रको सूचीकरण नेपाल स्टक एक्सचेञ्ज लि.मा हुने व्यवस्था रहेको छ। आ.व. २०७५।७६ मा नेपालको ऋणपत्र बजारको आकार रु.१२६ अर्ब ११ करोड बराबरको रहेको छ जसमा सरकारी ऋणपत्रको अंश करिब ८५ प्रतिशत र बाँकी १५ प्रतिशत संस्थागत ऋणपत्रको रहेको छ। पछिल्लो समय वाणिज्य बैंकहरुले दीर्घकालीन ऋण पुँजी संकलन गर्नका लागि ऋणपत्र निष्काशन गर्ने क्रममा उल्लेख्य वृद्धि आएको छ। समीक्षा वर्षमा १२ बैंकले रु.२९.९८ अर्ब बराबरको ऋणपत्र निष्काशन गरेका छन् जुन हालसम्मकै उच्च हो। गत वर्ष एक बैंकले तीन अर्ब रुपैयाँ बराबरको ऋणपत्र निष्काशन गरेको थियो।

प्राथमिक बजारमा निष्काशन भएको ऋणपत्रको सूचीकरण तथा कारोबार नेपाल स्टक एक्सचेञ्ज लि.मा हुँदै आएको छ। आ.व. २०७५।७६ मा २२ बैंकको रु.१९ अर्ब ३७ करोड बराबरको संस्थागत ऋणपत्र नेप्सेमा सूचीकृत भएको छ भने सरकारको रु.१०६ अर्ब ७४ करोड बराबरको सरकारी ऋणपत्र पनि नेप्सेमा सूचीकृत भएको छ। समीक्षा वर्षमा रु.११ करोड २८ लाख बराबरको संस्थागत ऋणपत्रको म्यानुअल कारोबार भएको छ जुन सूचीकृत ऋणपत्रको मूल्यको आधारमा ०.५८ प्रतिशत हो।

### २.२.२.३ ओटिसी बजार

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११७ ले दिएको अधिकार प्रयोग गरी धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम २३ को प्रयोजनका लागि बोर्डको स्वीकृति लिई नेपाल स्टक एक्सचेञ्ज लि.ले ओटिसी बजार संचालन विनियमावली, २०६५ मिति २०६५।०२।२२ देखि लागू गरेको थियो। तत्पश्चात् नेपाल बैंक लि. लगायत अन्य एक दुई कम्पनीको कारोवार भएतापनि लामो समयदेखि निष्कृय रहेको उक्त बजारमा समीक्षा वर्षमा बोर्डले मिति २०७२।०९।०६ मा नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकृत नभएका पब्लिक कम्पनीहरुको धितोपत्रको खरिद बिक्री ओटिसी बजारमा गर्न सकिने जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयमा दिनुको साथै बोर्डले नेपाल स्टक एक्सचेन्ज लि.लाई ओटिसी बजार व्यवस्थित गर्न निर्देशित गरेकोमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७२।१०।१८ मा धितोपत्र बजारमा सूचीकरण नभएका कम्पनी, धितोपत्र बजारबाट सूचीकरण खारेज गरिएका तथा सूचीकरणका लागि आवश्यक शर्तहरु पूरा गर्न नसकी सूचीकरण हुन नसकेका पब्लिक लिमिटेड कम्पनीहरुको सेयरको कारोवार तथा नामसारी ओटिसि बजारमार्फत् गर्न सकिने सूचना प्रकाशन भएपश्चात् उक्त बजार सकृय हुन थालेको हो।

समीक्षा वर्षमा यस बजारमा ६१ संस्थाको १ करोड ५२ लाख कित्ता सेयर कुल रु. २ अर्ब रुपैयाँ बराबरको मूल्यमा कारोबार भएको छ जुन गत वर्षको तुलनामा करिब ५५ प्रतिशतको वृद्धि हो। गत वर्ष कुल ५४ संस्थाको १ करोड ३० लाख कित्ता सेयर कुल रु.१ अर्ब ३० करोड मूल्यमा कारोबार भएको थियो। विगत तीन आर्थिक वर्षमा ओटिसी बजारमा भएको कारोबारको स्थितिलाई तालिका २.१० मा प्रस्तुत गरिएको छ।

**तालिका २.१०**
**ओटिसी बजार**

| आर्थिक वर्ष | कारोबार भएको संगठित संस्थाको संख्या | कारोबार धितोपत्रको संख्या करोडमा | कारोबार रकम रु. अर्बमा |
|---|---|---|---|
| २०७३/७४ | २५ | ०.२१ | ०.२४ |
| २०७४/७५ | ५४ | १.३० | १.३० |
| २०७५/७६ | ६१ | १.५२ | २.०१ |
| **जम्मा** | १४० | ३.०३ | ३.५५ |

## २.२.३ धितोपत्र बजार विकास तथा सुधारका पहलहरु

धितोपत्र तथा वस्तु विनिमय बजारको नियामन निकायको रुपमा बोर्डले हालका वर्षहरुमा सशक्त नियमन तथा सुपरिवेक्षण भूमिका निभाउँदै आएको छ भने अर्कोतर्फ बोर्डले बजार विकास तथा सुधारको क्रममा पनि विभिन्न सुधारका प्रयासहरु गरिरहेको छ। फलस्वरुप धितोपत्रको प्राथमिक र दोस्रो बजारमा संरचनात्मक सुधार हुदै गएको देखिन्छ।

प्राथमिक बजारमा आस्वा र सि आस्वा प्रणाली लागू गरे पश्चात ७७ जिल्लाको साथै अधिकांश स्थानीय निकायमा पनि प्राथमिक बजारको पहुँच पुगी सकेको छ। सूचीकरणदेखि कारोबारसम्म छ महिनाको अवधि ४० दिनमा झरेकोले लागत समेत घटन गएको छ भने अर्को तर्फ धितोपत्र बजारको सुपरिवेक्षणलाई सशक्त बनाउदै लैजाने क्रममा धितोपत्र दलाल व्यवसायी, निक्षेप सदस्य, योजना व्यवस्थापकलाई आर्थिक जरिवाना, धितोपत्रको सार्वजनिक निष्काशन प्रकृयालाई थप व्यवस्थित गर्ने र धितोपत्र बजारमा हुन सक्ने सम्पत्ति शुद्धीकरण सम्बन्धी कार्य रोक्न निर्देशन जारी गर्ने जस्ता महत्वपूर्ण सुधारहरु भई धितोपत्र बजार क्रमशः आधुनिकीकरणको चरणमा प्रवेश गरेको छ।

समीक्षा वर्ष २०७५।७६ मा प्राइभेट इक्वीटी फण्ड, भेन्चर क्यापिटल फण्ड, हेज फण्ड जस्ता बैकल्पिक लगानी कोष प्रोत्साहन गर्न विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ लागू गरिएको, जनताको जलविद्युत कार्यक्रमको लागि बिशेष कानुनी व्यवस्था, एक नेपाली एक डिम्याट खाता अभियानको शुरुवात, आयोजना प्रभावित स्थानीय व्यक्तिलाई पनि आस्वा प्रणालीमार्फत् आवेदन दिने व्यवस्था, बोर्ड कार्यालयमा नियमित लगानीकर्ता प्रशिक्षण कार्यक्रम तथा रेडियो कार्यक्रमहरुको आरम्भ, बैंकको सहायक कम्पनीलाई ब्रोकर लाइसेन्स दिने नीतिगत निर्णय तथा प्रदेशमा स्थानीय ब्रोकरको व्यवस्था, १० कित्ता मात्र पनि आवेदन दिन पाउने व्यवस्था, सार्वजनिक निष्काशनमा आयोजना प्रभावित स्थानीय वासिन्दालाई समेत आस्वा सुविधा प्रदान, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी गतिविधिमा वित्तीय लगानी निवारणसम्बन्धी निर्देशन, २०७६ जारी, धितोपत्र मार्जिन कारोबारसम्बन्धी व्यवस्था, खुलामुखी सामूहिक लगानी कोषको शुरुवात, OECD सँगको वित्तीय साक्षरतासम्बन्धी प्रथम अन्तर्राष्ट्रिय सम्मेलन, प्रदेश नं. १ मा प्रथम प्रादेशिक पुँजी बजार प्रदर्शनी लगायतका महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन्। चालु आ.व. २०७५।७६ मा गरिएका कार्यहरुलाई तल विस्तृत रुपमा प्रस्तुत गरिएको छः

## क) कानुनी संरचनाको विकास तथा सुदृढीकरण

समीक्षा बर्षमा प्राइभेट इक्वीटी फण्ड, भेन्चर क्यापिटल फण्ड, हेज फण्ड जस्ता बैकल्पिक लगानी कोष प्रोत्साहन गर्न विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ जस्तो महत्वपूर्ण नियमावली लागू गरिएको छ। यसका साथै जनताको जलविद्युत कार्यक्रमको लागि बिशेष कानुनी व्यवस्था लगायत कानुनी संरचनाको विकास तथा सुदृढीकरणसम्बन्धी देहायका महत्वपूर्ण कार्यहरु भएका छन् :

**१. विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ लागू:** नेपाल सरकारको आ.व.२०७५।७६ को बजेट वक्तब्यमा प्राइभेट इक्विटी, भेञ्चर क्यापिटल र हेज फण्ड लगायतका नयाँ संस्थाहरुलाई पुँजी बजारमा प्रवेश गराइने कार्यक्रम अनुसार धितोपत्र सम्बन्धी ऐन, २०६३ को व्यवस्था बमोजिम बोर्डले प्राइभेट इक्वीटी फण्ड, भेन्चर क्यापिटल फण्ड, हेज फण्ड जस्ता बैकल्पिक लगानी कोष प्रोत्साहन गर्न विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ बनाई नेपाल सरकारको स्वीकृतिमा मिति २०७५ फागुन २२ देखि लागू गरेको छ।

**२. जनताको जलविद्युत कार्यक्रमको लागि बिशेष कानुनी व्यवस्थाः** नेपाल सरकारको संरक्षकत्वमा नेपालको जलविद्युतको विकासमा आम सर्वसाधारण नेपालीलाई सहभागी गराउने उद्देश्यले नेपाल सरकारले ल्याउन लागेको जनताको जलविद्युत कार्यक्रम अनुसार आम सर्वसाधारण जनताको लागि ब्यवस्था गरिएको ४९ प्रतिशत स्वः पुँजी संकलनको लागि गरिने सेयर निष्काशन तथा बाँडफाँडलाई व्यवस्थित गर्ने सम्बन्धमा बोर्डले बिशेष कानुनी व्यवस्था गरेको छ।

**३. धितोपत्र सूचीकरण तथा कारोवार नियमावली, २०७५ लागू:** धितोपत्रको सूचीकरण तथा कारोवार प्रक्रियालाई थप व्यवस्थित, प्रविधि तथा वजारमैत्री र समसामयिक वनाउन धितोपत्र सम्वन्धी ऐन, २०६३ को व्यवस्था वमोजिम विगत २५ वर्ष पुरानो धितोपत्र कारोबार नियमावली, २०५० लाई प्रतिस्थापन गरी बोर्डले धितोपत्र सूचीकरण तथा कारोवार नियमावली, २०७५ नेपाल सरकारको स्वीकृतिमा २०७५ श्रावण १ गते देखि लागू गरेको छ।

**४. धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ स्वीकृतः** बोर्डले स्वीकृति प्रदान गरेको धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ नेप्सेले २०७५ श्रावण २० गते देखि लागू गरेको छ।

## ख. बजार पूर्वाधारहरुमा सुधार तथा विकास

समीक्षा बर्षमा धितोपत्र दलाल व्यवसायीको सेवा विस्तार गर्न स्वीकृति दिनुका साथै थप मर्चेन्ट बैंकरलाई अनुमति र खुलामुखी सामूहिक लगानी कोषको शुरुवात गरेको छ। बजार पूर्वाधारमा सुधार गर्नको लागि धितोपत्रको मार्जिन कारोबार सम्बन्धी व्यवस्था, अभौतिक धितोपत्रको घरायसी/मृत्यु नामसारीमा सहजिकरण, म्युचुयल फण्डसम्बन्धी छुट्टै परिसूचकको गणनाका साथै वस्तु विनिमय बजार संचालनको लागि थप आवेदन समेत माग गरिएको छ। बजार पूर्वाधारहरुमा सुधार तथा विकासका सम्बन्धमा देहायका महत्वपूर्ण कार्यहरु समीक्षा बर्षमा सम्पन्न भएका छन्।

**१. देशका विभिन्न स्थानमा धितोपत्र दलाल व्यवसायीको सेवा विस्तार**ः देशको संघीय संरचना अनुसार वजार विस्तार गर्दै जानु पर्ने अवस्था रहेको एवं हाल धितोपत्र दलाल व्यवसायीले शाखावाट हुने कारोवार सम्वन्धित धितोपत्र दलाल व्यवसायीको केन्द्रीय कार्यालयमा आवद्ध (Integrate) भई नेप्सेको प्रणालीमार्फत हुने व्यवस्था हुन लागेको सन्दर्भमा आ.व. २०७४/०७५ भित्र (२०७५ आषाढ मसान्तसम्म) बोर्डमा शाखा कार्यालय खोल्न निवेदन पेश गरेका, काठमाडौं उपत्यका वाहिरका हाल धितोपत्र दलाल व्यवसायीको शाखा नपुगेका आर्थिक रुपमा सक्रियताको आधारमा सम्भाव्य जिल्ला/स्थानहरु महेन्द्रनगर (कञ्चनपुर), बिरेन्द्रनगर (सुर्खेत), घोराही, तुलसीपुर (दाङ), भैरहवा (रुपन्देही) र जनकपुर (धनुषा) मा, शाखावाट हुने कारोवार सम्वन्धित धितोपत्र दलाल व्यवसायीको केन्द्रीय कार्यालयमा आवद्ध (Integrate) भई नेप्सेको प्रणालीमार्फत हुने व्यवस्था गर्ने गरी काठमाडौं बाहिर आठ धितोपत्र दलाल व्यवसायीलाई शाखा कार्यालय स्थापना गर्न स्वीकृति दिई सो स्थानहरुमा धितोपत्र दलाल व्यवसायीले सेवा संचालन गरिसकेका छन् ।

**२. थप मर्चेन्ट बैंकरलाई अनुमति प्रदान**ः बोर्डले समीक्षा अवधिमा दुई वाणिज्य बैंकका सहायक कम्पनीहरुलाई मर्चेन्ट बैकरको कार्य गर्न अनुमति प्रदान गरेको छ। बोर्डले मिति २०७५ पुस १० मा कुमारी बैक लि.को सहायक कम्पनी कुमारी क्यापिटल लि. र मिति २०७५ पुस २६ मा मा नेपाल बङ्गलादेश बैंक लि. को सहायक कम्पनी नेपाल बङ्गलादेश क्यापिटल लि. लाई मर्चेन्ट बैंकिङ्ग सेवा अन्तर्गतको निष्काशन तथा बिक्री प्रबन्ध, सेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभूति, लगानी व्यवस्थापन, संस्थागत परामर्श सेवा प्रदान गर्न सक्ने गरी मर्चेन्ट बैंकरको अनुमतिपत्र प्रदान गरेको हो।

**३. बैंकलाई ब्रोकर लाइसेन्स**ः धितोपत्र बजारको दायरा फराकिलो बनाउने उद्देश्य अनुरुप तोकिएको मापदण्ड पुरा गर्ने बाणिज्य बैंकहरुलाई सहायक कम्पनीहरु मार्फत सेयर खरिद बिक्री सम्बन्धी सेवा प्रदान गर्न पाउने गरी अनुमतीपत्र प्रदान गर्न धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली २०६४ बमोजिम बोर्डमा सिफारिस गर्न मिति २०७५।०९।१८ मा नेपाल स्टक एक्सचेन्जलाई निर्देशन दिइएको छ।

**४. संघीय संरचना अनुसार धितोपत्र दलाल व्यवसायी थप गर्ने**ः बोर्डले संघीय संरचना अनुसार धितोपत्र दलाल व्यवसायीको अनुमतिपत्र प्रदान गर्ने कार्य अगाडि बढाउने सम्बन्धमा मिति २०७५ मंसिर १७ मा नेप्सेलाई निर्देशन दिएको छ। बोर्डले आर्थिक बर्ष २०७५।०७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम अनुसार धितोपत्रको दोस्रो बजारको पहुंच विस्तार गरी धितोपत्र बजारमार्फत् स्थानीयस्तरमा रहेको बचत तथा लगानीलाई दीर्घकालीन पुँजी परिचालनको मूल प्रवाहमा ल्याउन संघीय संरचना अनुसार विभिन्न प्रदेशहरुमा आर्थिक रुपमा सम्भाव्य जिल्ला/स्थानहरुमा धितोपत्र दलाल सेवा संचालन अनुमति दिन बोर्डले उक्त निर्देशन दिएको हो।

**५. सूचना प्रवाह सुदृढ गर्ने र स्टक डेरिभेटिभ मार्केटको विकास गर्न नेप्सेलाई निर्देशन**ः लगानीकर्ताहरुलाई बजारसम्बन्धी तथ्यपूर्ण एवं विश्वसनीय सूचना एवं जानकारी उपलब्ध गराउन सूचना प्रवाह सुदृढ गर्दै जाने र इक्यूटी डेरिभेटिभ मार्केटको विकास गर्ने कार्यक्रम अनुसार नेप्सेलाई सोको लागि मिति २०७५ श्रावण २७ मा बोर्डले निर्देशन दिएको छ।

**६. अभौतिक धितोपत्रको घरायसी र मृत्यु नामसारीमा सहजीकरण**ः सिडिएसीबाट प्राप्त धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ पटक पटक पुनरावलोकन गरी आवश्यक सुधारसहित अन्तिम रुप दिईएको विनियमावलीको तेस्रो संशोधन प्रस्ताव बोर्डवाट यसै बर्ष स्वीकृत गरिएको छ। यस बमोजिम भौतिक, अभौतिक धितोपत्रको घरायसी नामसारी गर्न र मृत्यु पश्चातको धितोपत्र नामसारी निक्षेप सदस्यमार्फत् समेत हुने व्यवस्था गरिएको छ।

**७. सार्वजनिक निष्काशनमा उद्योग वा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दालाई समेत आस्वा सुविधा**ः देशको ७७ जिल्लाका साथै ७०० भन्दा बढी स्थानीय निकायमा आस्वा सुविधा मार्फत प्राथमिक निष्काशनमा आवेदन दिन मिल्ने सुविधा पुगिसकेको सर्न्दभमा बोर्डले उद्योग वा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दालाई समेत मिति २०७५ फाल्गुन १ गते देखि ऐच्छिक रुपमा आस्वा प्रणालीमार्फत आवेदन दिने व्यवस्था गरेको छ।

**८. धितोपत्र बजारमा खुलामुखी सामूहिक लगानी कोष (Open ended mutual fund) को शुरुवात**ः धितोपत्र बजारमा नयाँ वित्तीय औजार भित्र्याउने क्रममा खुलामुखी सामूहिक लगानी कोष योजना संचालन गर्न एक योजना व्यवस्थापकलाई मिति २०७६ वैशाख १५ मा अनुमति प्रदान गरेको छ। बोर्डको आ.ब. २०७५।७६ को नीति तथा कार्यक्रममा धितोपत्र बजारमा सामूहिक लगानी कोष अन्तर्गत खुलामुखी योजना (Open Ended Mutual Fund Scheme) लाई समेत प्रवेश गराउने कार्यक्रम रहे अनुरुप बोर्डले प्रारम्भिक आकार रु.५० करोड रहने गरी पहिलो खुलामुखी सामूहिक लगानी योजना संचालन गर्न अनुमति प्रदान गरेको हो। उक्त योजना अन्तर्गत पहिलो चरणमा १२ करोड ५० लाख बराबरको ईकाइहरु सार्वजनिक निष्काशनको माध्यमबाट बिक्री खुल्ला हुनेछ।

**९. वस्तु विनिमय बजार संचालनको लागि नयाँ आवेदन माग**ः वस्तु विनिमय बजार संचालन गर्न बोर्डमा पाँच वटा प्रस्तावित कम्पनीहरुले पूर्व स्वीकृतिका लागि निवेदन पेश गरेकोमा मुलुकको अर्थतन्त्रको आकार, औद्योगिक व्यवसायको विकास, वस्तु कारोवारको सम्भाव्यता तथा लगानीकर्ताको हित संरक्षणलाई समेत दृष्टिगत गरी वस्तु बजार सम्बन्धी नियमावली, २०७४ को नियम (५) बमोजिम उक्त कम्पनीहरुले सम्पूर्ण कागजात तथा विवरणहरु पेश गरेको नदेखिएकाले वस्तु विनिमय बजार सञ्चालन गर्न पूर्व स्वीकृतिका लागि आएका पाँचै निवेदकहरुलाई बोर्डले पूर्व स्वीकृति प्रदान गर्न इन्कार गर्ने निर्णय गरेको थियो।

मुलुकको अर्थतन्त्रको आकार, औद्योगिक व्यवसायको विकास, वस्तु कारोवारको सम्भाव्यता तथा लगानीकर्ताको हित संरक्षणलाई समेत दृष्टिगत गरी हाललाई बोर्डबाट दुईवटालाई मात्र वस्तु विनिमय बजार सञ्चालन गर्न स्वीकृति प्रदान गरिने नीतिगत निर्णय गरी मिति २०७६ वैशाख १२ मा नयाँ आवेदन दिन चाहने आवेदकका लागि दुई महिनाको समय दिई बोर्डले आव्हान गरेको थियो। इन्कार गरिएका आवेदकले समेत पूर्व स्वीकृतिका लागि पुनः आवेदन गर्न सक्ने व्यवस्था समेत गरिएको थियो। यस क्रममा उल्लेखित समयावधि २०७६ आषाढ ११ गते भित्र छ संस्थाको निवेदन प्राप्त भएको छ। बोर्डले यसरी वस्तु विनिमय बजार संचालनका लागि पूर्व स्वीकृति प्रदान गर्दा प्रस्तावित कम्पनीको पुँजी र रणनीतिक साझेदार, प्रस्तावित प्रविधि, व्यवसायिक योजना, संस्थागत स्वामित्व संलग्नता र व्यवस्थापनको योग्यताको आधारमा उत्कृष्ट दुईवटा आवेदकलाई छनौट गरिने गरी प्रकृया अगाडि बढाएको छ।

**१०. सर्किट ब्रेकरसम्बन्धी व्यस्थामा सुधार**ः बोर्डले सर्किट ब्रेकर सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासको समेत मध्यनजर गरी बजार प्रभावित गर्ने प्रबृत्तिलाई निरुत्साहित गर्न नेप्से सूचकांक बढ्दा र घट्दा सर्किट ब्रेक लाग्ने व्यवस्थालाई समसामयिक बनाउन मिति २०७५ चैत १९ मा निर्देशन दिइए अनुरुप नेप्सेले धितोपत्रको दोस्रो बजारको कारोबारमा प्रचलनमा रहेको सर्किट ब्रेकरको व्यवस्थालाई परिमार्जन गरेको छ। परिवर्तित व्यवस्था अनुसार मिति २०७५ चैत १९ देखि कारोबार शुरू भएको पहिलो एक घण्टामा चार प्रतिशतले घटे वा बढेमा २० मिनेट, दोस्रो घण्टामा पाँच प्रतिशले घटे वा बढेमा ४० मिनेट र तेस्रो घण्टा वा त्यसपछिको समयमा छ प्रतिशतले घटे वा बढेमा बाँकी पूरै दिनको कारोबार स्थगित हुने व्यवस्था गरिएको छ।

**११. म्युचुयल फण्डको छुट्टै सूचकांकको गणना शुरुवात**ः पछिल्लो समय धितोपत्रको दोस्रो बजारमा म्युचुयल फण्डको सहभागिता बढ्दै गएको परिप्रेक्ष्यमा यस समूहको कारोबार मूल्यको वास्तविक अवस्थाको जानकारीका लागि छुट्टै सूचकांकको विकास गर्न बोर्डको २०७५ श्रावण २७ को निर्देशानुसार नेप्सेले मिति २०७६ वैशाख २९ देखि म्युचुअल फण्डको नयाँ सूचकांक गणना शुरुवात गरेको छ। यस सूचकांकको आधार विन्दु १० अंकको हुने भएको छ। यससँगै धितोपत्रको दोस्रो बजारमा कूल ११ उप सूचकांकको गणना हुने थालेको हो। यस प्रकारको समूहगत सूचकांकहरुको गणनाको शुरुवात आर्थिक वर्ष २०५५।५६ बाट नै भएको हो। नेप्सेले २०६३ सालमा सेन्सिटिभ सूचकांक र २०६५ सालमा फ्लोट सूचकांक र सेन्सिटिभ सूचकांक गणनाको शुरुवात गरेको थियो।

## ग. बजार सुपरिवेक्षण व्यवस्थामा सुधार

बोर्डले धितोपत्र बजार सुपरिवेक्षण सम्बन्धमा देहायका महत्वपूर्ण कार्यहरु गरी सुपरिवेक्षणलाई सुदृढ बनाउँदै लगेको छ :

**१. योजना व्यवस्थापकहरुलाई आर्थिक जरिवाना**ः बोर्डले पहिलोपटक सामूहिक लगानी योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने चार योजना व्यवस्थापकलाई आर्थिक जरिवाना गरेको छ। बोर्डवाट योजना व्यवस्थापकहरुको स्थलगत तथा गैह्रस्थलगत निरीक्षणको क्रममा सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३६ को उपनियम (१) को खण्ड (ङ) को व्यवस्था बमोजिम योजना व्यवस्थापकले प्रत्येक योजनाको रकम लगानी गर्दा बैंक निक्षेपमा योजनाको कुल सम्पत्तिको १० प्रतिशत भन्दा बढी नहुने गरी लगानी गर्नुपर्ने सीमा उल्लघंन गरेको देखिएकोले चार योजना व्यवस्थापकहरुलाई धितोपत्र सम्वन्धी ऐनको दफा १०१ को उपदफा (७) बमोजिम, कानुनी व्यवस्था उल्लंघनको स्तरको आधारमा बोर्डवाट दुई योजना व्यवस्थापकलाई क्रमशः रु.३५ हजार र अन्य दुई लाई रु.२५ हजार जरिवाना गरिएको छ।

**२. एक पटकमा रु.५ लाख वा सोभन्दा बढी कारोवार गर्ने लगानीकर्ताहरुलाई स्थायी लेखा नम्बर (प्यान) अनिवार्य गरिएको**ः बोर्डले धितोपत्रको दोस्रो बजारमा हुने धितोपत्रको कारोबारमा चरणबद्ध रुपमा प्यान लागु गर्ने भएको छ। नेपाल सरकारको आर्थिक बर्ष २०७५।०७६ को नीति तथा कार्यक्रममा र बजेट कार्यान्वयन कार्ययोजनामा दोश्रो बजार मार्फत सेयर खरिद गर्दा लगानीकर्ताले स्थायी लेखा नम्बर लिएको प्रमाण पेश गर्नुपर्ने नीतिगत व्यवस्था गर्ने कार्यक्रम रहे बमोजिम बोर्डबाट वि.स. २०७६ बैशाख १ गतेबाट दोस्रो बजारमार्फत् सेयर खरिद गर्दा स्थायी लेखा नम्बर अनिवार्य गर्ने व्यवस्था गरिएकोमा बोर्डले लगानीकर्ता तथा सम्बद्ध पक्षहरुसँग गरिएको छलफलको सुझाव तथा निष्कर्ष एवं नेपाल सरकार अर्थ मन्त्रालयबाट प्राप्त उच्चस्तरीय वित्तीय क्षेत्र समन्वय समितिको बैठकको निर्णयानुसारको निर्देशनलाई दृष्टिगत गरी बि.सं. २०७६ बैशाख १ गतेबाट धितोपत्रको दोस्रो बजारमा एक पटकमा रु. ५ लाख वा सोभन्दा बढी कारोवार गर्ने लगानीकर्ताहरुलाई स्थायी लेखा नम्बर (प्यान) अनिवार्य गर्ने र सोभन्दा कम लगानी गर्ने तथा साना लगानीकर्ताहरुलाई प्रोत्साहित गर्न हाललाई ऐच्छिक रुपमा गर्न सक्ने व्यवस्था बोर्डले गरेको छ।

## घ. बजार सहभागीहरुको व्यवसायिकता तथा स्तर अभिवृद्धि

**१. बजारका गुनासा सम्बोधनका लागि कार्यक्रमः** विश्व लगानीकर्ता सप्ताह २०१८ को अवसर पारी मिति २०७५ असोज १७ मा प्रथम पटक नेप्से, सिडिएससी, मर्चेन्ट बैंकर एसोशियसन, ब्रोकर एसोशियसन तथा लगानीकर्ता संघहरु समेतको सहकार्यमा धितोपत्र बजार गतिविधि तथा बजार नियमनसम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरिएकोमा यस कार्यक्रमलाई थप प्रभावकारी एवं मितव्ययी बनाउनका लागि मासिक रुपमा रेडियोमार्फत् प्रत्यक्ष प्रसारण हुने गरी लगानीकर्तासँग प्रत्यक्ष संवाद कार्यक्रम सञ्चालन गर्ने प्रयास अनुरुप रेडियो कान्तिपुरसँग सम्झौता गरी मिति २०७६ वैशाख ४ मा विहान ७:३० देखी ८:०० बजेसम्म प्रत्यक्ष प्रसारण भएको छ। यो कार्यक्रम निरन्तर सञ्चालन हुँदै आएको छ।

**२. धितोपत्रको मार्जिन कारोबारसम्बन्धी व्यवस्थाः** बोर्डले धितोपत्र दलाल व्यवसायीहरुमार्फत् प्रदान हुने धितोपत्रको मार्जिन कारोबारसम्बन्धी सेवा सुविधामा रहेका अस्पष्टताहरुलाई हटाउँदै उक्त सुविधा कार्यान्वयनमा ल्याउन मिति २०७५ माघ १८ मा नेप्सेलाई निर्देशन दिएको छ। धितोपत्रको दोस्रो बजारमार्फत् लगानी गर्ने सर्वसाधारण लगानीकर्तालाई अन्तर्राष्ट्रिय अभ्यास अनुरुप मार्जिन कारोवार सुविधा उपलब्ध गराउने, दोस्रो बजार कारोबारमा तरलता अभिवृद्धि गर्ने तथा धितोपत्र दलाल व्यवसायको दायरा विस्तार गर्ने उद्देश्यले उक्त निर्देशन दिएको हो। धितोपत्र दलालले ग्राहकलाई उपलब्ध गराउने ऋणको ब्याजदर तथा अनुगमन सम्बन्धमा देहाय अनुसारको व्यवस्थासमेत गरी मार्जिन कारोवार सुविधा उपलब्ध गराउने कार्य कार्यान्वयनमा ल्याउन नेपाल स्टक एक्सचेञ्जलाई निर्देशन दिनुका साथै यस सम्वन्धी अन्य व्यवस्था समेत गरिएको छ। यस व्यवस्था बमोजिम हाल नेप्सेले केही धितोपत्र दलाल व्यवसायीलाई यस्तो सेवा प्रदान गर्नका लागि अनुमति दिइसकेको छ।

**३. धितोपत्र व्यवसायीहरुलाई कर्मचारी नियमावली लागू गर्न निर्देशनः** बोर्डले धितोपत्र व्यवसायीहरुलाई कर्मचारी नियमावली बनाई लागू गर्न निर्देशन दिएकोमा कर्मचारी नियमावली नभएका धितोपत्र दलाल व्यवसायीहरुबाट कर्मचारी नियमावली बनाई लागू भएको छ। यस्तै मर्चेन्ट बैंकरहरुलाई पनि कर्मचारी नियमावली बनाई लागू गर्न निर्देशन दिइएकोमा मर्चेन्ट बैंकरहरुले कर्मचारी नियमावली र आचार संहिता बोर्डमा पेश गरेका छन्। साथै स्थलगत सुपरिवेक्षणका क्रममा मर्चेन्ट बैंकरहरुले नेपाल सरकारले तोके बमोजिम न्यूनतम ज्यालाभन्दा कम नहुने गरी बैंक मार्फत कर्मचारीलाई तलब तथा भत्ता प्रदान गरेको पाइएको छ।

## ङ. अध्ययन तथा अनुसन्धान

बोर्डले पछिल्लो समय बजार सुधार तथा विकासका लागि अध्ययन तथा अनुसन्धान कार्यलाई प्राथमिकता दिदै आएको छ। समीक्षा वर्षमा बोर्डले देहाय बमोजिमको विषयमा अध्ययन तथा अनुसन्धान कार्य सम्पन्न गरेको छ।

- नेप्से सूचकांक, ब्याजदर र धितोपत्र आपूर्ति सम्बन्धी संक्षिप्त अध्ययन, २०७४
- Establishment of Securities Market Institue in Nepal: A Concept Paper, 2017
- धितोपत्र बजारको वर्तमान अवस्था, हालसालका सुधार तथा विकास तथा सुधारको प्राथमिकता, २०७४
- विश्वविद्यालय स्तरका धितोपत्र सम्बन्धी अध्ययनलाई पुरस्कृत गर्ने सम्बन्धमा प्रस्ताव, २०७४
- धितोपत्र बजार प्रदर्शनी आयोजना तथा सञ्चालन अवधारणा, २०७४
- धितोपत्र बजार सूचकांक तथा बजार पुँजीकरणसम्बन्धी जानकारी प्रवाहमा सुधार सम्बन्धी अध्ययन, २०७५
- समीक्षा वर्षमा बोर्डले निम्न अनुसार सामग्री प्रकाशन गर्नुका साथै नियमित प्रकाशनलाई समेत निरन्तरता दिएको छः
  - नेपाल धितोपत्र बोर्ड समाचार, २७ औं बर्षिकोत्सव विशेषाङ्क, २०७६
  - धितोपत्र तथा वस्तु विनिमय बजार विकास तथा सुधारका आयामहरु, २०७६
  - Sebon Journal, Volume VII
  - बोर्डको वार्षिक प्रतिवेदन, आ.व. २०७४।७५ (नेपालीमा)
  - बोर्डको वार्षिक प्रतिवेदन, आ.व.२०७३।७४ (अङ्ग्रेजीमा)
  - बोर्डको वार्षिक प्रतिवेदन, आ.व. २०७४।७५ (अङ्ग्रेजीमा)
  - Securities Board of Nepal, An Introduction
  - नेपाल धितोपत्र बोर्ड समाचार अंक १८-२२
  - Quarterly Securities Market Indicators, Issue 7-9
  - Securities and Commodities Market Related Laws, Special Publication, 2076

## च. प्रशिक्षण तथा जनचेतना अभिवृद्धि

यस सम्बन्धमा समीक्षा वर्षमा बोर्डले विश्व लगानीकर्ता सप्ताह, प्रथम प्रादेशिक पुँजी बजारसहित विभिन्न कार्यक्रमहरु सम्पन्न गरेको छ :

- **प्रथम प्रादेशिक पुँजी बजार प्रदर्शनी सम्पन्नः** बोर्डले विश्व लगानीकर्ता सप्ताहको अवसर पारी प्रदेश नं. १ मा प्रथम प्रादेशिक पुँजी बजार प्रदर्शनी सफलतापूर्वक सम्पन्न गरेको छ । असोज १९ र २० गते तद्अनुरुप अक्टोबर ५ र ६ मा नेपालको औद्योगिक नगरी प्रदेश नं. १ को विराटनगरमा आयोजना भएको उक्त प्रदर्शनीको कार्यक्रमका प्रमुख अतिथि तथा प्रदेश नं. १ का माननीय मुख्यमन्त्री श्री शेरधन राईले समुद्घाटन गर्नुभएको थियो । उहाँले बोर्डले प्रकाशन गरेको आर्थिक, बैकिङ्ग तथा धितोपत्र बजारसम्बन्धी प्रादेशिक परिसूचकको समेत विमोचन गर्नुभएको थियो । प्रदेश नं १ को आर्थिक मामिला तथा योजना मन्त्रालयका सल्लाहकार तथा त्रिभुवन विश्वविद्यालयका प्रा.डा.प्रमोदकुमार झाको सभापतित्वमा सञ्चालित उक्त समुद्घाटन कार्यक्रममा प्रदेश नं. १ का आर्थिक मामिला तथा योजनामन्त्री माननीय श्री इन्द्र बहादुर आङ्बोले सप्ताहको अवसरमा एक नेपाली, एक डिम्याट खाता अभियानको सुरुआत गर्दै दुई जना नयाँ लगानीकर्तालाई डिम्याट खाता नम्बर प्रदान गर्नुभयो । समुद्घाटन समारोहमा विशेष अतिथिको रुपमा बोल्दै नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा.रेवतबहादुर कार्कीले नेपालको धितोपत्र बजारको शुरुवात नै विराटनगरबाट भएको गौरवपूर्ण इतिहासलाई सम्मान गर्नका लागि बोर्डले पहिलो प्रादेशिक पुँजी बजार प्रदर्शनी विराटनगरबाट शुरु गरेको बताउनुभयो ।

  प्रदर्शनीमा धितोपत्र बजार, वास्तविक क्षेत्रको पुँजी परिचालन तथा आर्थिक विकास र धितोपत्र व्यवसायी सेवाः नेपालको सन्र्दभ सम्बन्धी विषय शीर्षकहरुमा प्राविधिक सत्रहरु संचालन भएको थियो । प्रदर्शनीमा नेप्सेले अनलाइन कारोबारको मोक ट्रेडिङ्गका सम्बन्धमा प्रस्तुतिकरण समेत गरेको थियो । प्रदर्शनीमा बोर्ड तथा बजार सहभागीहरुका ११० स्टलमार्फत् करिब १०,००० सर्वसाधारणलाई धितोपत्र बजारसम्बन्धी जानकारी, अध्ययन सामग्रीहरुको निःशुल्क वितरण गर्नुका साथै केही इच्छुक सहभागीहरुलाई निशुल्क डिम्याट खाता खोल्ने सुविधा समेत दिइएको थियो । यस प्रदर्शनीले उक्त प्रदेशमा पुँजी बजारसम्बन्धी गतिविधिहरुमा सकारात्मक प्रभाव परेको देखिएको छ ।

- **विश्व लगानीकर्ता सप्ताह २०१८ सम्पन्नः** समृद्ध नेपालको आर्थिक आधारः गतिशील, विश्वसनीय तथा देशव्यापी पुँजी बजार भन्ने मूल नारासहित यही असोज १५ देखि २१ सम्म (तद्अनुसार अक्टोबर १ देखि ७ सम्म) विश्व लगानीकर्ता सप्ताह २०१८ को अवसरमा विभिन्न कार्यक्रमहरु भव्यतापूर्वक सम्पन्न भएका छन् । बोर्ड एशोसेट सदस्य रहेको IOSCO ले आव्हान गरे अनुरुप सर्वसाधारणलाई धितोपत्र बजार तथा सेवाका सम्बन्धमा जानकारी दिई लगानीकर्ताको सशक्तिकरण गर्ने उद्देश्यले आयोजना गरिएको विश्व लगानीकर्ता सप्ताह २०१८ मा बजार सहभागी, उच्च बौद्धिक वर्ग तथा सर्वसाधारण लगानीकर्ताहरुको उल्लेख्य सहभागिता रहेको थियो । उक्त सप्ताहमा संचालित कार्यक्रमहरु देहाय अनुसार रहेका छन् :

  - सप्ताहमा सर्वसाधारण लगानीकर्ता सहित धितोपत्र बजार सहभागीहरुको सहभागितामा प्रभातफेरी,
  - सर्वसाधारण लगानीकर्तालाई सुसूचित गर्न तथा धितोपत्र बजारका सहभागीहरुको उपस्थितिमा लगानीकर्ताको गुनासो सम्बोधन गर्नका लागि असोज १७ मा लगानीकर्ताका लागि प्राविधिक प्रशिक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम,
  - नेपालमा धितोपत्र बजारको सुधार, विकास, विस्तार, नियमन, लगानीकर्ताहरुको लगानी प्रवृत्ति सम्बन्धमा लगानीकर्ताहरुलाई जानकारी दिई सशक्तिकरण गर्ने उद्देश्यले बोर्डको आयोजनामा एबीसी टेलिभिजनमार्फत् प्रत्यक्ष सामूहिक छलफल कार्यक्रमको प्रसारण,
  - धितोपत्र बजारसम्बन्धी जानकारी देशभर घरघरमा सहज एवं सरल रुपमा पुऱ्याई धितोपत्र बजारमा सर्वसाधारणको जागरुकता बढाउन धितोपत्र तथा वस्तु विनिमय नामक पाक्षिक रेडियो कार्यक्रम शुभारम्भ गरिएको छ । यो कार्यक्रम हरेक महिनाको पहिलो र तेस्रो शनिबार रेडियो नेपालबाट विहान ७:४० देखि ७:५५ सम्म प्रसारण हुने गरेको छ । स्थानीय निकायसम्म प्राथमिक बजारको सुविधा पुगिसकेको परिप्रेक्ष्यमा यो रेडियो कार्यक्रम गाउँ गाउँका लगानीकर्ताहरुका लागि निकै उपयोगी हुँदै गएको छ ।

- **नियमित लगानीकर्ता प्रशिक्षण कार्यक्रमको शुरुवातः** नयां लगानीकर्ताहरुलाई दृष्टिगत गरी बोर्डले काठमाडौं उपत्यकामा धितोपत्र बजारसम्बन्धी निरन्तर प्रशिक्षण तथा जनचेतना अभिवृद्धि र लगानीकर्ताहरुको जिज्ञासाहरु सम्बोधन गर्न स्टक एक्सचेञ्जसंगको सहकार्यमा पाक्षिक रुपमा काठमाडौं उपत्यकाको उपयुक्त स्थानमा लगानीकर्ता प्रशिक्षण कार्यक्रम संचालन

गर्ने कार्यक्रमको कार्यान्वयन गर्ने क्रममा मिति २०७५ श्रावण २५ शुक्रबारका दिन पहिलो पाक्षिक लगानीकर्ता प्रशिक्षण कार्यक्रमको शुरुवात गरेको छ । लगानीकर्ता सम्बद्ध संघसंस्थाहरु, व्यक्तिगत लगानीकर्ताहरुका साथै नेप्से, सिडिएससि, क्रेडिट रेटिङ्ग संस्था, मर्चेन्ट बैंकर एशोसिएसन, स्टक ब्रोकर एशोसिएसनका प्रतिनिधिहरु तथा आर्थिक पत्रकारहरु सहित करिब ६० जनाको सहभागिता रहेको थियो । हालसम्म १० पटक सञ्चालन भैसकेको यो कार्यक्रम निकै उपयोगी भएको सहभागीहरुले जनाएका छन् ।

- **धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी विषयवस्तुहरु पाठ्यक्रममा समावेश गर्न पहलः** माध्यमिक तथा विश्वविद्यालयका विभिन्न तहको पाठ्यक्रममा धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी विषयवस्तु समावेश गर्नका लागि बोर्डले मिति २०७५ मंसिर १७ मा पाठ्यक्रम विकास केन्द्र लगायत देशभर रहेका विभिन्न विश्वविद्यालयमा पत्राचार गरी आवश्यक समन्वय तथा सहयोगका लागि पहल गरेको छ । नेपाल सरकारको वित्तीय क्षेत्र विकास रणनीतिमा वित्तीय क्षेत्रको निमित्त प्रवेश तहमा चाहिने जनशक्ति तयार गर्न माध्यमिक शिक्षा पछिको शिक्षा प्रणालीमा सुधार गर्ने रणनीति तथा बोर्डको आ.व.२०७५।७६ को धितोपत्र तथा वस्तु विनियम बजार सम्बन्धी नीति तथा कार्यक्रम (बुँदा नं ६८) मा विभिन्न विश्वविद्यालय तथा उच्च माध्यमिक विद्यालयका सम्बन्धित विषयको पाठ्यक्रममा धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी विषयवस्तुहरु समावेश गराउन आवश्यक समन्वय गर्ने कार्यक्रम अनुसार बोर्डले उक्त पहल थालेको हो ।
- **प्रत्यक्ष रेडियो संवाद कार्यक्रमको प्रसारण शुरूवातः** बोर्डले नयाँ वर्ष २०७६ देखि महिनाको पहिलो बुधबार अर्थात बैशाख ४ गतेबाट लगानीकर्तासँग प्रत्यक्ष रेडियो संवाद कार्यक्रमको प्रसारण शुरूवात गरेको छ । धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी सर्वसाधारणको सचेतना अभिवृद्धि तथा गुनासा/जिज्ञासाहरू सम्बोधन गर्ने उद्देश्यले सञ्चालन गरिएको उक्त कार्यक्रम रेडियो कान्तिपुरबाट बिहान ७ :३० देखि ८:०० बजेसम्म प्रत्यक्ष प्रसारण भएको हो । तत्पश्चातका दिनमा उक्त कार्यक्रम प्रत्येक महिनाको पहिलो बुधबार बिहान ७:३० देखि ८:०० बजेसम्म नियमित रूपमा प्रत्यक्ष प्रसारण हुने गरेको छ । सर्वसाधारण लगानीकर्ताले फोन नं. ०१-५५४१९०५, ५५४१९०६ मा सम्पर्क गरी कार्यक्रममा सहभागी हुन सक्दछन् । यो कार्यक्रम बजारसम्बन्धी गुनासाहरु समाधान गर्न, नीति नियम तर्जुमा गर्न तथा सुधार गर्न सहयोगी भएको छ ।
- **आर्थिक तथा धितोपत्र बजारसम्बन्धी तालिम/प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्नः** बोर्डको आ.व. २०७५।७६ को वार्षिक कार्यक्रममा प्रदेशहरुमा पत्रकारहरुलाई आर्थिक तथा धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी प्रशिक्षण कार्यक्रम आयोजना गर्ने कार्यक्रम रहे अनुसार बोर्डबाट मिति २०७६ वैशाख २८ मा प्रदेश नं २ को राजधानी जनकपुरधाममा बोर्डका अध्यक्षको सभापतित्व तथा उक्त प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीको प्रमुख आतिथ्यतामा पहिलो पटक आर्थिक तथा धितोपत्र बजारसम्बन्धी तालिम/प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा प्रदेश नं. २ का करिब ८५ जना पत्रकारहरुको उपस्थिति रहेको थियो । यस्तै बोर्डले दोस्रो कार्यक्रमको रुपमा २०७६ जेठ १० गते कर्णाली प्रदेशको राजधानी सुर्खेतमा उक्त प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीको प्रमुख आतिथ्यतामा पत्रकारहरुका लागि प्रदेशस्तरीय आर्थिक तथा धितोपत्र बजारसम्बन्धी प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा कर्णाली प्रदेशका करिब ८५ जना पत्रकारहरुको उपस्थिति रहेको थियो ।
- **बोर्डको लोगो अंकित हुलाक टिकट तथा रजत जयन्ती स्मारिका सिक्का प्रकाशनः** नेपाल धितोपत्र बोर्डले आफ्नो स्थापनाको रजत जयन्तीको उपलक्ष्यमा बोर्डको रजत जयन्ती लोगो अंकित हुलाक टिकट तथा रजत जयन्ती स्मारिका सिक्का प्रकाशन गर्ने कार्यक्रम अनुरुप हुलाक टिकटको सस्मरणार्थ आवरणमा टाँचा लगाई अनावरण गरिएको थियो । यस्तै रजत जयन्तीको उपलक्ष्यमा बोर्डको अनुरोधमा नेपाल सरकारको स्वीकृतिमा नेपाल राष्ट्र बैंक, टक्सार महाशाखाले २९ मि.मि डायमिटरको ८.५ ग्राम तौल भएको कुप्रो निकेल (Cupro Nickel) धातुको रु.१०० दरको सिक्का निष्काशन गरेको छ । सो सिक्कालाई मिति २०७६ असार १५ गते एक कार्यक्रम वीच बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्कीले लोकार्पण गर्नु भएको थियो । साथै रु. २५०० को यस्तो रजत जयन्ती सिक्का निकट भविष्यमा निष्काशन हुने क्रममा रहेको छ ।

## छ. छलफल, अन्तरक्रिया तथा सम्मेलन

यस सम्बन्धमा समीक्षा वर्षमा वित्तीय साक्षरतासम्बन्धी OECD-SEBON अन्तर्राष्ट्रिय सम्मेलनसहित देहाय बमोजिमका विभिन्न महत्वपूर्ण कार्यक्रमहरु सम्पन्न भएका छन्:

- **वित्तीय साक्षरतासम्बन्धी प्रथम अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्नः** बोर्डले २०१९ जुलाई २ र ३ गते नेपालमा पहिलो पटक वित्तीय साक्षरतासम्बन्धी अर्न्तराष्ट्रिय सम्मेलन OECD/INFE संगको सहकार्यमा सम्पन्न गरेको छ । एसिया प्यासिफिक क्षेत्रका विभिन्न देशका ३६ विदेशी सहित १२५ उच्च अधिकारीहरु सहभागी रहेको उक्त कार्यक्रममा वित्तीय साक्षरता अभिवृद्धिको लागि विभिन्न शिर्षकमा पाँच सत्रहरु संचालन भएका थिए । सम्मेलनको उद्घाटन गर्दै माननीय अर्थमन्त्री युवराज खतिवडाले वित्तीय शिक्षा निरन्तर प्रकृया रहेको हुदाँ सो प्रकृयामा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो ।

- प्राइभेट इक्विटी र भेञ्चर क्यापिटलजस्ता औजारमार्फत् स्वदेशी तथा गैरआवासीय नेपालीसहित वैदेशिक पुँजी समेत परिचालनमा सहजीकरण गर्ने उद्देश्यले तयार गरेको वैकल्पिक लगानी कोष नियमावली, २०७५ को मस्यौदामा सम्पूर्ण सरोकारवालाहरुको राय, सल्लाह तथा सुझाव लिने उद्देश्यले मिति २०७५ श्रावण ३१ मा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।
- बोर्ड र नेपाल बार एशोसिएशन-महिला समितिद्वारा संयुक्त रुपमा मिति २०७५ भाद्र २२ मा धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नियमन र कानुनी व्यवस्था विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरिएको छ।
- बोर्डले मिति २०७५ भाद्र २६ मा सम्पत्ति शुद्धीकरण निवारणमा धितोपत्र व्यवसायीको भूमिका विषयक अन्तरक्रिया/छलफल कार्यक्रम सम्पन्न गरेको छ।
- बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिने ऋणीहरु तथा नगरपालिका ऋणपत्रहरुको समेत शाख मूल्यांकनको लागि सम्बन्धित नगर विकास कोषहरुसँग समन्वय गरी निष्काशन व्यवस्था गर्ने कार्यक्रम रहेको सन्दर्भमा क्रेडिट रेटिङ्ग व्यवसायको वर्तमान अवस्था तथा सोको विविध पक्षहरुको सम्वन्धमा क्रेडिट रेटिङ्ग कम्पनीसँग छलफल/अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।
- धितोपत्र बजारमा सूचना प्रविधिको प्रयोग उच्च रहने भएकोले बोर्डको आ.व. २०७५।७६ को बार्षिक कार्यक्रम अन्र्तगत बोर्डको सूचना प्रबिधि नीति, २०७५ तर्जुमा गरी कार्यान्वयन गर्ने र बजार सहभागीहरुका कामकारवाही तथा गतिविधिहरुलाई क्रमशः Digitalised गर्दै लैजान आवश्यक व्यवस्था गर्ने कार्यक्रम रहेको परिप्रेक्ष्यमा विद्युतीय हस्ताक्षरको आवश्यकता र यसका विविध आयामहरु सम्बन्धमा सम्पूर्ण धितोपत्र दलाल व्यवसायीहरुलाई यही मिति २०७५ मंसिर १२ मा बोर्डबाट नेपाल सर्टिफाइङ्ग कम्पनी प्रा. लि. सँगको सहकार्यमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको छ।

  **लगानीकर्ता प्रशिक्षण कार्यक्रमः** धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी जानकारी दिने उद्देश्यले काठमाडौं उपत्यका बाहिर कम्तिमा २५ वटा लगानीकर्ता प्रशिक्षण तथा तालिम कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम बमोजिम बोर्डले International Finance Corporation, IFC सँगको सहकार्यमा जलविद्युत आयोजना प्रभावित क्षेत्रहरु लमजुङ्ग, दोलखा, रसुवा र सोलुखुम्बुका स्थानीय बासिन्दाहरुलाई प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ। यस्तै, प्रदेश नं. २ को सिराहा, जनकपुरका विभिन्न स्थानहरुमा, प्रदेश नं. १ को सोलुखुम्बु र ओखलढुङ्गाका विभिन्न स्थानहरुमा, प्रदेश नं. ५ को रुकुम (पूर्व), बाग्लुङ्ग, तनहुँ र धादिङ्गका विभिन्न स्थान तथा सामूदायिक क्याम्पसहरुमा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ।

## २.२.४ धितोपत्रको केन्द्रीय निक्षेप सेवा

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम २०६८ सालमा स्थापित सिडिएस एण्ड क्लियरिङ्ग लि. ले आर्थिक वर्ष २०७४।७५ मा थप आठ वटा कम्पनीहरुलाई निक्षेप सदस्यताको रुपमा दर्ता गरी कुल ६८ वटा निक्षेप सदस्यमार्फत् ७३ वटा जिल्लामा निक्षेप सेवा प्रदान गर्दै आएको छ। समीक्षा वर्षमा २ लाख ७८ हजार ६ सय २५ डिम्याट खाता खोलिएकाले कुल डिम्याट खाता संख्या १५ लाख ७१ हजार पुगेको छ। गत वर्ष ४,२१,६७३ डिम्याट खाता खोलिएका थिए। यस्तै समीक्षा वर्षमा ४७ करोड ९८ लाख ३२ हजार २ सय ३७ कित्ता धितोपत्र अभौतिकीकरण भई अभौतिकृत धितोपत्रको संख्या कुल ३ अर्ब ६४ करोड ७७ लाख १ हजार ८ सय १२ कित्ता पुगेको छ, जुन गत वर्षको तुलनामा दुई गुणाको वृद्धि हो। विगत पाँच वर्षको धितोपत्र बजारको अभौतिकीकरण तालिका २.११ मा प्रस्तुत गरिएको छ।

**तालिका २.११**
**धितोपत्र अभौतिकीकरण**

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| १ | निक्षेप सदस्यको संख्या | १० | ४४ | ५६ | ६० | ६८ | ७२ |
| २ | दर्ता कम्पनीको संख्या | १६ | ११३ | २०५ | २२८ | १९२ | २१९ |
| ३ | हितग्राही डिम्याट खाताको संख्या | ५३४ | ४०,९३४ | ३९२,३५९ | ८७०,७०२ | १,२९२,३७५ | १५,७१,००० |
| ४ | अभौतिकृत धितोपत्रको संख्या (दश लाखमा) | ०.१८ | ९६.६७ | १२२३.०८ | २३६९.५४ | ३६७७.९८ | ४२०२.६६ |

स्रोतः सिडिएस एण्ड क्लियरिङ्ग लि.

### २.२.५ क्रेडिट रेटिङ्ग सेवा

नेपालको धितोपत्र बजारमा क्रेडिट रेटिङ्ग सेवाका लागि दुई कम्पनीहरु सञ्चालनमा रहेका छन् । क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम २०६९ सालमा स्थापित इक्रा नेपाल लि.ले मुख्यतः कम्तिमा तीन करोड रुपैयाँ भन्दा बढी मूल्यको सेयरको सार्वजनिक तथा हकप्रद सेयर निष्काशन, ऋणपत्र निष्काशन, अग्राधिकार सेयर निष्काशन, थप निष्काशनहरुको क्रेडिट रेटिङ्ग गर्नुपर्ने व्यवस्था रहेकोमा आगामी दिनमा बैंक तथा वित्तीय संस्थाहरुले रु.५० करोड वा सो भन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह गर्दा वा नवीकरण गर्दा सो संस्थाको क्रेडिट रेटिङ्ग एजेन्सीबाट गरिएको रेटिङ्गलाई कर्जा मूल्याङ्कनको आधारको रुपमा लिनुपर्ने व्यवस्था समेत भएको छ ।

आर्थिक वर्ष २०७५।७६ मा इक्रा नेपाल लि. ले ११ ऋणपत्रको रेटिङ्ग, चार धितोपत्र निष्काशनकर्ता कम्पनीको रेटिङ्ग, २२ प्राथमिक निष्काशन, ३२ हकप्रद निष्काशन र ३४ ऋणी संस्थाको रेटिङ्ग गरेको छ । यस्तै केयर रेटिङ्ग नेपाल लि. ले चार ऋणपत्र, दुई धितोपत्र निष्काशनकर्ता, एक योजना व्यवस्थापक, १२ प्राथमिक निष्काशन, छ हकप्रद निष्काशन र ४१ ऋणी संस्थाको रेटिङ्ग गरेको छ ।

## २.३ धितोपत्र बजार सम्बन्धी नीति तथा कार्यक्रम

धितोपत्र बजारको विकास तथा विस्तारका लागि नेपाल सरकारले विभिन्न आर्थिक वर्षहरुमा देहाय बमोजिमको नीति तथा कार्यक्रमहरु घोषणा गर्दै आएको छ ।

(क) आ.व. २०७४।७५ को बजेट बक्तव्यको बुँदा नं. १८२ मा धितोपत्र बजार सम्बन्धमा देहाय अनुसारको कार्यक्रमहरु समावेश थियो छ ।

- पुँजी बजारको विकास र स्थायित्वका लागि नीतिगत र संस्थागत व्यवस्था गरिनेछ । उत्पादनमूलक कम्पनीहरूलाई पुँजी बजारमा प्रवेश गर्न प्रोत्साहन गरिने छ । धितोपत्र कारोबारलाई पारदर्शी र पूर्ण स्वचालित बनाइने छ । धितोपत्र नियमन सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाको सदस्यता प्राप्त गरिने छ ।

(ख) आर्थिक वर्ष २०७५।७६ को बजेट वक्तव्यमा धितोपत्र बजारको विकास तथा विस्तारका लागि देहाय बमोजिमको कार्यक्रम समावेश गरिएको थियो ।

- वित्तीय क्षेत्रमा नियमन निकायहरुको क्षमता अभिवृद्धि गर्न धितोपत्र ऐनमा समयानुकुल संशोधन गरिनेछ ।
- एक अर्व वा सो भन्दा बढीको पुँजीमा स्थापित सबै उत्पादनमूलक कम्पनीहरुलाई पब्लिक लिमिटेड कम्पनीमा रुपान्तरण भई पुँजी बजारमा सूचीकृत हुनुपर्ने व्यवस्था गरिनेछ । प्राइभेट इक्विटी, भेञ्चर फण्ड र हेज फण्ड लगायतका नयाँ संस्थाहरुलाई पुँजी बजारमा प्रवेश गराइनेछ ।
- पचास करोड रुपैयाँ वा सो भन्दा बढी चुक्ता पुँजी भएका प्राइभेट लिमिटेड कम्पनीहरुलाई पब्लिक लिमिटेड कम्पनीमा रुपान्तरण हुन प्रोत्साहन स्वरुप तीन वर्षका लागि आयकरमा १० प्रतिशत छुट दिने व्यवस्था गरिनेछ ।

(ग) आर्थिक वर्ष २०७६।७७ को बजेट वक्तव्यमा धितोपत्र बजारको विकास तथा विस्तारका लागि देहाय बमोजिमको कार्यक्रम समावेश गरिएको छ ।

- सबै प्रकारको धितोपत्र र ऋणपत्रका दोस्रो बजार कारोबार विद्युतीय प्रणालीमार्फत् गर्न विद्युतीय कारोबार प्रणालीलाई सुरक्षित र पारदर्शी बनाइनेछ । सरकारी ऋणपत्र खरिद/बिक्रीको लागि अनलाइन प्रणाली विकास गरिनेछ । धितोपत्र दोस्रो बजारमा निश्चित रकम भन्दा बढी कारोबार गर्ने लगानीकर्ताहरुको स्थायी लेखा नम्बर सहितको विवरण नेप्से तथा सिडिएससी राफसाफ प्रणालीमा आवद्ध गरिनेछ ।
- धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेञ्जको संस्थागत सुधार गरिनेछ । गैर आवासिय नेपालहरुले दोस्रो बजार मार्फत् पनि लगानी गर्नसक्ने गरी पुँजी बजारलाई फराकिलो बनाइनेछ । ट्रष्टी ऐन तर्जूमा गरी सामूहिक लगानी कोष, सेयर अभौतिकरण र सिडिएससी लगायतको कार्य व्यवस्थित गरिनेछ ।
- सेयर कारोबारको पुँजीगत लाभकर गणना भारित औसत लागत विधिबाट गर्ने व्यवस्था मिलाई सेयर लगानीकर्ताहरुलाई प्रोत्साहित गर्न हाल प्राकृतिक व्यक्तिहरुलाई लाग्दै आएको करको दर पाँच प्रतिशत कायम गरिनेछ ।

**कार्यान्वयन स्थितिः** बोर्डले नेपाल सरकारले बजेट वक्तव्यमा तय गरेको पुँजी बजारसम्बन्धी कार्यक्रमहरुलाई धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रमसँग सामञ्जस्य गरी कार्यान्वयनलाई प्राथमिकता दिदै आएको छ । यस क्रममा बोर्डको कार्यान्वयन प्रगति देहाय बमोजिम रहेको छः

- मिति २०७३।०९।२२ मा नेपाल सरकार, मन्त्रीपरिषद्बाट स्वीकृत वित्तीय क्षेत्र विकास रणनीति (२०७३।७४-२०७७।७८) मा उल्लेख भएको पुँजी बजार सम्बन्धी रणनीति तथा योजनाहरु कार्यान्वयनको लागि बोर्डले कार्ययोजना तयार गरी सो को चरणबद्ध कार्यान्वयन गर्दै लगेको छ। नेपाल सरकारले आ.व. २०७४।७५ मा वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४ लागू गरेसँगै बोर्डले पनि वस्तु विनिमय बजारसम्बन्धी नियमावली, २०७४ लागू गरिसकेको छ।
- नेपाल सरकार, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयबाट बोर्डमा प्रतिनिधित्व हुने सदस्यको संयोजकत्वमा मन्त्रालय तथा बोर्डका प्रतिनिधिहरू रहेको मिति २०७५ श्रावण २७ मा गठन भएको समितिले धितोपत्र सम्बन्धी ऐन, २०६३ संशोधन गर्न विधेयक मस्यौदा अर्थ मन्त्रालयमा पेश गरेको छ।
- एक अर्ब वा सो भन्दा बढीको पुँजीमा स्थापित सबै उत्पादनमूलक कम्पनीहरुलाई पुँजी बजारमा प्रवेश गराउन आवश्यक व्यवस्था गर्ने लगायत अन्य थप समसामयिक व्यवस्थाहरू समेत गर्न कम्पनी ऐन संशोधन गर्ने वा नयाँ कानुन तर्जुमा गर्ने सम्बन्धमा नेपाल सरकारले कानुन सुधार आयोगलाई जिम्मेवारी दिएकोमा आयोगले बोर्डको समेत सहभागितामा आयोजित एक अन्तर्क्रिया कार्यक्रममा बोर्डले आफ्नो राय सुझाव दिएको छ। साथै, बोर्ड पदाधिकारी तथा रजिष्ट्रार कार्यालयका पदाधिकारीहरूसँग आवश्यक छलफल भई उक्त उत्पादनमूलक कम्पनीहरुको लगत तयार गर्न कम्पनी रजिष्ट्रारको कार्यालयसँग आवश्यक समन्वय भैरहेको छ।
- बोर्डले लगानीकर्ता तथा सम्बद्ध पक्षहरुसँग गरिएको छलफलको सुझाव तथा निष्कर्ष एवं नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्राप्त उच्चस्तरीय वित्तीय क्षेत्र समन्वय समितिको बैठकको निर्णयानुसारको निर्देशनलाई दृष्टिगत गरी २०७६ बैशाख १ गतेबाट दोस्रो बजारमा एक पटकमा रु.५ लाख वा सोभन्दा बढी कारोवार गर्ने लगानीकर्ताहरुलाई स्थायी लेखा नम्बर (प्यान) अनिवार्य गर्ने र सो भन्दा कम लगानी गर्ने तथा साना लगानीकर्ताहरुलाई प्रोत्साहित गर्न हाललाई ऐच्छिक रुपमा गर्न सक्ने व्यवस्था लागू गरिएको छ।
- बोर्डले प्राइभेट इक्विटी, भेञ्चर फण्ड र हेज फण्ड लगायतका नयाँ संस्थाहरुलाई पुँजी बजारमा प्रवेश गराउन नेपाल सरकारको स्वीकृतिमा मिति २०७५ फागुन २२ देखि लागू हुने गरी विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ जारी गरेको साथै उक्त नियमावलीमा हेज फण्ड नियमनसम्बन्धी केही व्यवस्था समेत समावेश गरिएको छ।

## २.४ वस्तु विनिमय बजार

विगत करिब १० वर्षदेखि बिना नियमन सञ्चालन भैरहेको वस्तु विनिमय वजारको विकास तथा सञ्चालन, लगानीकर्ताको हित संरक्षण, वस्तुको कारोवार, राफसाफ तथा फछ्र्यौट र वेयर हाउस सञ्चालन सम्वन्धी व्यवसायलाई नियमन गर्न नेपाल सरकारबाट वस्तु विनिमय बजार सम्वन्धी ऐन, २०७४ मिति २०७४ भाद्र ११ मा जारी भएकोमा उक्त ऐनको कार्यान्वयनको लागि ऐन प्रमाणिकरण भएको ९१ औं दिन अर्थात मिति २०७४ मंसिर ९ देखि लागू हुने गरी नेपाल सरकारको स्वीकृतिमा बोर्डले वस्तु विनिमय वजार सम्बन्धी नियमावली, २०७४ जारी गरेको छ। यस सँगै वस्तु विनिमय बजारको विकास र विस्तार गर्ने जिम्मेवारी समेत बोर्डमा आएको छ।

बोर्डबाट वस्तु विनिमय बजारसम्बन्धी व्यवसाय सञ्चालन गर्न चाहने संगठित संस्थाले बोर्डको अनुमति लिएर मात्र उक्त व्यवसाय गर्न गराउन मिति २०७४ मंसिर १२ मा सूचना प्रकाशन गर्नुका साथै सञ्चालनमा रहेका बजारहरुलाई नयाँ करारको कारोबारमा रोक लगाइएको थियो। वस्तु विनिमय बजार संचालन गर्न बोर्डमा पाँच वटा प्रस्तावित कम्पनीहरुले पूर्व स्वीकृतिका लागि निवेदन पेश गरेकोमा मुलुकको अर्थतन्त्रको आकार, औद्योगिक व्यवसायको विकास, वस्तु कारोवारको सम्भाव्यता तथा लगानीकर्ताको हित संरक्षणलाई समेत दृष्टिगत गरी वस्तु बजार सम्बन्धी नियमावली, २०७४ को नियम (५) बमोजिम उक्त कम्पनीहरुले सम्पूर्ण कागजात तथा विवरणहरु पेश गरेको नदेखिएकाले वस्तु विनिमय बजार सञ्चालन गर्न पूर्व स्वीकृतिका लागि आएका पाँचै निवेदकहरुलाई बोर्डले पूर्व स्वीकृति प्रदान नगर्ने निर्णय गरेको थियो।

मुलुकको अर्थतन्त्रको आकार, औद्योगिक व्यवसायको विकास, वस्तु कारोवारको सम्भाव्यता तथा लगानीकर्ताको हित संरक्षणको आधारमा समेत हाललाई बोर्डबाट दुईवटा मात्र वस्तु विनिमय बजार सञ्चालन गर्न स्वीकृति प्रदान गरिने नीतिगत निर्णय गरी मिति २०७६ वैशाख १२ मा नयाँ आवेदन दिन चाहने आवेदकका लागि दुई महिनाको समय दिई बोर्डले आव्हान गरेको थियो। इन्कार गरिएका आवेदकले समेत पूर्व स्वीकृतिका लागि पुनः आवेदन गर्न सक्ने व्यवस्था समेत गरिएको थियो। यस क्रममा उल्लेखित समयावधिभित्र छ संस्थाको निवेदन प्राप्त भएको छ। यसरी बोर्डले वस्तु विनिमय बजार संचालनका लागि पूर्व स्वीकृति प्रदान गर्दा प्रस्तावित कम्पनीको पुँजी र रणनीतिक साझेदार, प्रस्तावित प्रविधि, व्यवसायिक योजना, संस्थागत स्वामित्व संलग्नता र व्यवस्थापनको योग्यताको आधारमा उत्कृष्ट दुईवटा आवेदकलाई छनौट गरिने प्रकृया अगाडि बढाएको छ।

# भाग - तीन

## बोर्डको प्रशासनिक तथा वित्तीय अवस्था

### ३.१ बोर्डको स्थापना

नेपालमा आर्थिक उदारीकरणको गर्ने नीति लिइए पश्चात् पुँजी बजारमा निजी क्षेत्रको प्रवेश शुरु भयो जसले गर्दा धितोपत्र खरिद बिक्री केन्द्र आफैले बजार व्यवस्थापन र नियमनको कार्य गर्दा स्वार्थ बाझिन सक्ने स्थिति समेतलाई ध्यानमा राखी २०४९ सालमा धितोपत्र कारोवार ऐन, २०४० लाई संशोधन गरी धितोपत्र बजारको स्वायत्त नियमन निकायको रुपमा नेपाल सरकारबाट २०५० जेठ २५ गते धितोपत्र बोर्डको स्थापना भएको हो ।

धितोपत्र कारोवार ऐन, २०४० लाई प्रतिस्थापन गरी धितोपत्र सम्बन्धी अध्यादेश, २०६३ जारी भई धितोपत्र बोर्डको नामाकरण नेपाल धितोपत्र बोर्ड गरिएकोमा पछि वि.स. २०६३ मा सो अध्यादेशलाई प्रतिस्थापन गरी धितोपत्र सम्बन्धी ऐन, २०६३ जारी भएको थियो । धितोपत्र सम्बन्धी ऐन, २०६३ को उद्देश्य देशको आर्थिक विकासका लागि पुँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित वनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्ने रहेको छ। नयाँ ऐन बमोजिम नेपाल धितोपत्र बोर्डले नियमन निकायको रुपमा समग्र धितोपत्र बजारको नियमन कार्य गर्दै आइरहेकोमा नेपाल सरकारबाट मिति २०७४ भाद्र ११ देखि वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ जारी भए पश्चात बोर्डले वस्तु विनिमय बजारको नियमन गर्ने जिम्मेवारी समेत पाएको छ।

### ३.२ बोर्डको काम, कर्तव्य र अधिकारहरु

(क) धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम बोर्डको मुख्य काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहेका छन् :

- धितोपत्र सार्वजनिक रुपमा निष्काशन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने ।
- धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिने विवरणपत्र स्वीकृत गर्ने ।
- धितोपत्र बजार संचालन गर्न चाहने संगठित संस्थालाई धितोपत्र बजार संचालन गर्न अनुमति दिने ।
- धितोपत्र बजार तथा धितोपत्र व्यवसायीका काम कारबाहीको नियमन गर्ने ।
- धितोपत्र व्यवसाय संचालन गर्न चाहने कम्पनी वा संस्थालाई धितोपत्र व्यवसाय संचालन गर्न अनुमतिपत्र दिने ।
- सामूहिक लगानी कोष संचालन गर्न स्वीकृति दिने ।
- धितोपत्र सम्बन्धी आवश्यक नियम, विनियम तथा निर्देशिकाहरु बनाउने ।
- धितोपत्र विनिमय बजार, धितोपत्र व्यवसायी, धितोपत्र कारोबार तथा समग्र धितोपत्र बजारको सुपरिवेक्षण गर्ने ।
- नियमन व्यवस्थाको पालना नगर्ने संस्थाहरुलाई ऐन, नियम अनुसार कारवाही अगाडि बढाउने ।
- धितोपत्र बजार सम्बन्धमा अध्ययन, अनुसन्धान गरी आवश्यक निर्देशन दिने तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- धितोपत्र बजारसँग सम्बन्धित विषयमा नीति तथा कार्यक्रम तर्जुमा गर्न नेपाल सरकारलाई आवश्यक परामर्श दिने ।
- धितोपत्र तथा धितोपत्र बजार विकासका सम्बन्धमा आवश्यक अन्य कार्यहरु गर्ने गराउने

(ख) वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिम बोर्डका देहाय बमोजिम मुख्य काम, कर्तव्य र अधिकारहरु रहेका छन :

- वस्तु विनिमयबजार तथा वस्तु कारोबारको विकाससँग सम्बन्धित विषयमा नेपाल सरकारलाई राय/सुझाव दिने ।
- वस्तु विनिमय बजारको विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तथा नीति स्वीकृत गर्ने ।
- वस्तु विनिमय बजार सञ्चालन सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने ।
- वस्तु विनिमय बजारमा कारोबार गर्न सकिने वस्तु तथा वस्तु करारको दर्ता गर्ने ।
- कुनै वस्तु सूचीकरण गराउन वा सूचीकरणबाट हटाउन वा कुनै कारोबार रोक्का गर्न सम्बन्धित वस्तु विनिमय बजारलाई निर्देशन दिने ।
- वस्तु विनिमय बजारको विद्युतीय कारोबार प्रणालीमा कुनै समस्या देखिएमा वा सुधार गर्नुपर्ने देखिएमा त्यस्तो सुधार नगरेसम्मका लागि कारोबार स्थगन गर्न आदेश दिने ।
- बोर्डमा दर्ता भएको वस्तु तथा वस्तु करारको खरिद, बिक्री, हस्तान्तरणलाई नियमित तथा व्यवस्थित गर्ने ।

- अनुमतिपत्र प्राप्त संस्था तथा कारोबारमा संलग्न पक्षको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने तथा अनुमतिपत्र प्राप्त संस्थाको विनियम स्वीकृत गर्ने ।
- लगानीकर्ताको हित संरक्षण गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई विनियममा आवश्यक व्यवस्था गर्न निर्देशन दिने ।
- वस्तु वा वस्तु करार सम्बन्धी विषयमा सुपरिवेक्षण तथा नियमन गर्न अन्य नियमन निकायसँग समन्वय गर्ने तथा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(ग) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन (दोस्रो संशोधनसमेत), २०६४ बमोजिम नियमन निकायको रुपमा बोर्डको मुख्य काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहेका छनः

- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा उक्त ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशनको पालना गर्ने वा गराउने ।
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा उक्त ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशन वा आदेशको व्यवस्था पालना भए नभएको सम्बन्धमा नियमनका लागि सूचक संस्थाको रुपमा बोर्डबाट अनुमतिपत्र प्राप्त व्यवसायीलाई तोकिएको र त्यस्तो सूचक संस्थाको आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा गैरस्थलगत सुपरिवेक्षण वा अनुगमन गर्ने ।
- सूचक संस्थाले गर्ने कुनै व्यवसाय वा पेशा दर्ता गर्दा वा व्यवसायको लागि अनुमतिपत्र वा इजाजतपत्र दिँदा पेशा वा व्यवसाय सञ्चालन गर्ने व्यक्तिले ऐन बमोजिमको काम कारबाही तथा दायित्व पूरागर्नु पर्ने शर्ततोक्ने ।
- सूचक संस्थाको व्यवसायगत सुपरिवेक्षण (प्रुडेन्सियल सुपरभिजन) सम्बन्धी आधारभूत मान्यतामा अन्तरनिहित सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्थाको परिपालना गराउने ।
- सूचक संस्थाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशन बमोजिमको दायित्व परिपालना गराउन सूचक संस्थामा रहेको जुनसुकै प्रकारको सूचना, जानकारी तथा कागजात उपलब्ध गराउन आदेश दिने तथा कसूरको अनुसन्धान सम्बन्धी कार्यमा आवश्यक सहयोग पुऱ्याउने लगायतका अधिकार रहेका छन ।

## ३.३ सञ्चालक बोर्ड

नेपाल धितोपत्र बोर्डमा विभिन्न सरकारी तथा निजी क्षेत्रका निकायहरुको प्रतिनिधित्व रहने गरी ७ सदस्यीय संचालक बोर्ड हुने व्यवस्था रहेको छ। बोर्डमा नेपाल सरकारद्वारा नियुक्त कार्यकारी अध्यक्षका साथै नेपाल सरकार, अर्थ मन्त्रालयका सह-सचिव, नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सह-सचिव, नेपाल राष्ट्र बैंकका प्रतिनिधि (कार्यकारी निर्देशक), नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि (उपाध्यक्ष) र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका प्रतिनिधि (उपाध्यक्ष) तथा नेपाल सरकारले मनोनयन गर्ने पुँजी बजार विज्ञ सदस्य रहने व्यवस्था रहेको छ। समीक्षा वर्षमा बोर्डको बैठक ३५ पटक बसेको छ। गत वर्ष सञ्चालक बोर्डको बैठक ३३ पटक बसेको थियो । आ.व. २०७५।७६ मा बोर्डको सञ्चालक बोर्डमा रहनुभएका सदस्यहरुको परिवर्तन र यस सम्बन्धी विवरण तालिका ३.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.१**
**आ.व. २०७५।७६ मा बोर्डको सञ्चालक बोर्डका सदस्यहरु**

| क्र.स. | नाम | संस्था | देखि | सम्म |
|---|---|---|---|---|
| १ | श्री | | मनोनित हुने क्रममा रहेको । | |
| | डा. रेवत बहादुर कार्की | नेपाल सरकार बाट मनोनित अध्यक्ष | २०७२।०६।३० | २०७६।०६।२९ |
| २ | श्री उत्तर कुमार खत्री-सदस्य | सह-सचिव, नेपाल सरकार अर्थ मन्त्रालय | २०७४।१०।२२ | २०७५।०४।१० |
| | श्री हरिशरण पुडासैनी-सदस्य | सह-सचिव, नेपाल सरकार अर्थ मन्त्रालय | २०७५।०४।११ | २०७६।०७।२८ |
| | श्री यज्ञ प्रसाद ढुंगेल-सदस्य | सह-सचिव, नेपाल सरकार अर्थ मन्त्रालय | २०७६।०७।२९ | हालसम्म |

| | | | | |
|---|---|---|---|---|
| ३ | श्री फणीन्द्र गौतम-सदस्य | सह-सचिव, कानुन, न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय | २०७५।०२।०७ | २०७५।११।११ |
| | श्री निर्मला अधिकारी भट्टराई-सदस्य | सह-सचिव, कानुन, न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय | २०७५।११।१२ | हालसम्म |
| ४ | श्री नर बहादुर थापा-सदस्य | कार्यकारी निर्देशक (प्रतिनिधि), नेपाल राष्ट्र बैंक | २०७३।०२।१० | २०७६।०३।०२ |
| | डा. गुणाकर भट्ट-सदस्य | कार्यकारी निर्देशक (प्रतिनिधि), नेपाल राष्ट्र बैंक | २०७६।०३।२५ | हालसम्म |
| ५ | श्री कृष्ण प्रसाद आचार्य-सदस्य | उपाध्यक्ष (प्रतिनिधि), नेपाल चाटर्ड एकाउण्टेण्ट्स संस्था | २०७५।०४।०२ | २०७६।०४।०७ |
| | श्री मदन कृष्ण शर्मा-सदस्य | उपाध्यक्ष (प्रतिनिधि), नेपाल चाटर्ड एकाउण्टेण्ट्स संस्था | २०७६।०४।०८ | हालसम्म |
| ६ | श्री शेखर गोल्छा-सदस्य | वरिष्ठ उपाध्यक्ष (प्रतिनिधि), नेपाल उद्योग वाणिज्य महासंघ | २०७४।०२।०३ | हालसम्म |
| ७ | श्री निल बहादुर सारु मगर | नेपाल सरकारबाट मनोनित विज्ञ सदस्य | २०७२।१२।०५ | २०७५।१२।०४ |
| | श्री भिष्म राज ढुंगाना | नेपाल सरकारबाट मनोनित विज्ञ सदस्य | २०७६।०६।०६ | हालसम्म |

## ३.४ संगठन संरचना तथा जनशक्ति व्यवस्थापन

धितोपत्र बजारको दायरा दिन प्रति दिन बढ्दै गईरहेको परिप्रेक्ष्यमा धितोपत्र बजार, सूचीकृत संगठित संस्था, धितोपत्रको केन्द्रीय निक्षेप कम्पनी, निक्षेप सदस्य, सामूहिक लगानी कोष, क्रेडिट रेटिङ्ग कम्पनी, धितोपत्र दलाल तथा मर्चेण्ट बैंकर र सेयर रजिष्ट्रार गरी ४३० भन्दा बढी कम्पनीको नियमन तथा सुपरिवेक्षण गर्नुपर्ने जिम्मेवारी बोर्डले पूरा गर्दै आएको छ। बोर्डले आफ्नो जिम्मेवारी प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि संस्थागत क्षमतामा समयानुकूल अभिवृद्धि गर्नु पर्ने कुरालाई मध्यनजर गर्दै विद्यमान संगठन संरचनाको ढाँचामा पुनरावलोकन गरी नयाँ संगठन संरचना लागू गरेको छ। बोर्डमा हाल जम्मा ५९ जना कर्मचारीहरु कार्यरत रहेका छन्। समीक्षा वर्षमा बोर्डमा कार्यरत कर्मचारीको विवरण तालिका ३.२ मा प्रस्तुत गरिएको छ। साथै बोर्डको संगठन संरचना अनुसूची-८ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.२**
**बोर्ड कर्मचारी संख्याको विवरण**

| क्र.स. | पद | संख्या |
|---|---|---|
| १ | कार्यकारी निर्देशक | २ |
| २ | उप कार्यकारी निर्देशक | ६ |
| ३ | निर्देशक | ९ |
| ४ | का.मु. निर्देशक | २ |
| ५ | सहायक निर्देशक | २२ |
| ६ | का.मु. सहायक निर्देशक | २ |
| ७ | वरिष्ठ सहायक | ५ |
| ८ | का.मु. वरिष्ठ सहायक | २ |
| ९ | सहायक | १ |
| १० | सवारी चालक | २ |
| ११ | सहयोगी कर्मचारी | ५ |
| **जम्मा** | | **५९** |

## ३.५ समितिहरु

बोर्डको काम कारवाही प्रभावकारी रुपमा सम्पादन गर्न तथा आवश्यक सहयोगका लागि बोर्डमा विभिन्न स्थायी प्रकृतिका समितिहरू कार्यरत रहेका छन् । यी समितिहरुले आर्थिक वर्ष २०७५।७६ मा गरेका कामकारवाहीहरु निम्नानुसार रहेका छन् :

### ३.५.१ कानुन तथा प्रवलीकरण समिति

बोर्डबाट तयार गर्नुपर्ने विभिन्न नियमावली, निर्देशिका तथा अन्य कानुनी व्यवस्थाहरुको मस्यौदा तयार गर्न तथा बोर्ड समक्ष पेश भएका जटिल कानुनी विषयका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी परामर्श दिनको साथै धितोपत्र सम्बन्धी ऐन नियमको पालनालाई प्रभावकारी गराउने जस्ता काम कारबाहीको लागि नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्रतिनिधित्व गर्नु हुने बोर्ड सदस्य संयोजक रहेको कानुन तथा प्रवलीकरण समिति रहेको छ । उक्त समितिमा बोर्डको नियमन तथा व्यवस्थापन विभागका प्रमुख तथा कानुन तथा प्रबलीकरण महाशाखाका प्रमुख सदस्य तथा एक वाह्य विज्ञ सदस्य हुनुहुन्छ । आर्थिक वर्ष २०७५।७६ मा उक्त समितिले निम्न कार्यहरु गरेको छ :

- धितोपत्रको केन्द्रीय निक्षेप सेवा विनिमयावलीमा परिमार्जनसहित संशोधनका लागि अन्तिम रुप दिएको,
- नेपाल धितोपत्र बोर्ड वैदेशिक भ्रमण कार्यविधि, २०७५ लाई अन्तिम रुप दिएको,
- धितोपत्र निष्काशन तथा बाँडफाँड (पाँचौ संशोधन) निर्देशिका, २०७५ पुनरावलोकन गरी अन्तिम रुप दिइएको,
- धितोपत्र व्यवासायी (धितोपत्र दलाल, व्यापारी तथा बजार निर्माता) नियमावली (तेस्रो संशोधन), २०७६ को मस्यौदालाई अन्तिम रुप दिइएको,
- सामूहिक लगानी कोष नियमावली (तेस्रो संशोधन) को मस्यौदालाई अन्तिम रुप दिएको,
- क्रेडिट रेटिङ्ग नियमावली (दोस्रो संशोधन) को मस्यौदालाई अन्तिम रुप दिएको,
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली (दोस्रो संशोधन) को मस्यौदालाई अन्तिम रुप दिएको,
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली (तेस्रो संशोधन) को मस्यौदालाई अन्तिम रुप दिएको ।

### ३.५.२ वित्तीय प्रशासन तथा सूचना विश्लेषण समिति

बोर्डको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी अन्तिम रुप दिन, वार्षिक बजेट तथा खर्चको आवधिक रुपमा पुनरावलोकन गर्न तथा लेखापरीक्षकबाट प्राप्त लेखापरीक्षण प्रतिवेदन अध्ययन गरी अन्तिम रुप दिने तथा वित्तीय सूचना विश्लेषण र वित्तीय प्रशासन सम्बन्धी अन्य कार्यहरु गर्न बोर्डमा वित्तीयप्रशासन तथा सूचना विश्लेषण समिति रहेको छ । उक्त समितिमा नेपाल चार्टड एकाउन्टेन्टस् संस्थाबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्यको संयोजकत्वमा बोर्डको नियमन तथा व्यवस्थापन विभागका प्रमुख सदस्य र बोर्डको वित्तीय व्यवस्थापन शाखा प्रमुख सदस्य सचिव रहेका छन् । आर्थिक वर्ष २०७५।७६ मा उक्त समितिको संयोजनमा देहाय बमोजिमको कार्यहरु भएका छन् :

- बोर्डको आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम र बजेट तयारी गरेको,
- लेखापरीक्षकबाट प्राप्त आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण प्रतिवेदनको अध्ययन गरी सोको प्रत्युत्तर तयार गरेको,
- बोर्डको रहेको लगानीयोग्य रकमलाई विभिन्न बैंकहरुमा राख्नका लागि सिफारिश गरेको ।

### ३.५.३ लेखापरीक्षण समिति

बोर्डको वित्तीय विवरणको पुनरावलोकन गर्न र बोर्डको नियम पालनाको अवस्थाको पुनरावलोकन गर्न संचालक समतिलाई सहयोग पुऱ्याउन, आर्थिक पारदर्शिता र संस्थागत सुशासनलाई मजबुत बनाउन, आन्तरिक लेखापरीक्षकको नियुक्ति गर्न, पारिश्रमिक तथा सुविधा निर्धारण गर्न, स्वतन्त्र लेखापरीक्षकको लेखापरीक्षण प्रकृया निर्धारण गर्न तथा मूल्याकंन गर्ने जस्ता कार्यहरु गर्नका लागि नेपाल चाटर्ड एकाउन्टेन्टस् संस्थाबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्यको संयोजकत्वमा नेपाल राष्ट्र बैंकको तर्फबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्य तथा बोर्डको कानुन महाशाखाका प्रमुख सदस्य सचिव रहने गरी लेखापरीक्षण समिति रहेको छ ।

समीक्षा अवधिमा यस समितिले आर्थिक वर्ष २०७५।७६ को बोर्डको आन्तरिक लेखापरीक्षण कार्य गर्नको लागि श्री पिवाइसी एण्ड एसोशियट्सलाई नियुक्ति गरेको र सो लेखापरीक्षकबाट प्राप्त लेखापरीक्षण प्रतिवेदन पुनरावलोकन गरी व्यवस्थापनलाई आवश्यक निर्देशन दिइएको छ ।

## ३.६ बोर्डको वित्तीय अवस्था

आर्थिक वर्ष २०७४।७५ मा बोर्डको वासलातको आकार रु.९६ करोड ८८ लाख ३ हजार रहेकोमा समीक्षा वर्ष अर्थात आ.व. २०७५।७६ मा उक्त वासलातको आकार ९.९१ प्रतिशतले वृद्धि भई रु.१०६ करोड ४७ लाख ७० हजार पुगेको छ। अघिल्लो आर्थिक बर्षको तुलनामा मुख्यरुपमा स्थिर सम्पति, लगानी र अग्रिम आय कर भुक्तानीमा भएको वृद्धिले गर्दा कुल सम्पत्तिमा १९.१० प्रतिशतले वृद्धि भएतापनि चालु दायित्व अघिल्लो आ.व. को तुलनामा ४७.५६ प्रतिशतले वृद्धि भएकोले खुद सम्पतिमा ९.९१ प्रतिशतले मात्र वृद्धि भएको छ।

आर्थिक वर्ष २०७४।७५ मा बोर्डको जम्मा आम्दानी रु.४० करोड ५० लाख ७८ हजार रहेकोमा समीक्षा बर्षमा बोर्डको आम्दानी १३.२२ प्रतिशतले घटी रु.३५ करोड १५ लाख ४१ हजार पुगेको छ। यस बर्ष धितोपत्र कारोवार तथा सूचीकरण दस्तुर आम्दानीमा वृद्धि भएतापनि सूचीकृत संगठित संस्थाहरुको हकप्रद तथा बोनस सेयर निष्काशनमा कमी भएको कारणले यस अवधिमा बोर्डको आम्दानी केही घट्न गएको छ। यद्यपि मुद्दती निक्षेप लगानीमा वृद्धिका कारणले बोर्डको व्याज आम्दानीमा भने वृद्धि भएको छ। बोर्डले आम्दानीतर्फ विशेषत धितोपत्र दर्ता तथा निष्काशनका लागि स्वीकृति प्रदान, सामूहिक लगानी योजना स्वीकृति, क्रेडिट रेटिङ्ग सेवा शुल्क, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी तथा धितोपत्र बजार अनुमति पत्र नवीकरण दस्तुर, मर्चेन्ट बैकिङ्ग तथा ब्रोकर प्रमाणपत्र नवीकरण दस्तुर, धितोपत्र कारोबार दस्तुर, विभिन्न आवेदन शुल्क, विवरणपत्र प्रशोधन शुल्क र अनुमति पत्र शुल्कबाट रु.२४ करोड ५८ लाख २७ हजार आम्दानी (कुल आयको ६९.९३ प्रतिशत) गरेको छ भने व्याज आम्दानीबाट रु.१० करोड २६ लाख २३ हजार (कुल आयको २९.१९ प्रतिशत) र विविध आयतर्फ रु.३० लाख ९० हजार (कुल आयको ०.८८ प्रतिशत) प्राप्त गरेको छ।

आर्थिक वर्ष २०७४।७५ मा बोर्डको कुल खर्च रु.१० करोड ८८ लाख ८७ हजार मात्र रहेकोमा समीक्षा बर्षमा बोर्डको कुल खर्च ७६.०९ प्रतिशतले बढेर रु.१९ करोड १७ लाख ३५ हजार पुगेको छ जसमध्ये आयकरको व्यवस्था रु. ६ करोड ८४ लाख ८८ हजार रहेको छ । यस बर्ष बोर्डको कर्मचारी संख्यामा वृद्धि भएसँगै कर्मचारी खर्चमा वृद्धि भएको, भ्रमण तथा भत्ता खर्च र ह्रास कट्टि खर्चमा वृद्धि भएको साथै यसै बर्ष देखि वित्तीय क्षेत्रको अर्को नियमन निकाय नेपाल राष्ट्र बैंक तथा नियमन निकायलाई आयकर नलाग्ने अन्तर्राष्ट्रिय अभ्यासका विपरीत बोर्डलाई आयकरको दायरमा पारिएकोले आय करको व्यवस्था समेत गर्न परेकोले कुल खर्च बढेको हो। गत वर्ष रु.२९ करोड ६१ लाख ९० हजार बचत भएकोमा समीक्षा वर्षमा सो रकममा ४६.०५ प्रतिशतले कमी आई वचत रु.१५ करोड ९८ लाख ८ हजार पुगेको छ। आ.व. २०७५।७६ को अपरिष्कृत वासलात, आय-व्यय विवरण तथा नगद प्रवाह विवरण क्रमशः अनुसूची-७, ८ र ९ मा प्रस्तुत गरिएको छ।

## ३.७ अन्तर्राष्ट्रिय सम्बन्ध

बोर्डबाट पछिल्लो समयमा नेपालको धितोपत्र बजारको विकास, विस्तार तथा सुधारका कार्यहरु भएसँगै धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (International Organisation of Securities Commissions – IOSCO) को सदस्यता लिनको लागि उच्च स्तरीय सर्वेक्षण (High Level Survey) को प्रत्युत्तर सम्लग्न गरी निवेदन प्रक्रिया अगाडि बढाइएकोमा IOSCO बाट बोर्डको निवेदन स्वीकृत भई २०१६ जुलाईमा बोर्डलाई एशोसियट सदस्यता प्राप्त भएको छ। यसबाट नेपालको नियमन निकायले अन्तर्राष्ट्रिय मान्यता पाएको छ भने, नेपालको धितोपत्र बजारलाई अन्तर्राष्ट्रिय स्तर अनुरुप विकास गर्नुपर्ने जिम्मेवारी बोर्डमा थपिएको छ। IOSCO मा हाल १२६ साधारण सदस्य, २३ एशोसियट सदस्य र ६५ अफिलियट सदस्य रहेका छन्।

समीक्षा वर्षमा धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (IOSCO) को साधारण सदस्यता प्राप्त गर्नको लागि IOSCO संग Multilateral Memorandum of Understanding Concerning Consultation and Co-operation and the Exchange of Information. (MMoU) मा हस्ताक्षर गर्ने सम्बन्धमा MMoU सँग सम्बन्धित प्रश्नावलीका प्रश्नहरुको प्रतिउत्तर तयार गर्ने, IOSCO सँग MMoU मा हस्ताक्षर गर्ने सम्बन्धमा आवश्यक विषयहरुको जानकारीको लागि पत्राचार गर्ने कार्य भैरहेको छ।

त्यस्तै, नेपालको धितोपत्र बजारको अन्तर्राष्ट्रियकरण गरी स्तर अभिवृद्धि गर्ने उद्देश्य अनुरुप बोर्डको समन्वयमा नेपालको तर्फबाट सिडिएस एण्ड क्लियरिङ्ग लि. लाई Association of National Numbering Agencies (ANNA) को सदस्य बन्नका लागि अधिकार प्रत्यायोजन गरेकोमा आर्मेनियामा २०१६, जुन २ र ३ मा भएको ANNA को साधारण सभाबाट उक्त लि. ले ९२ औं सदस्यता प्राप्त गरेको हो। ANNA मा हाल नेपाल लगायत ९३ पूर्ण सदस्य तथा अन्य २७ पार्टनर रहेका छन्।

सन् २०१० मा स्थापित Asia Forum for Investor Education (AFIE) को संस्थापक सदस्यको रुपमा बोर्डले सोही अनुरुपको भूमिका निर्वाह गर्दै आइरहेको छ। बोर्ड सार्क क्षेत्रका नियमन निकायहरुको संघ (South Asian Securities Regulators Forum-SASRF) को सदस्यको रुपमा अन्य सदस्य नियमन निकायहरुसँग निरन्तर सम्बन्ध राख्दै आवश्यक ज्ञान तथा सूचनाहरु आदान प्रदान गर्नुका साथै सहयोग र समन्वय गर्दै आइरहेको छ।

बोर्डको आर्थिक वर्ष २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम अनुसार वित्तीय साक्षरता प्रवर्द्धन तथा ज्ञान अभिवृद्धि गर्न OECD द्वारा सन २००८ मा स्थापित International Network on Financial Education-INFE को सदस्यता लिने कार्यक्रम अनुसार जनवरी १, २०१९ बाट लागू हुने गरी बोर्डले उक्त संस्थाको पूर्ण सदस्यता प्राप्त गरेको छ। उक्त संस्थाको पूर्ण सदस्यता प्राप्त गर्नेमा बोर्ड नेपालको पहिलो निकाय बनेको छ। पूर्ण सदस्यता पाएको बोर्डले उक्त संस्थाको प्राविधिक समिति, सल्लाहकार समिति तथा विभिन्न कार्यगत समूहमा सहभागी भई OECD/INFE र यस अन्तर्गत सञ्चालन हुने वित्तीय साक्षरतासम्बन्धी गतिविधिको सञ्चालन तथा स्तर अभिवृद्धिमा सक्रिय सहभागिता देखाउन सक्नेछ। यस संस्थाले विश्वव्यापीरुपमा साना तथा मझौला व्यवसाय, वित्तीय समावेशिता, युवा तथा महिला वर्ग, दीर्घकालीन बचत तथा लगानी लगायतका विविध क्षेत्रहरुमा वित्तीय साक्षरता अभिवृद्धिका लागि कार्यक्रमहरु सञ्चालन गर्दै आएको देखिन्छ। यसबाट वित्तीय साक्षरतासम्बन्धी अन्तर्राष्ट्रिय गतिविधि तथा वित्तीय साक्षरताको स्तर अभिवृद्धिमा बोर्डको समेत प्रत्यक्ष सहभागिताको अवसर उपलब्ध भएको छ। हाल यस संस्थामा विश्वका ६४ देशका ८६ संस्थाहरु पूर्ण सदस्यको रुपमा रहेका छन् भने नियमित सदस्यतर्फ ९५ देशका १७२ संस्थाहरु रहेका छन्।

त्यस्तै विश्व बैंक, एशियाली विकास बैंक, IOSCO, OECD, Asia-Pacific Economic Cooperation (APEC), Toronto Centre तथा बिभिन्न देशका धितोपत्र बजारको नियमन निकायहरुले आयोजना गर्ने धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी कार्यक्रमहरुमा बोर्डको सहभागिता रहँदै आएको छ।

# भाग-चार
## बोर्डका कामकारवाहीहरु

धितोपत्र बजार, धितोपत्र व्यवसायी, सामूहिक लगानी कोष, डिपोजिटरी, निक्षेप सदस्य, क्रेडिट रेटिङ्ग तथा अन्य धितोपत्र व्यवसाय गर्न प्राप्त निवेदनहरुको अध्ययन गरी अनुमतिपत्र/दर्ता प्रमाणपत्र प्रदान गर्ने तथा नवीकरण गर्ने, संगठित संस्थाहरुको धितोपत्रहरु दर्ता गर्ने, विवरणपत्र, बिक्री प्रस्ताव, हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण पुस्तिका स्वीकृत गर्ने र विवरण पुस्तिका प्रकाशन गर्न संगठित संस्थाहरुलाई स्वीकृति प्रदान गर्ने, वजार, सूचिकृत कम्पनी, सामूहिक लगानी कोष, निक्षेप सेवा, क्रेडिट रेटिङ्ग एजेन्सी तथा धितोपत्र व्यवसायीको गैरस्थलगत सुपरिवेक्षण गर्ने, धितोपत्र बजारमा कारोवार हुने सूचीकृत कम्पनी, कारोवार रकम, कारोवार हुने धितोपत्र आदि सम्बन्धमा नेपाल स्टक एक्सचेञ्जमा हुने धितोपत्र कारोवारको Real Time Surveillance गर्ने, समग्र धितोपत्र बजारको स्थलगत/गैरस्थलगत सुपरिवेक्षण गर्ने, धितोपत्र सम्बन्धी कानुन समसामयिक बनाउने, प्राप्त गुनासोहरुको सम्बोधन गर्ने, कानुनी व्यवस्थाहरुको उल्लंघन सम्बन्धमा कानुन प्रवलीकरण गर्ने, धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरुको सचेतनाको स्तर अभिवृद्धि गर्न देशका विभिन्न स्थानहरुमा लगानीकर्ता प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गर्ने लगायतका विभिन्न नियमित कार्यहरु सम्पन्न गरेको छ।

आर्थिक वर्ष २०७५।७६ मा सम्पन्न प्रमुख कार्यहरु संक्षिप्तमा देहाय अनुसार रहेका छन्।

### ४.१ अनुमतिपत्र प्रदान तथा नवीकरण

धितोपत्र सम्बन्धी सेवा प्रदान गर्ने विभिन्न बजार सहभागीहरुले आर्थिक वर्ष २०७५।७६ मा बजार सम्बन्धी सेवा प्रदान गर्न अनुमतिपत्र नवीकरणको लागि निवेदन दिए अनुसार बोर्डले आवश्यक सुधार गर्न यी संस्थाहरुलाई ध्यानाकर्षण गराउदै निम्न संस्थाहरुको अनुमतिपत्र नवीकरण गरेको छ।

#### ४.१.१ नेपाल स्टक एक्सचेन्ज लिमिटेडको अनुमतिपत्र नवीकरण

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र बजार संचालन नियमावली, २०६४ को व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट अनुमतिपत्र नवीकरणका लागि बोर्डमा निवेदन पेश भएकोमा बोर्डले उक्त लिमिटेडको अनुमतिपत्र नवीकरण गरेको छ।

#### ४.१.२ केन्द्रीय निक्षेप कम्पनीको अनुमतिपत्र नवीकरण

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ८ को व्यवस्था बमोजिम केन्द्रीय निक्षेप कम्पनीको रुपमा रहेको सिडिएस एण्ड क्लियरिङ्ग लि.बाट अनुमतिपत्र नवीकरणका लागि बोर्डमा निवेदन पेश भएकोमा उक्त लिमिटेडको अनुमतिपत्र नवीकरण गरेको छ।

#### ४.१.३ मर्चेन्ट बैंकर अनुमतिपत्र प्रदान र नवीकरण

समीक्षा वर्षमा बोर्डले पाँच संस्थालाई मर्चेन्ट बैंकरको कार्य गर्न अनुमति प्रदान गरेको छ। यसरी अनुमति पाउने संस्थाहरुमा कुमारी क्यापिटल लि., नेपाल बंगलादेश क्यापिटल लि., जनता क्यापिटल लि., सेञ्चुरी क्यापिटल मार्केट्स लि. र मेगा क्यापिटल मार्केट्स लि.रहेका छन्। साथै,बोर्डले समीक्षा वर्षमा २५ मर्चेन्ट बैंकरको अनुमतिपत्र नवीकरण समेत गरेको छ। बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकर सम्बन्धी विवरण अनुसूची-१० मा प्रस्तुतगरिएको छ।

#### ४.१.४ धितोपत्र दलाल व्यवसायीहरुको अनुमतिपत्र नवीकरण

आर्थिक वर्ष २०७४।७५ मा धितोपत्र दलाल व्यवसायीको संख्या ५० रहेकोमा समीक्षा वर्षमा पनि उक्त व्यवसायीको संख्या यथावत रहेको छ। धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम ८ मा रहेको व्यवस्था बमोजिम ५० धितोपत्र दलाल व्यवसायीहरुबाट अनुमतिपत्र नवीकरणका लागि बोर्डमा निवेदन प्राप्त भएकोमा बोर्डले सम्पूर्ण धितोपत्र दलाल व्यवसायीहरुको अनुमतिपत्र नवीकरण गरेको छ। अनुमतिपत्र नवीकरण गरेका धितोपत्र दलाल व्यवसायीहरूको नामावली अनुसूची-११ मा प्रस्तुत गरिएको छ।

### ४.१.५ निक्षेप सदस्य दर्ता तथा प्रमाणपत्र नवीकरण

समीक्षा वर्षमा बोर्डले तीन कम्पनीलाई निक्षेप सदस्यको रुपमा दर्ता गरी दर्ता प्रमाणपत्र प्रदान गरेको छ। यसरी दर्ता प्रमाणपत्र प्राप्त गर्ने कम्पनीहरुमा वेल्थ म्यानेजमेन्ट एण्ड मर्चेन्ट बैंकिङ्ग लि., के.सी.एल. अस्ट्युट क्यापिटल लि. र मेगा क्यापिटल मार्केट्स लि. रहेका छन् । साथै, धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २२ को व्यवस्था बमोजिम समीक्षा वर्षमा ६९ निक्षेप सदस्यहरुले दर्ता प्रमाणपत्र नवीकरणका लागि बोर्डमा निवेदन दिएकोले उक्त निक्षेप सदस्यहरुको दर्ता प्रमाणपत्र नवीकरण गरिएको छ। समीक्षा वर्षमा निक्षेप सदस्यको कुल संख्या ७२ पुगेको छ। बोर्डबाट निक्षेप सदस्यता प्रमाणपत्र प्राप्त गर्ने संस्थाको विवरण अनुसूची-१२ मा प्रस्तुत गरिएको छ।

### ४.१.६ क्रेडिट रेटिङ्ग कम्पनीको अनुमतिपत्र प्रदान तथा नवीकरण

बोर्डले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को व्यवस्था बमोजिम स्थापित क्रेडिट रेटिङ्ग कम्पनीहरु इक्रा नेपाल लि. र केयर नेपाल लि. को क्रेडिट रेटिङ्गको अनुमतिपत्र नवीकरण गरिएको छ। क्रेडिट रेटिङ्ग व्यवसायमा अघिल्लो आ.व.मा नयाँ कम्पनी थपिएसँगै रेटिङ्ग व्यवसाय प्रतिस्पर्धी एवं व्यवसायिक भएको छ।

### ४.१.७ योजना व्यवस्थापक तथा डिपोजिटरीको अनुमतिपत्र नवीकरण

आर्थिक वर्ष २०७४।७५ मा योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने संस्थाको संख्या नौं रहेकोमा समीक्षा वर्षमा थप एक संस्थालाई अनुमतिपत्र प्रदान गरिएको छ। योजना व्यवस्थापक तथा डिपोजिटरीको विवरण तालिका ४.१ मा प्रस्तुत गरिएको छ।

**तालिका-४.१**
**योजना व्यवस्थापक तथा डिपोजिटरी**

| क्र.सं. | योजना व्यवस्थापक तथा डिपोजिटरी |
|---|---|
| १ | नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. |
| २ | सिद्धार्थ क्यापिटल लि. |
| ३ | एनएमबि क्यापिटल लि. |
| ४ | एनआइबिएल क्यापिटल लि. |
| ५ | लक्ष्मी क्यापिटल लि. |
| ६ | ग्लोबल आइएमई क्यापिटल लि. |
| ७ | सिबिआइएल क्यापिटल लि. |
| ८ | सानिमा क्यापिटल लि. |
| ९ | एनआइसी एशिया क्यापिटल लि. |
| १० | सनराइज क्यापिटल लि. |

### ४.१.८ आस्वा सदस्यको अनुमतिपत्र नवीकरण

समीक्षा वर्षमा धितोपत्रको प्राथमिक बजारमा आस्वासम्बन्धी सेवा प्रदान गर्नका लागि ६ बैंक तथा वित्तीय संस्थालाई आस्वा सदस्यको अनुमति प्रदान गरेको छ। साथै, बोर्डले ४७ आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाको अनुमति पत्र नवीकरण समेत गरेको छ। यसरी आस्वासम्बन्धी कार्य गर्ने बैक तथा वित्तीय संस्थाकोसंख्या ५३ पुगेको छ। उक्त आस्वा सदस्यहरुले देशको ७७ जिल्लामा ३५०० भन्दा बढी शाखाहरुमार्फत् प्राथमिक बजारको सेवा प्रदान गर्दै आएका छन् । बोर्डबाट आस्वा सदस्यको प्रमाणपत्र प्राप्त गर्ने संस्थाको विवरण अनुसूची-१३ मा प्रस्तुत गरिएको छ।

### ४.२ कानुनी व्यवस्था, कानुन प्रवलीकरण तथा राय सुझाव

समीक्षा वर्षमा बोर्डले धितोपत्र बजारको विकास तथा विस्तार गर्नको लागि कानुनी व्यवस्था तथा प्रवलीकरणलाई थप सुदृढीकरण गरेको छ।

### ४.२.१ कानुनी व्यवस्था

समीक्षा वर्षमा ऐन, नियमावली तथा निर्देशिका सम्बन्धमा देहाय बमोजिमका कार्यहरु बोर्डले गरेको छ :

- धितोपत्र सम्बन्धी ऐन, २०६३ मा संशोधन विधेयकको मस्यौदा तयार भई विधायन प्रक्रियाका लागि मिति २०७५।०८।१३ मा अर्थ मन्त्रालय पेश गरेको ।
- धितोपत्रको सूचीकरण तथा कारोबार नियमावली, २०७५ अर्थ मन्त्रालयबाट स्वीकृत भई मिति २०७५।०४।०१ देखि लागू भइसकेको ।
- ट्रष्ट ऐनको प्रारम्भिक अवधारणा पत्र तयार भई मिति २०७५।०९।१९ मा अर्थ मन्त्रालयमा पेश गरेको ।
- "विशिष्टीकृत लगानी कोष नियमावली, २०७५" तर्जुमा गरी नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति भई मिति २०७५।११।२२ देखि लागू भइसकेको ।
- धितोपत्र बजार मार्फत सम्पत्ति शुद्धीकरण हुन सक्ने कार्यलाई नियन्त्रण गर्न "सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६" बनाई बोर्डको मिति २०७६।०३।०२ को निर्णयबाट स्वीकृत भई मिति २०७६।०४।०१ देखि लागु भएको ।
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा वजार निर्माता नियमावली) २०६४, को संशोधन प्रस्ताव स्वीकृतीका लागि मिति २०७६।०२।०३ मा अर्थ मन्त्रालय पेश गरेको ।
- सामूहिक लगानी कोष नियमावली २०६७ को संशोधन प्रस्ताव स्वीकृतिका लागि मिति २०७६।०३।०५ मा अर्थ मन्त्रालय पेश गरेको ।
- क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को दोस्रो संशोधन प्रस्ताव स्वीकृतिका लागि बोर्डको मिति २०७६।०३।३० को निर्णयानुसार मिति २०७६।०४।०६ मा अर्थ मन्त्रालय पेश गरेको ।
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को दोस्रो संशोधन मस्यौदा तयार भई बोर्डमा पेश भई कानुन प्रवलीकरण समितिमा पठाएको ।
- धितोपत्रको भित्री कारोवार निषेध सम्बन्धी नियमावली, २०७५ को मस्यौदा तयार भई बोर्डमा पेश भई कानुन प्रवलीकरण समितिमा पठाएको ।

### ४.२.२ कानुन प्रवलीकरण

आ.व. २०७५।७६ मा बोर्डले कानुन प्रवलीकरणमा विशेष जोड दिदै देहाय बमोजिमका विभिन्न कार्यहरु गरेको छ।

#### (क) गुनासो समाधानतर्फ

- लगानीकर्ताबाट बोर्डमा (लिखित तथा इमेल मार्फत) प्राप्त ३० वटा गुनासाहरुमध्ये २ बटा सुपरिवेक्षण महाशाखामा पठाइएको, ७ बटा संबोधनको प्रकृयामा रहेको, १५ तामेलीमा राखिएको र ६ बटा समाधान गरिएको छ। यसका साथै, बोर्डमा १५ बटा गुनासाहरु बोधार्थको रुपमा प्राप्त भएका छन् ।

#### (ख) मुद्दामामिला, कारवाही तथा आर्थिक जरिवाना

- सर्वोच्च अदालतमा ११ वटा रिट निवेदनसहितका मुद्दा विचाराधिन अवस्थामा रहेको छ। सो मध्ये धितोपत्र व्यवसायी श्रीहरि सेक्यूरिटिज प्रा.लि.का तात्कालिन प्रमुख श्री सन्दीप जलानलाई बोर्डले रु.५० हजार जरिवाना गरेकोमा सो विरुद्द उच्च अदालत पाटनमा बोर्ड विरुद्द पुनरावेदन दिएकोमा अदालतबाट बोर्डको निर्णय बदर हुने गरी फैसला भएकोमा बोर्डको तर्फबाट सो फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरी मुद्दा विचाराधीन अवस्थामा रहेको।
- नक्कली सेयर कारोबार सम्बन्धमा गोविन्द घिमिरे विरुद्द अभियोगपत्र दर्ता भई मुद्दा विचाराधीन रहेकोमा निज वेपत्ता नै रहेकोले ठेगाना खुलाई आएको वखतमा पुनः जगाई कारवाही गर्ने गरी काठमाडौं जिल्ला अदालतले मुद्दा तामेलीमा राखेको अवस्था रहेको ।

### ४.२.३ राय सुझाव

बोर्डले धितोपत्र व्यवसायी संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयलाई २४ वटा कम्पनीका सम्बन्धमा राय/प्रतिकृया दिएको छ।

## ४.३ सुपरिवेक्षण तथा अनुगमन

धितोपत्र बजारको बढ्दो आकार र कारोबारको आयतन तथा बोर्डले धितोपत्रको नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था आइएस्को (IOSCO) को एशोसियट सदस्यतासमेत लिइसकेको परिप्रेक्ष्यमा सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउन बोर्डले धितोपत्र बजारमा हुने सम्पूर्ण गतिविधीहरुको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्दै आएको छ।

### ४.३.१ धितोपत्र बजारको सुपरिवेक्षण

स्वच्छ, पारदर्शी तथा प्रभावकारी धितोपत्र बजार विकास गरी लगानीकर्ताको हित संरक्षण गर्न तथा बोर्डले जारी गरेका निर्देशनहरुको अनुपालनाको स्थितिको प्रभावकारी अनुगमन गर्न बोर्डले धितोपत्र बजार सुपरिवेक्षण कार्यलाई आ.व. २०७५।७६ मा थप प्रभावकारी बनाएको छ। समीक्षा वर्षमा भएका सुपरिवेक्षण सम्बन्धी विवरण देहाय बमोजिम रहेका छन्।

- धितोपत्र दलाल व्यवसायीहरुको पूर्वाधार,सेवाको अवस्था, राफसाफ, ग्राहक पहिचान लगायतका विषयमा यस अवधिमा १० वटा (२० प्रतिशत) धितोपत्र दलाल व्यवसायीहरुको स्थलगत सुपरिवेक्षण गरिएको र सुपरिवेक्षणबाट प्राप्त प्रतिवेदनको आधारमा सात धितोपत्र दलाल व्यवसायीहरुलाई कारवाहीको लागि सिफारिश गरिएको तथा तीन धितोपत्र दलाल व्यवसायीहरुलाई स्पष्टिकरण माग गरिएको तथा एक धितोपत्र दलाल व्यवसायीलाई सजग गराएको छ।
- सार्वजनिक निष्काशन, हकप्रद निष्काशन, धितोपत्र बाँडफाँड तथा मर्चेन्ट बैंकरको कामकारवाहीको निरीक्षण गर्ने क्रममा समीक्षा वर्षमा १८ (५८ प्रतिशत) मर्चेन्ट बैंकरको स्थलगत निरीक्षण गरेको छ।
- आ.व. २०७४।७५ मा काठमाडौं उपत्यकामा र उपत्यका बाहिर गरी ३२ (४४ प्रतिशत) निक्षेप सदस्यहरुको निक्षेप सेवा सम्बन्धमा भए/गरेका कामकारवाहीको स्थलगत अनुगमन गरिएको छ। निक्षेप सेवाका सम्बन्धमा देखिएका समस्या तथा उक्त सेवालाई थप व्यवस्थित गर्न आवश्यक निर्देशन दिएको छ।

### ४.३.२ प्राथमिक निष्काशनको अनुगमन

धितोपत्रको सार्वजनिक निष्काशन कार्यको गैर-स्थलगत अनुगमन अन्तर्गत धितोपत्र सम्बन्धी नियमावली तथा निर्देशिकामा भएको व्यवस्थाअनुसार समीक्षा वर्षमा बोर्डबाट देहायको विषयमा अनुगमन गरिएको छ।

- आवेदन फारम संख्या तथा संकलित रकमको विवरण तोकिएको समयभित्र पेश भए/नभएको।
- संकलन केन्द्रबाट प्राप्त विवरण तथा निष्काशन तथा बिक्री प्रबन्धकबाट बोर्डमा पेश गरिएको पछिल्लो विवरणमा फरक भए/नभएको।
- बिक्री बन्द भएको १५ दिनभित्रमा ड्राफ्ट सम्बन्धी विवरण बोर्डमा पेश भए/नभएको।
- संकलित रकम बिक्री बन्द भएपछि तोकिएको समयभित्र तोकिएको समयसम्मका लागि नेपाल राष्ट्र बैंकमा जम्मा गरे/नगरेको।
- धितोपत्र बाँडफाँडको नमूना बाँडफाँड गर्नुभन्दा तीन कार्य दिन अघि बोर्डमा पेश गरे/नगरेको।
- धितोपत्रको बाँडफाँड तथा फिर्ता भुक्तानी तोकिएको समयभित्र गरे/नगरेको।
- संकलित रकम निष्काशन बैंकमा जम्मा गरेको सम्बन्धी विवरण बोर्डमा पेश भए/नभएको।
- तोकिएको समयभित्र सेयरको सूचीकरणका लागि निवेदन दिए/नदिएको।
- सार्वजनिक निष्काशनमा रकम फिर्ता भुक्तानी गर्दा निष्काशन तथा बिक्री प्रबन्धकले दरखास्तवालाहरुलाई निजले दरखास्त फारममा उल्लेख गरेको खातामा अनिवार्य रुपमा फिर्ता भुक्तानी गरे/नगरेको।
- दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तावालाले आफ्नै एकाउन्ट पेयी चेकमार्फत रकम जम्मा गरे/नगरेको।
- धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र, हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु, विवरण पुस्तिका, बिक्री प्रस्तावहरु लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने गरी त्यस्ता विवरणहरु सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक तथा निष्काशनकर्ता कम्पनी प्रत्येकको वेबसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखे/नराखेको।

उपर्युक्त विषयहरुमा बोर्डबाट सार्वजनिक निष्काशन अनुमति पाई निष्काशन गरेका मर्चेन्ट बैंकर तथा आस्वा सदस्यको समय समयमा स्थलगत र गैर-स्थलगत अनुगमन समेत गरिएको छ।

### ४.३.३ धितोपत्रको दोस्रो बजार कारोवारको अनुगमन

धितोपत्रको दोस्रो बजार कारोबारलाई नियमित र व्यवस्थित गराउन बोर्डबाट नेपाल स्टक एक्सचेन्ज लि. सँग सिधा सम्पर्क स्थापित गरी विद्युतीय माध्यम मार्फत आंशिक वास्तविक समय सुपरिवेक्षण प्रणाली (Partial Real Time Surveillance System) विकास गरिएको छ। बोर्डबाट नियमित रुपमा कारोबारका केही पक्षहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने गरिएको छ र कारोबार भैरहेको विवरणको अध्ययन गरी शंकास्पद कारोबार नोट गर्ने तथा आवश्यकता अनुरुप सम्बन्धित धितोपत्र दलाललाई विवरण तथा आवश्यक कागजात माग गरी थप स्पष्ट गर्न लगाउने गरिएको छ। सो प्रणाली मार्फत बोर्डबाट प्रत्येक दिन धितोपत्र कारोबार गर्ने व्यक्ति तथा संस्था लगायत कारोबार भएको संगठित संस्था, कारोबार मूल्य र सेयर संख्या सम्बन्धमा अनुगमन गर्ने गरिएको छ।

समीक्षा वर्षमा सूचीकृत कम्पनी इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर कारोबार नेप्सेले रद्द गरेको भन्ने प्राप्त गुनासोको आधारमा नेप्सेसंग विवरण माग गरिएको तथा धितोपत्रको दोस्रो बजार कारोबार प्रणालीको बारेमा नेप्सेसंग जानकारी तथा विवरणहरु माग गरी अध्ययन गरेको छ।

धितोपत्रबोर्डले दोस्रो बजार कारोबार अनुगमनका क्रममा दैनिक कारोबार सम्बन्धी संक्षिप्त प्रतिवेदन, साप्ताहिक कारोबारको संक्षिप्त प्रतिवेदन, म्यानुअल कारोबार सम्बन्धी प्रतिवेदन, साप्ताहिक रुपमा धितोपत्र दलालहरुको कुल कारोबार रकम सम्बन्धी संक्षिप्त विवरण, संस्थापक सेयर कारोबारको अभिलेख तयार गर्नुका साथै नियमित रुपमा सुपरिवेक्षण अभिलेख तयार गर्ने गरेको छ।

### ४.३.४ धितोपत्र बजार सहभागीहरुको विवरण प्रवाहको अनुगमन

समीक्षा वर्षमा बोर्डले देहाय बमोजिमको बजार सहभागीहरुको विवरण प्रवाहको अनुगमन गरेको छ।

- **धितोपत्र बजारको विवरण प्रवाहको अनुगमनः** धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ ले धितोपत्र बजारले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र उक्त आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण र वार्षिक प्रतिवेदन तथा प्रत्येक त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र त्रैमासिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ। साथै, धितोपत्र दलाल तथा व्यवसायीहरुलाई गरेको कारवाहीको कारण सहितको विवरण कारवाही भएको ७ दिनभित्र र धितोपत्र दलाल व्यवसायीहको निरिक्षण विवरण, निरिक्षण गरेको अवस्थामा निरिक्षण समाप्त भएको ३० दिन भित्र बार्ड समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। नेपाल स्टक एक्सचेञ्ज लि.बाट आर्थिक वर्ष २०७४।७५ को लेखा परिक्षण भएको वित्तीय विवरण बोर्डमा ढिलो गरी २०७५।०९।२२ मा प्राप्त भएको छ। साथै, बोर्ड समक्ष पेश गर्नुपर्ने त्रैमासिक प्रतिवेदन आ.व. २०७४।७५ मा सम्पूर्ण त्रैमासको त्रैमासिक विवरण समयमै पेश गरेको छ ।
- **धितोपत्रको केन्द्रीय निक्षेप कम्पनीको विवरण प्रवाहको अनुगमनः** धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ मा भएको व्यवस्था अनुसार केन्द्रीय निक्षेप कम्पनीले आफ्नो संचालनको आन्तरिक लेखा परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ र सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र बोर्ड समक्ष पेश गर्नुपर्ने, आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र लेखा परीक्षण गराउनु पर्ने, लेखा परीक्षण सम्पन्न भएको एक महिनाभित्र वित्तीय विवरण बोर्ड समक्ष पेश गर्नुपर्ने, आफ्नो वार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको छ महिनाभित्र बोर्ड समक्ष पेश गर्नुपर्ने, वार्षिक साधारण सभा सकिएको ३० दिनभित्र उक्त साधारण सभामा प्रस्तुत बिषय तथा भएका निर्णयसहितको विवरण बोर्डसमक्ष पेश गर्नुपर्ने, त्रैमासिक प्रगति प्रतिवेदन त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र, निक्षेप सदस्यलाई कुनै कारवाही गरेमा त्यस्तो कारवाही गरेको सात दिनभित्र सम्बन्धित निक्षेप सदस्यको नाम, कारवाहीको विवरण तथा कारवाही गर्नुपरेको कारणसहितको विवरण र निक्षेप सदस्यको निरीक्षण गरेको अवस्थामा निरीक्षण समाप्त भएको ३० दिनभित्र तत्सम्बन्धी प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्नेमा समीक्षा वर्षमा सिडिएस एण्ड क्लियरिङ्ग लि.बाट आर्थिक वर्ष २०७४।७५ को त्रैमासिक विवरणहरु समयमैं बोर्डमा पेश हुन आएको छ। साथै, उक्त लि. ले बार्षिक प्रतिवेदन समयमैं र लेखापरिक्षण भएको वित्तीय विवरण ढिलो गरी बोर्ड समक्ष पेश गरेको छ।

- **मर्चेन्ट बैंकरको विवरण प्रवाहको अनुगमनः** धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले गरेको धितोपत्र कारोबारसहित नाफा नोक्सान हिसाव, वासलात तथा नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्नेमा आर्थिक बर्ष २०७५।७६ मा १५ मर्चेन्ट बैंकरले वार्षिक प्रतिवेदन समयमै तथा १० मर्चेन्ट बैंकरले ढिलो गरी थप गरिएको समयमा बोर्डमा पेश गरेका छन् । आर्थिक वर्ष २०७५।७६ मा २१ मर्चेन्ट बैंकरले नियमानुसार पेश गर्नुपर्ने प्रथम अर्धवार्षिक विवरण समयमैं तीन मर्चेन्ट बैंकरले ढिलो गरी पेश गरेका थिए तथा एक मर्चेन्ट बैंकले उक्त विवरण थप समय माग गरेको थिए ।

- **क्रेडिट रेटिङ्ग कम्पनीको विवरण प्रवाहको अनुगमनः** क्रेडिट रेटिङ्ग नियमावली, २०६८ मा भएको व्यवस्था बमोजिम प्रत्येक क्रेडिट रेटिङ्ग संस्थाले त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र क्रेडिट रेटिङ्गसम्बन्धी विवरणहरु समावेश भएको त्रैमासिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्नेमा उक्त प्रतिवेदनहरु तोकिएको समयमा बोर्डमा पेश भएको छ ।

- **सामूहिक लगानी कोषको विवरण प्रवाहको अनुगमनः** सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ४२(३) मा व्यवस्था भए बमोजिम प्रत्येक योजना व्यवस्थापकले आफूले संचालन गरेको योजनाको त्रैमासिक प्रतिवेदन प्रत्येक त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र कोष सुपरीवेक्षक तथा बोर्ड समक्ष पेश गर्नुपर्नेमा कोष व्यवस्थापकहरुले प्रत्येक त्रैमासको अन्तिम महिनाको मासिक विवरणलाई नै त्रैमासिक विवरणको रुपमा बोर्ड समक्ष पेश गर्दै आइरहेकोमा बोर्डबाट त्रैमासिक विवरण छुट्टै पेश गर्न निर्देशन दिइएको छ ।

    - सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ४२ (६) मा कोष सुपरीवेक्षकले प्रत्येक अर्धवार्षिक अवधि समाप्त भएको ४५ दिन भित्र कोष सुपरिवेक्षणसम्बन्धी कामको अर्धवार्षिक सुपरीवेक्षकको बोर्ड समक्ष पेश गर्नुपर्ने व्यवस्थानुसार नै आ. व. २०७५।७६ को प्रथम अर्ध वार्षिक प्रतिवेदन एक फण्ड सुपरीवेक्षकको प्रतिवेदन बोर्डमा ढिला गरी प्राप्त भएको तथा दोस्रो अर्ध बार्षिक प्रतिवेदन दुई फण्ड सुपरीवेक्षकहरुको प्रतिवेदन बोर्डमा ढिला गरी प्राप्त भएको छ ।

    - सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ४३ (१) मा व्यवस्था भए बमोजिम योजना व्यवस्थापकले प्रत्येक योजना सम्बन्धी आफूले गरेका कामको विवरणहरु प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र कोष सुपरीवेक्षक र बोर्डलाई जानकारी गराई पत्रिकामा कम्तिमा एक पटक प्रकाशन गर्नुपर्नेमा, सबै योजना व्यवस्थापकबाट उक्त बमोजिमको विवरण प्रकाशन भई बोर्डमा समयमा नै प्राप्त भएको छ ।

- **धितोपत्र दलाल व्यवसायीको विवरण प्रवाहको अनुगमनः** धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (प्रथम संशोधन) नियमावली, २०६४ मा धितोपत्र दलाल व्यवसायीहरुले आफ्नो धितोपत्र कारोबार लगायत नाफा नोक्सान हिसाव, वासलात, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र बोर्डसमक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोले धितोपत्र दलाल व्यवसायीहरुले आश्विन मसान्तसम्म उक्त विवरण पेश गर्न सक्ने छन् । यस्तै धितोपत्र दलाल व्यवसायीहरुले धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (प्रथम संशोधन) नियमावली, २०७४ मा धितोपत्र दलाल व्यवसायीहरुले प्रत्येक त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र त्रैमासिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा सोही अनुसार आर्थिक वर्ष २०७५।७६ को पहिलो त्रैमासमा, ४८ धितोपत्र दलाल व्यवसायीहरुले समयमै उक्त विवरण बुझाएको दुई धितोपत्र दलाल व्यवसायीलाई ध्यानाकर्षण गराएको दोस्रो र चौथो त्रैमासमा सम्पूर्ण ५० धितोपत्र दलाल व्यवसायीले समयमै र तृतीय त्रैमासिक प्रतिवेदन तथा ४८ धितोपत्र दलाल व्यवसायीहरुले समयमै, दुई धितोपत्र दलाल व्यवसायीहरुले ढिलो गरी त्रैमासिक प्रतिवेदन बोर्ड समक्ष पेश गरेका छन् । यस्तै धितोपत्र दलाल व्यवसायीहरुले बोर्ड समक्ष अर्धबार्षिक रुपमा पेश गर्नुपर्ने अनुपालना प्रतिवेदन पहिलो बार्षिक प्रतिवेदन सबै धितोपत्र दलाल व्यवसायीहरुले समयमै पेश गरेको तथा ४९ धितोपत्र दलाल व्यवसायीले समयमै पेश गरेको तथा समयमै पेश नगर्ने एक धितोपत्र दलाल व्यवसायीलाई बोर्डले ध्यानाकर्षण गराएको छ ।

- **सूचीकृत संगठित संस्थाको विवरण प्रवाहको अनुगमनः** धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) बमोजिम बोर्डमा धितोपत्र दर्ता गरेका संगठित संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पाँच महिनाभित्र वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्ने व्यवस्था बमोजिम समीक्षा वर्षमा २१५ सूचीकृत कम्पनीमध्ये पहिलो त्रैमासिक प्रतिवेदन १५३ सूचीकृत संगठित संस्थाले, दोस्रो त्रैमासिक प्रतिवेदन १५१ सूचीकृत संगठित संस्थाले, तेस्रो त्रैमासिक प्रतिवेदन १६३ सूचीकृत संगठित संस्थाले र अन्तिम त्रैमासिक प्रतिवेदन १६६ सूचीकृत संगठित संस्थाले बोर्ड समक्ष पेश गरेका छन् । सूचीकृत संगठित संस्थाको बार्षिक प्रतिवेदन बोर्ड समक्ष प्राप्त हुने क्रममै रहेको छ । विगत पाँच वर्षको अवधीमा सूचीकृत कम्पनीको त्रैमासिक वित्तीय विवरण प्रवाहको अवस्था तालिका ४.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२**
**सूचीकृत संगठित संस्थाहरुको विवरण प्रवाह**

| विवरण | आ.व. २०७१।७२ | आ.व. २०७२।७३ | आ.व. २०७३।७४ | आ.व. २०७४।७५ | आ.व. २०७५।७६ |
|---|---|---|---|---|---|
| पहिलो त्रैमासिक | १७७ | ६४ | १५७ | १४० | १५३ |
| दोस्रो त्रैमासिक | १७५ | १६१ | १४६ | ११८ | १५१ |
| तेस्रो त्रैमासिक | १७५ | १५६ | १४० | १५९ | १६३ |
| चौथो त्रैमासिक | १६२ | १३५ | १३४ | १४० | १६६ |

माथि प्रस्तुत विवरण प्रवाहको प्रवृत्ति हेर्दा सूचीकृत कम्पनीहरुलाई समयमा प्रतिवेदन बुझाउनमा विशेष सतर्क गराई विवरण प्रवाह स्थितिमा सुधार ल्याउनुपर्ने देखिन्छ।

- **सूचीकृत संस्थाहरुको वार्षिक साधारण सभा:** सूचीकृत संगठित संस्थाहरुले आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना भित्र वार्षिक साधारण सभा गराउनुपर्ने व्यवस्था रहेको छ। सूचीकृत संगठित संस्थाको साधारण सभा सम्बन्धी जानकारी बोर्डमा पेश गर्ने गरेका छन्। तालिका ४.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.३**
**सूचीकृत संगठित संस्थाहरुको वार्षिक साधारण सभा सम्बन्धी विवरण**

| विवरण | आ.व. २०७३।७४ | आ.व. २०७४।७५ | आ.व. २०७५।७६ |
|---|---|---|---|
| समयमा वार्षिक साधारण सभा सम्पन्न गर्ने सूचीकृत संगठित संस्थाहरुको संख्या | ३४ | ३२ | ५४ |
| सूचीकृत संगठित संस्थाहरुको कुल संख्या | २०८ | १९६ | २१५ |

## ४.४ लगानीकर्ता प्रशिक्षण तथा तालिम कार्यक्रम

बोर्डद्वारा समीक्षा वर्षमा देशका विभिन्न स्थानहरुमा स्थानीय उद्योग वाणिज्य संघ, शैक्षिक संस्था, सामाजिक संघ संस्थाहरुसँग सहकार्य गरी देशका दुर्गम जिल्लाहरुसहित सातवटै प्रदेशका विभिन्न ठाउँहरुमा कुल ४४ लगानीकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गरी करिब ४,५०० स्थानीय लगानीकर्ता, उद्योगी व्यवसायी, प्राध्यापक तथा बिद्यार्थीहरुलाई पुँजी बजार तथा वस्तु विनियम बजारका विविध पक्षहरुको बारेमा जानकारी प्रदान गरिएको छ। गत तीन आ.व.मा बोर्डले संचालन गरेको लगानीकर्ता सचेतना तथा पुँजी बजारसम्बन्धी प्रशिक्षण कार्यक्रम प्रदेशगत रुपमा तल तालिका ४.४ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.४**
**लगानीकर्ता सचेतना तथा पुँजी बजारसम्बन्धी प्रशिक्षण कार्यक्रम**

| प्रदेश | आर्थिक बर्ष २०७३।७४ | | आर्थिक बर्ष २०७४।७५ | | आर्थिक बर्ष २०७५।७६ | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम संख्या | उपस्थिति | कार्यक्रम संख्या | उपस्थिति | कार्यक्रम संख्या | उपस्थिति |
| प्रदेश १ | ० | ० | ३ | ४६० | ८ | ११०८ |
| प्रदेश २ | ० | ० | ३ | ५१४ | ७ | ८३३ |
| प्रदेश ३ | १ | १२५ | १६ | २१६७ | १० | ११५८ |
| गण्डकी | ५ | ६०० | २ | २०४ | ४ | ५६६ |
| प्रदेश ५ | २ | २४० | २ | ३१२ | १ | ११६ |
| कर्णाली | ७ | ८५० | ० | ० | १ | ८७ |
| सुदुर पश्चिम | ६ | ७५० | ५ | ७१३ | ३* | ३४० |
| बोर्ड कार्यालयमा संचालित पाक्षिक लगानीकर्ता प्रशिक्षण | - | - | - | - | १० | ३३५ |
| **जम्मा** | २१ | २५६५ | ३१ | ४३७० | ४४ | ४५४३ |

*नेपाल स्टक एक्सचेञ्जको आयोजना र बोर्डको सहआयोजनामा संचालित कार्यक्रम संख्या तीन

### ४.५ छलफल तथा अन्तरक्रिया कार्यक्रम

बोर्डले समीक्षा बर्षमा पुँजी बजारको दिगो एवं विश्वसनीय विकासका लागि यस क्षेत्रका सम्बद्ध पक्ष अर्थ मन्त्रालय, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., इक्रा नेपाल लि., नागरिक लगानी कोष, धितोपत्र व्यवसायीहरु, लगानीकर्ता संघहरु, लगानीकर्ताहरु तथा पत्रकारहरुसँग समीक्षा अवधिमा विभिन्न विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गरेको छ। समीक्षा वर्षमा सम्पन्न भएका छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु सम्बन्धी विवरण तालिका ४.५ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.५**
**धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी अन्तरक्रिया कार्यक्रम**

| मिति | कार्यक्रमको बिषय | सहभागी |
|---|---|---|
| २०७६।०४।३१ | विशिष्टीकृत लगानी कोषको मस्यौदामा छलफल कार्यक्रम | १०० |
| २०७६।०५।२२ | महिला न्यायधिश तथा वकिलहरुको लागि धितोपत्रको कानुनी व्यवस्था सम्बन्धी छलफल तथा अर्न्तक्रिया | ९० |
| २०७५।०६।१७ | विश्व लगानीकर्ता सप्ताहको २०१८ अवसरमा धितोपत्र तथा वस्तु विनिमय बजारसंग सम्बन्धित सरोकारवालाहरुसंग छलफल तथा अर्न्तक्रिया | करिब ४०० |
| २०७५।१०।२६ | न्यायधिश तथा वकिलहरुको समूह, नेपाल सर्वोच्च अदालत बारसंग पुँजी बजार सम्बन्धी छलफल तथा अर्न्तक्रिया | १५० |
| २०७५।११।१३ | स्थायी लेखा नं. (प्यान)को बिषयमा सरोकारवालाहरुसंग छलफल तथा अर्न्तक्रिया | १२५ |
| २०७६।०३।१३ | विशिष्टीकृत लगानी कोषको नियमन तथा संचालन सम्बन्धी छलफल तथा अर्न्तक्रिया | ८५ |

### ४.६ तालिम तथा सेमिनार

आर्थिक वर्ष २०७५।७६ मा बोर्डले कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि बोर्ड सदस्य, उच्च व्यवस्थापन तथा विभिन्न कर्मचारीहरुलाई APG ले आयोजना गरेको Accessor Training, APG Seoul Wokshop 2018, The Toronto Center and the Monetary Authority of Singapore ले संयुक्त रुपमा आयोजना गरेको 12th Regional Leadership Programme for Securities Regulator, 14th ASF Tokyo Round Table, GEM Committee Annual Meeting and Conference, OECD ले आयोजना गरेको Advancing Financial Literacy Globally; Implementation and Innovation, AMF France 2018 International Seminar, APEC FRTI ले आयोजना गरेको Regional Seminar on Enhancing Listing, Liquidity and Investor Participation in Emerging Markets Stock Exchanges - Cambodia, Regional Seminar on Enforcement and Litigation - Sri Lanka, Regional Seminar on Fintech and Cybersecurity - South Korea, Regional Seminar on Development of Collective Investment Scheme and Implications of Emerging Trends – Cambodia, IOSCO ले आयोजना गरेको Assessment Committee Capacity Building Workshop for Self Assessment, Workshop on Crypto-Assets: Trends, Challenges and Regulatory Implications, 2019 IOSCO Seminar Training Programme - Protecting the Retail Investors: A Securities Regulators Perspective, 2019 IOSCO/PIFS-Harvard Law School Global Certificate Programme for Regulators of Securities Markets, IOSCO Asia Pacific hub, strenghthening cyber securities लगायतका अन्तर्राष्ट्रिय स्तरमा आयोजित सेमिनार तथा तालिम कार्यक्रमहरु 44th Annual International Futures Industry Conference - BOCA, 29th Annual International Institute for Securities Market Growth and Development - USA, 2019 FATF/Money Val Joint Experts Meeting and the US Presidency Initiative on Prosecutors and Judges - Isrial, Asia Pacific Forum 2019, IMF Legal Department and Institute for capacity development, implementing the international anti money laundering combacting the financiaing of terrorism standardrs - Singapore, तथा NISM India बाट आयोजना भएको An Overview of Securities Markets' for Officers of SEBON बोर्डले सहभागी गराएको छ। साथै बोर्डले कानुन प्रवलीकरण, वित्तीय साक्षरता, सुपरिवेक्षण, नियम पालना तथा अनुगमन जस्ता विषय वस्तुहरुमा समेत अन्तर्राष्ट्रिय स्तरमा आयोजित कार्यक्रममा बोर्डका पदाधिकारी तथा कर्मचारीहरुलाई सहभागी गराएको छ। बोर्डले समीक्षा वर्षमा वस्तु विनिमय बजारको नियमन जिम्मेवारीलाई प्रभावकारी रुपमा पूरा गर्न बोर्ड कर्मचारीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले भारतको कमोडिटी डेरिभेटिभ्स बजार संचालक एमसिएक्स-इण्डियाको प्राविधिक सहयोगमा कमोडिटी डेरिभेटिभ्स बजार विषयक दुई दिने अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो।

## ४.७ प्रकाशन तथा जानकारी प्रवाह

बोर्डले धितोपत्र बजारको स्थिति तथा सर्वसाधारणमा धितोपत्र बजार सम्बन्धी चेतनाको स्तर अभिवृद्धि गर्ने उद्देश्यले बोर्डले हालसाल विभिन्न सूचना तथा जानकारीमूलक सामग्रीहरुको प्रकाशन तथा जानकारी प्रवाहमा विशेष जोड दिदै आएको छ। यस अनुसार समीक्षा वर्षमा बोर्डले यस कार्यलाई अझ तिव्रताका साथ अघि बढाएको छ।

- **धितोपत्र तथ्याङ्क व्यवस्थापन प्रणालीः** बोर्डले सूचीकृत कम्पनीहरुको बार्षिक प्रतिवेदनमा समावेश तथ्यांकहरु तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रका पुँजी बजार तथा अर्थतन्त्रसँग सम्बन्धित तथ्यांकहरु संकलन गरी धितोपत्रको केन्द्रीय तथ्याङ्क बैंक स्थापना गरिएकोमा उक्त प्रणालीमा रहेका विवरणहरु अध्यावधिक गरी सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइएको छ। यस प्रणालीबाट धितोपत्र बजारमा लगानी गर्न चाहने सर्वसाधारण लगानीकर्ताहरुले आफुले लगानी गर्न चाहेको सूचीकृत संगठित संस्थाहरुको वित्तीय विवरण प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ। यस व्यवस्थाबाट पुँजी बजार सम्बन्धी अध्ययन तथा अनुसन्धानकर्ताहरुलाई समेत आवश्यक तथ्यांक तथा जानकारी उपलब्ध हुने गरेको छ।
- **वार्षिक प्रतिवेदनः** धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २६ ले गरेको व्यवस्था अनुसार धितोपत्र बजारमा भएका कामकारवाही, गतिविधि र बजार विकासका लागि भएका प्रयासहरु समावेश गरी बोर्डले आर्थिक वर्ष २०७४।७५ को वार्षिक प्रतिवेदन (अङ्ग्रेजीमा समेत) प्रकाशन गरेको छ।
- **नेपाल धितोपत्र बोर्ड, एक परिचयः** बोर्ड स्थापनाका उद्देश्यहरु, बोर्डको काम, कर्तव्य र अधिकार, कार्यक्षेत्र तथा रणनीति, सञ्चालक बोर्ड तथा संगठनात्मक स्वरुपका साथै धितोपत्र बजारको जानकारीका साथै बोर्डले बजारको विकास तथा विस्तारका लागि चालेका कदमहरुको समेत जानकारी दिने उद्देश्यले बोर्डले नेपाल धितोपत्र बोर्ड, एक परिचयको तेस्रो संस्करण प्रकाशन गरेको थियो। यस अघि सोही पुस्तक २०७३ मंसिरमा प्रथम प्रकाशन (१००० प्रति) र दोस्रो संस्करण २०७३ माघमा प्रकाशन (२००० प्रति) भएको थियो। उक्त एक परिचयमा अध्यावधिक गरी यस आ.व.मा पनि पुनः प्रकाशन गरेको छ।
- **नेपाल धितोपत्र बोर्ड समाचार प्रकाशनः** बोर्डको गतिविधिहरुलाई सर्वसाधारणसमक्ष जानकारी प्रवाह गर्ने उद्देश्यले २०७३ पौष देखि नेपाल धितोपत्र बोर्ड समाचारको प्रकाशनलाई निरन्तरता दिइएको छ। आर्थिक वर्ष २०७५।७६ मा उक्त समाचारलाई द्वैमासिक रुपमा विभिन्न अङ्कहरुको प्रकाशन गरी सर्वसाधारण तथा सरोकारवालालाई वितरण गरिएको छ।
- **Quarterly Securities Market Indicators:** धितोपत्र बजारको अवस्था, धितोपत्र बजारको विकास तथा विस्तारका लागि बोर्डले चालेका पहलहरुको सन्दर्भमा त्रैमासिक रुपमा सर्वसाधारण लगानीकर्ता तथा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्ने उद्देश्यले आर्थिक वर्ष २०७३।७६ बाट प्रकाशन शुरुवात गरिएको Quarterly Securities Market Indicators लाई समीक्षा वर्षमा समेत निरन्तरता दिदै यस प्रकाशनको नवौं अङ्कसम्म प्रकाशन गरी सम्बन्धित पक्षहरुलाई वितरण गरिएको छ।
- **धितोपत्र बजार तथा वस्तु विनिमयबारे बारम्बार सोधिने प्रश्नहरुः** सर्वसाधारणलाई धितोपत्र तथा वस्तु विनिमय बजारका विविध पक्षहरुको बारेमा प्रश्नोत्तर शैलीमा जानकारी दिई पुँजी बजारमा अभिरुचि तथा साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले समीक्षा वर्षमा धितोपत्र बजार तथा वस्तु विनिमयबारे बारम्बार सोधिने प्रश्नहरुको संस्करणलाई अझ व्यवस्थित र विस्तृत रुपमा परिमार्जन गरी प्रकाशन गरेको छ।
- **आर्थिक वर्ष २०७६।७७ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रममा छलफल तथा प्रकाशनः** बोर्डले आर्थिक वर्ष २०७६।७७ मा अबलम्बन गरिने धितोपत्र तथा वस्तु विनियम बजारसम्बन्धी नीति तथा कार्यक्रमलाई सार्वजनिक गरी बजार विकास तथा विस्तारप्रति बोर्डलाई जवाफदेही तथा पारदर्शी बनाउने उद्देश्यले समीक्षा वर्षमा मिति २०७६ आषाढ ३ मा सम्पूर्ण सम्बद्ध पक्षहरुलाई संलग्न गराई धितोपत्र बजारसम्बन्धी प्रस्तावित नीति तथा कार्यक्रमका सम्बन्धमा अन्तरक्रिया गरी प्राप्त राय/सुझावहरुलाई समेत समावेश गरी आगामी वर्ष अर्थात आर्थिक वर्ष २०७६।७७ को धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रमको प्रकाशन गरी सार्वजनिक गरेको छ।
- **बोर्डको २७औं बार्षिकोत्सव प्रकाशनः** बोर्डको २७ औं बार्षिकोत्सवको अवसरमा बोर्डले धितोपत्र बजार सम्बन्धी विभिन्न नयाँ अध्ययन सामग्रीहरु प्रकाशन गरेको छ।
  - धितोपत्र बजार सम्बन्धी विभिन्न लेख रचना समावेश गरिएको "नेपाल धितोपत्र बोर्ड समाचार पुँजी बजार लेख विशेषाङ्क, २०७६"
  - धितोपत्र तथा वस्तु बजारसम्बन्धी विशेष कानुनी संग्रह, २०७५ अंग्रेजीमा

- धितोपत्र तथा वस्तु विनिमय बजार विकास तथा सुधारका आयामहरु

- **सचेतनामूलक सामाग्रीहरु**: धितोपत्रमा लगानी गर्दा के कस्ता बिषयहरुमा ध्यान दिनु पर्छ भन्ने सम्बन्धमा लगानीकर्तालाई जानकारी दिनुका साथै सचेत गराउने उद्देश्यले धितोपत्रमा लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरु समेटी बोर्डले पर्चा, पम्पलेट प्रकाशन गरी वितरण गरेको छ। साथै, बोर्डको वेबसाइट, बिभिन्न राष्ट्रिय पत्रपत्रिका, टेलिभिजन लगायतका सञ्चार माध्यम मार्फत सचेतनामूलक सामाग्रीहरु प्रकाशन तथा प्रशारण गर्ने कार्यलाई बोर्डले निरन्तरता दिएको छ। त्यस्तै, बोर्डले सर्वसाधरण एवं लगानीकर्ताको धितोपत्र बजार सम्बन्धी जिज्ञासालाई समाधान गर्न धितोपत्र बजारमा बारम्बार सोधिने प्रश्नहरुको सँगालो तथा धितोपत्र बजारमा बारम्बार प्रयोग हुने शब्दहरुलाई समेटेर धितोपत्र बजार शब्दावली पुस्तिका प्रकाशन गरी वितरण गरेको छ।

- **वेबसाइट**: धितोपत्र बजारका विविध पक्षहरु सम्बन्धमा सम्वद्ध पक्षहरुलाई निरन्तर रुपमा जानकारी उपलब्ध गराउने उद्देश्यले धितोपत्र बजारसँग सम्बन्धित ऐन, नियम तथा निर्देशिकाहरु, बोर्डको परिचय, बोर्डको वार्षिक प्रतिवेदन र बोर्डमा गुनासो दिने ढाँचाका साथै सरोकारवाला तथा लगानीकर्ताहरुका लागि जानकारी, सूचना तथा चेतनामूलक सामाग्रीहरु समावेश गरी बोर्डले तयार गरेको वेवसाइटलाई अझ विस्तृत बनाएको छ। बोर्डले धितोपत्र बजार, धितोपत्र ब्यवसायी तथा सूचीकृत संगठित संस्थाहरुको ऐन नियमको पालनाको स्थिति सम्बन्धी विवरण एवं विस्तृत जानकारी समेत वेबसाइटमा समावेश गरेको छ।

## ४.८ अध्ययन तथा अनुसन्धान

धितोपत्र बजारको विकास तथा विस्तारको लागि अध्ययन तथा अनुसन्धानमा आधारित नीति निर्माण तथा निर्देशन जारी गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा बोर्डबाट समीक्षा वर्षमा वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका अध्ययन तथा अनुसन्धान कार्यहरु भएका छन्।

- धितोपत्र बजारमा स्थायी लेखा नम्बर (प्यान) को व्यवस्था सम्बन्धमा गरिएको अन्तरक्रिया/छलफल कार्यक्रमसम्बन्धी अध्ययन प्रतिवेदन, २०७५
- पाक्षिक लगानीकर्ता प्रशिक्षण कार्यक्रमको पृष्ठपोषण सर्वेक्षण अध्ययन प्रतिवेदन, २०७५
- धितोपत्र बजारको वर्तमान अवस्था, बजारसम्बन्धी नेपाल सरकारको नीति कार्यक्रम र बजार सुधारका लागि बोर्डको तत्कालीन तथा मध्यकालीन सुझाव, २०७५
- धितोपत्र बजारको संरचनात्मक सुधार गर्न नेप्सेको कर्पोरेटाइजेसन र नयाँ स्टक एक्सचेन्जसम्बन्धी अवधारणा पत्र, २०७५

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ५ (क)मा भएको व्यवस्था अनुसार नेपाल सरकारबाट माग भए बमोजिम धितोपत्र बजारको वर्तमान अवस्था, बजार विकास तथा विस्तारको लागि निम्नलिखित विषयमा बोर्डको राय तथा सुझाव पेश गरेको छ।

- आर्थिक सर्वेक्षण २०७५।७६ को लागि धितोपत्र बजार सम्बन्धी आवश्यक विवरणहरु तयार गरी पेश गरिएको छ।
- वित्तीय क्षेत्र विकास रणनीतिमा उल्लेखित कार्यको कार्यान्यवन स्थिति तथा कार्ययोजनाको खाका सम्बन्धमा वित्तीय क्षेत्र विकास रणनीति कार्यान्वयन समितिलाई अवगत गराउँदै नेपाल राष्ट्र बैंक र वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालयमा पेश गरेको छ।
- राजस्व व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालयमा धितोपत्र बजार सम्बन्धमा राजस्व तथा कर नीति सम्बन्धी विस्तृत सुझाव पेश गरेको छ।
- बोर्डले आ.व. २०७६।७७ मा नेपाल सरकारको नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने धितोपत्र बजार सम्बन्धी विषयवस्तुहरु तयार गरी अर्थ मन्त्रालयमा पेश गरेकोमा सोही अनुसार आ.व. २०७६।७७ को नेपाल सरकारको बजेट वक्तव्यमा समावेश भएको।
- साथै, बोर्डले आ.व. २०७६।७७ को मौद्रिक नीतिका सम्बन्धमा धितोपत्र बजार सम्बन्धी राय सुझाव नेपाल राष्ट्र बैंकलाई दिएको।

# भाग-पाँच
# धितोपत्र बजार तथा वस्तु विनिमय बजार विकास तथा सुधारसम्बन्धी समस्या तथा चुनौतीहरु

बोर्डले धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास तथा सुधार सम्बन्धमा देखिएका समस्या तथा चुनौतीहरुलाई क्रमशः समाधान गर्दै बजारलाई स्वच्छ र पारदर्शिताको लागि आवश्यक व्यवस्थाहरु विकास गर्दै लगेको छ। यस क्रममा समीक्षा अवधिमा नेपालको धितोपत्र बजारको विकास र सुधार सम्बन्धमा बोर्डले महत्वपूर्ण संरचनात्मक सुधार कार्यहरु गरेको छ भने वस्तु विनिमय बजारलाई नियमनको दायरामा ल्याएको छ।

प्राथमिक बजारमा आस्वा प्रणालीको सफल कार्यान्वयन एक नेपाली एक डिम्याट खाता, आयोजना प्रभावित क्षेत्र स्थानीयलाई डिम्याट खाता खोल्नका लागि भएको प्रोत्साहनमूलक व्यवस्था तथा बोर्डले देशव्यापी रुपमा सञ्चालन गरेको लगानीकर्ता प्रशिक्षण कार्यक्रम लगायतका कारणबाट लगानीकर्ताको संख्यामा व्यापक वृद्धि भएको देखिन्छ। पछिल्लो समय धितोपत्र बजारको पहुँच उपत्यकाबाहिर समेत विस्तार हुने क्रम बढेको, लगानीका वैकल्पिक साधनहरु भित्रिने कानुनी वातावरण तयार भएको, स्वचालित अनलाइन कारोबार प्रणाली लागू भएको, नेपालमा स्थापित पब्लिक कम्पनीहरुले विदेशी बजारमा धितोपत्र जारी गर्ने तथा एनआरएनले प्राइभेट इक्विटी, भेञ्चर क्यापिटलजस्ता उपकरणबाट पुँजी बजारमा लगानी गर्न सक्ने व्यवस्थाबाट नेपालको धितोपत्र बजार पनि क्रमशः देशव्यापी, प्रविधिमैत्रीं एवं लगानीकर्तामैत्रीं भई आधुनिकीकरणतर्फ उन्मुख हुँदै गइरहेको छ।

बोर्डबाट गरिएका सुधारका विविध प्रयासका बाबजुद बजारलाई अझ स्वस्थ, पारदर्शी, भरपर्दो, प्रतिस्पर्धी एवं लगानीकर्तामैत्री बनाई स्तरोन्नति गर्दै लैजाने चुनौती भने कायमै रहेको छ। यसै क्रममा धितोपत्र बजारको विकास र सुधार सम्बन्धमा नीतिगत, प्रविधि, संस्थागत, कानुनी संरचना इत्यादिको सम्वन्धमा मुख्यतः देहाय अनुसारका समस्या तथा चुनौतीहरु रहेका छन्।

## क) धितोपत्र बजार विकास तथा सुधारका समस्या तथा चुनौती

धितोपत्र बजार सुधार तथा विकासमा बोर्डबाट विभिन्न सुधारका कार्यहरु गरिएतापनि यस बजारको दिगो तथा स्थायी विकासका लागि देहाय बमोजिमका समस्या तथा चुनौतीहरु रहेका छन्ः

- पुँजी बजारमा स्पष्ट नीतिगत व्यवस्था गरी बजारको स्थिर र दीर्घकालीन विकासको अवधारणामार्फत् बजारको दिगो विकास गर्ने।
- बजारको स्थायित्व एवं दीर्घकालीन विकासका लागि सिडिएस र सामूहिक लगानी कोषलाई सुदृढ रुपमा व्यवस्थित गर्न ट्रष्ट ऐन तथा अन्य सम्बन्धित ऐनहरु तर्जुमा गरी कानुनी हिसाबले संरचनात्मक सुधार गर्ने।
- बोर्ड तथा धितोपत्र बजार सहभागीको संस्थागत क्षमता अभिवृद्धि गर्दै संघीय, प्रादेशिक ढाँचा अनुसार क्रमशः देशभर सञ्जाल विस्तार गर्दै लैजाने।
- धितोपत्र बजार सहभागीहरुको काम कारवाहीलाई अझ स्तरीय, व्यवसायिक र प्रतिस्पर्धी बनाउने चुनौती छ। साथै बोर्डको संगठनात्मक संरचनालाई समयसपेक्ष बनाउँदै धितोपत्र बजारमा योग्य, दक्ष एवं प्रतिस्पर्धी एवं भरपर्दो जनशक्तिलाई आर्कषित गर्न तथा विद्यमान जनशक्तिलाई निरन्तरता दिने कार्यका साथै धितोपत्र व्यवसायीहरुमा कर्मचारी वृत्ति विकास योजना तथा उत्तराधिकारी योजना तर्जुमा गराई कार्यान्वयन गराउने।
- धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ बमोजिम पूर्ण सरकारी स्वामित्वमा रहेको नेपालको धितोपत्रको दोस्रो बजार संचालक नेपाल स्टक एक्सचेन्ज लि. को संरचनात्मक सुधार गरी प्रतिस्पर्धी एवं व्यवसायिक बनाउनुका साथै उक्त लि. ले कार्यान्वयनमा ल्याएको स्वचालित कारोबार प्रणालीमा देखिएका समस्याहरूलाई निराकरण गरी यसलाई प्रभावकारी, भरपर्दो र विश्वासिलो बनाउने।
- धितोपत्र बजारलाई थप व्यवसायिक एवं प्रतिस्पर्धात्मक बनाउन धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ को मर्म बमोजिमको निजी क्षेत्रमा नयाँ स्टक एक्सचेन्ज स्थापनालाई सहजीकरण गर्ने।
- धितोपत्रको दोस्रो बजारलाई आर्थिक तथा व्यापारिक रुपमा सक्रिय र वित्तीयरुपमा सक्षम जिल्लाहरुमा क्रमशः विस्तार गर्दै देशव्यापी रुपमा विस्तार गर्ने।

- नेप्सेकै सहायक कम्पनीको रुपमा स्थापित सिडिएस एण्ड क्लियरिङ्ग लि.को स्वामित्वमा संरचनात्मक परिवर्तन गरी सुधार गर्ने तथा नेप्सेको प्रणालीमा बारम्बार समस्या आईरहेकोले सो लाई समस्यारहित तथा अन्तर्राष्ट्रिय स्तरको बनाउने ।
- नियमन तथा सुपरिवेक्षण जिम्मेवारीमा भएको वृद्धिलाई दृष्टिगत गरी यसको प्रभावकारी सुपरिवेक्षण गर्न बोर्डको नियमन र सुपरिवेक्षण क्षमता अभिबृद्धि गरी संचालन स्वायत्तता प्राप्त गर्दै जाने कार्य ।
- नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत जलविद्युत सम्बन्धी विद्यामान कानुनमा विद्युत आयोजना संचालन अनुमतिको समयावधि ३०/३५ वर्षमा सकिएपछि हुने स्वामित्व हस्तान्तरणले सेयरधनीहरुमा पर्ने प्रभावका सम्बन्धमा हाल सम्म पनि स्पष्ट व्यवस्था नहुँदा जलविद्युत् क्षेत्रको लगानीको स्वामित्व अनिश्चिततासम्बन्धी जोखिमलाई न्यूनीकरण गर्ने र सो का सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गर्ने ।
- गैर आवसीय नेपाली तथा विदेशी संस्थागत लगानीकर्ताहरुलाई धितोपत्रको दोस्रो बजारमा प्रवेश गराउन आवश्यक भएको, स्टक एक्स्चेन्ज र दलाल व्यवसायी क्षेत्रमा पनि विदेशी प्रविधि र लगानी भित्र्याई प्रतिस्पर्धी तथा व्यवसायिक क्षमता अभिवृद्धि गर्न आवश्यक देखिएको सन्दर्भमा धितोपत्र वजारमा विदेशी प्रविधि र पुँजी भित्र्याई दोस्रो बजारको संरचनात्मक तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने ।
- धितोपत्र बजारमा स्थायित्व ल्याई व्यवस्थित गर्न महत्वपूर्ण भूमिका खेल्ने संस्थागत लगानीकर्ताहरुको हाल सहभागिता हुन नसकिरहेको सन्दर्भमा सञ्चयकर्ताको मुख्य दायित्व बोकेको नागरिक लगानी कोष जस्ता संस्थाका सहायक कम्पनीमार्फत् विशेषज्ञ धितोपत्र व्यवसायी सेवाको व्यवस्था गर्ने तथा विदेशी लगानीलाई संस्थागत लगानीकर्ताको रुपमा भित्र्याउने ।
- ऋणपत्र बजार (सरकारी तथा कर्पोरेट) को विकास एवं इक्विटी डेरिभेटिभको उपकरणको दोस्रो बजार विकास गरी प्रभावकारी बनाउने ।
